


• वर्ष १३ • अंक १७ • SAPTAHIK • Nepali National Weekly • Friday, Sep. 7, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-



# "मन त मेरो नेपाली हो"

—प्रशान्त तामाङ

• दार्जीलिङबाट विदुर खतिवडा

*'इमोन र अमितको तुलनामा आफूलाई कमजोर नसम्झनु जावेद अख्तर र अनु मलिकलाई गोर्खालीको परिचय दिनु।'*

गत सोमबार दार्जीलिङस्थित नर्थ प्वाइन्टमा आयोजित विशेष समारोहमा कार्यक्रम सञ्चालक इन्डियन आइडलको उत्कृष्ट तेस्रो स्थान हासिल गर्न सफल प्रशान्त तामाङलाई यही कवितामार्फत अझै अघि बढ्न प्रेरित गरिरहेका थिए। 'इन्डियन आइडल बन्ने मेरो चाहना अब नजिक आइपुगेको छ, आजको यो विशाल कार्यक्रमले मलाई अझै हौसला प्रदान गरेको छ।' नर्थप्वाइन्टस्थित पचासौं हजार दर्शक उपस्थित उक्त समारोहमा साप्ताहिक प्रतिनिधिसँग कुराकानी गर्दै प्रशान्तले भने- 'विश्वभरका नेपालीहरूले दिएको मायाकै कारण यो सफलता पाएको हो र आगामी दिनमा पनि यस्तै मायाको अपेक्षा राखेको छु।'

भारतीय टेलिभिजन च्यानल सोनीको आयोजनामा सञ्चालन भैरहेको इन्डियन आइडलको तेस्रो श्रृङ्खलामा प्रशान्तको अबको लडाइँ उत्कृष्ट एक अर्थात् इन्डियन आइडलकै लागि हो, सोनी च्यानलकै आयोजनामा दार्जीलिङ आइपुगेका प्रशान्तले साप्ताहिकसँग विशेष कुराकानीका क्रममा बताए। (**वार्ताको सारसंक्षेप हेर्नुस बक्समा**)

दार्जीलिङ आउने क्रममा सोमबार बिहानै सिलिगुढीस्थित न्यू जलपाइगुडी (एनजीपी) रेल्वे स्टेसनमा आइपुग्दा उनलाई हजारौं दर्शकले घेरिसकेका थिए। बिहान आठ बजे एनजीपी स्टेसनमा '२३४३ दार्जीलिङ मेल' (रेल) निर्धारित समयमै आइपुग्न लागेको जानकारी दिएपछि एकाएक प्रशान्तको स्वागतका निम्ति हजारौंको भीड लागेको थियो। भीडकै कारण प्रशान्तको परिवारलाई समेत उनको स्वागत गर्न गाह्रो भएको थियो। 'दार्जीलिङको सान, प्रशान्त तामाङ' यो नारा सबैभन्दा बढी पटक प्रयोग भएको थियो। हँसिलो अनुहारका धनी प्रशान्तप्रति नेपालीले मात्र होइन, सिलिगुढीका बंगालीहरूले समेत उत्तिकै माया दर्साएका थिए। त्यसपछि दार्जीलिङ जाने क्रममा सिलिगुढी सिंगलिला पार्क, सुकना, तीनधरिया, गैयाबारी, खर्साङ, तुङ्ग, घुम, जोरबंगला आदि स्थानमा उनको भव्य स्वागत गरिएको थियो। 'यति ठूलो सम्मान विरलै व्यक्तित्वले पाएका छन्,' दार्जीलिङ विधायक परिषद्का विधायक तेन्जिङ खम्बा भन्दै थिए- 'प्रशान्त इतिहास रच्न सफल भएका छन्।'

सिलिगुढीदेखि दार्जीलिङसम्म प्रशान्तसँगै सयौं सवारी साधनको ताँती लागेको थियो। गाडीमा नेपाली टोपी र रातो सर्ट लगाएर उभिएका प्रशान्तलाई हेर्न दर्शकको उत्सुकता तीव्र देखिन्थ्यो। प्रशान्तको स्वागतकै क्रममा सिलिगुढीका छ वर्षका जुम्ल्याहा दिदीबहिनी लसाङ्ग र केसाङ्गले उनलाई भेट्न विद्यालय छोडेको बताउँदा सबै भावविह्वल बन्न पुगे। भीडकै कारण उनी चढेको गाडी खर्साङ आएपछि बिग्रिएको थियो। पहिले चढेको गाडी खुला भएकाले सबैले देख्न पाए पनि दोस्रो गाडी त्यस्तो नभएकाले प्रशान्तलाई देखिएन भनेर स्थानीय व्यक्तिहरू रुष्ट भएको प्रशान्तकी काकी शकुन्तला तामाङले बताइन्।

प्रशान्तले दार्जीलिङस्थित आफू पढेको विद्यालय सेन्ट रोबर्ट स्कुल, चौरस्ता र नर्थ प्वाइन्टमा आयोजित समारोहमा विशेष सहभागिता जनाएका थिए। सिलिगुढीबाट दार्जीलिङ आइपुग्न नै आठ घण्टा लागेको यो यात्राका क्रममा प्रशान्तको सुरक्षाका निम्ति विशेष सुरक्षाकर्मीको व्यवस्था गरिएको थियो। लाखौं दर्शकले देखाएको उनीप्रतिको मोह हेर्दा प्रशान्त लगभग अहिले नै इन्डियन आइडल बनिसकेका छन्। 'अहिले चलिरहेको यो प्रतियोगिता केवल एउटा औपचारिकता मात्र हो', दार्जीलिङ पार्वत्य परिषद्का सदस्य तेन्जिङ खम्बाले भने- 'प्रशान्तलाई जिताउन भारत र

बाँकी पृष्ठ १५ मा





## प्रशान्तसँग साप्ताहिकको विशेष वार्ता

### नेपाललाई धेरै मिस गरेको छु

**दार्जीलिङले गरेको यो भव्य स्वागतबाट कस्तो महसुस गरिरहनुभएको छ ?**

आज औपचारिक स्वागत कार्यक्रममा सरिक हुने मौका पाएर सम्पूर्ण नेपालीले मलाई गरेको मायाका बारेमा प्रत्यक्ष जान्ने मौका पाएको छु। आजको जस्तो खुसी जीवनमै कहिल्यै लागेको थिएन, तर अगाडिदेखि नै उहाँहरूले मलाई साथ दिनुभएकाले नै आज म यो ठाउँमा पुग्न सफल भएको हुँ।

**तपाईंले सोच्नुभएको थियो कुनै दिन यस्तो सम्मान पाउँछु भनेर ?**

थिएन, म आफूले सोचेभन्दा धेरै माथि पुगिसकेको छु, मुख्य कुरा सम्पूर्ण नेपालीको गौरव हुन पाएको छु। विश्वभरका नेपालीहरूको मायाकै कारण मैले निरन्तर सफलता प्राप्त गर्दै गएको छु।

**अबको प्रशान्त तामाङको भविष्य कस्तो देख्नुहुन्छ ?**

मैले अहिले नै भविष्यका बारेमा सोचेको छैन, मेरा लागि पहिलो लक्ष्य नै इन्डियन आइडलको उपाधि जित्नु हो।

**इन्डियन आइडल बन्ने कुरामा तपाई आफू कत्तिको विश्वस्त हुनुहुन्छ ?**

यति धेरै माया पाइरहेकाले त्यसलाई पूरा गर्न पनि मैले इन्डियन आइडल बन्नैपर्छ। मैले पनि यसका लागि सक्दो मेहनत गरिरहेको छु। अब त्यो लक्ष्य पूरा हुन धेरै टाढा छैन, लगभग निश्चित छ।

**इन्डियन आइडलमा तपाईंको बलियो प्रतिद्वन्द्वी को हो ?**

मेरा लागि अमित बलियो प्रतिद्वन्द्वी हो, तर पनि मेरो पछाडि तपाईंहरूको धेरै-धेरै माया छ, त्यसैले मलाई इन्डियन आइडल बन्न गाह्रो छैन।

**इन्डियन आइडलमा नेपाली मूलको भएकाले तपाईंलाई उपाधि जित्न नदिने षड्यन्त्र हुने सम्भावना कत्तिको देख्नुभएको छ ?**

नेपाली भएकाले नै उपाधि जित्न नदिने भन्ने हुँदैन। उहाँहरूले छनौट गरेकै आधारमा म उत्कृष्ट १० भित्र पर्न सफल भएको हुँ। यसकारण तपाईंले भनेजस्तो षड्यन्त्र हुने आधार मैले देखेको छैन। नत्र यति माथीसम्म आइपुग्न नै गाह्रो हुन्थ्यो।

**अन्य प्रतिस्पर्धीको तुलनामा आयोजकले तपाईंलाई कमै वास्ता गरेको देखिन्छ नि ?**

मलाई त्यस्तो लाग्दैन, प्रतियोगितामा पनि सबैको मन जित्न सफल व्यक्ति म नै हुँ। त्यसकारण सबैले मलाई माया गर्नुहुन्छ। तुलनात्मक रूपमा पहिलेभन्दा अहिलेको सम्बन्ध धेरै राम्रो छ। म चुप लागेर बस्ने भएकाले साथीहरू पनि मसँग डराउँथे।

**निर्णायकहरूमध्ये तपाईंलाई कसले धेरै माया गर्छन् ?**

सबैले गर्नुहुन्छ, उदित नारायण सा'बले अलि बढि माया गर्नुहुन्छ।

**अहिले नेपालमा जुन प्रकारको जातीय द्वन्द्व चर्किरहेको छ, त्यस विषयमा तपाईंले कत्तिको बुझ्नुभएको छ ?**

मलाई यस विषयमा त्यति धेरै जानकारी छैन, तर प्रशान्त तामाङका लागि जसरी विश्वभरका नेपालीको

बाँकी पृष्ठ १५ मा

# नेपालमा के हुँदैछ



**दीप प्रज्वलन तथा व्रत**

तेस्रो इन्डियन आइडल प्रतियोगितामा प्रशान्त तामाङ टप थ्रीमा पुग्न सफल भएको खुसीयालीमा गाईघाटमा विभिन्न कार्यक्रम सम्पन्न भए। गाईघाटको बोक्सेचोकमा शनिबार दीप प्रज्वलन गरी शुभकामना र्‍याली निकालियो। बोक्से र गाईघाटका सर्वसाधारणहरूले प्रशान्तका तस्बिरहरू घरको भित्तामा टाँगी 'तिमी नेपालीका सान हौ, तिमी इन्डियन आइडल बन्छौ' जस्ता शुभकामना लेखेका छन्। यस्तै दार्जीलिङ स्थायी घर भै हाल गाईघाटमा शिक्षण पेसामा कार्यरत शिक्षक मनोज सुब्बाले प्रशान्तलाई इन्डियन आइडल बनाउनकै लागि आफ्नो ६ महिनाको तलब झन्डै १८ हजार रुपैयाँको भोट गर्ने भएका छन्। उनी १८ हजार रुपैयाँसहित बुधबार नै दार्जीलिङतर्फ प्रस्थान गरेका छन्। प्रशान्तलाई माया गर्ने र भोट गर्ने भए पनि प्रशान्तको सफलताको कामना गर्दै उनको नाममा कोही व्रत बसेका छैनन् होला, तर गाईघाटको देउरीकी शर्मिला कार्की भने प्रशान्त इन्डियन आइडल बनून् भन्ने कामना गर्दै प्रत्येक शुक्रबार सन्तोषी माताको निराहार व्रत बस्न थालेकी छिन्। उनले यो व्रत प्रशान्त टप टेनमा परेदेखी लिएकी हुन्। कार्कीले साप्ताहिकसँग भनिन्– 'प्रशान्तले नेपाली जातिको प्रतिनिधित्व गरेका छन्, उनी इन्डियन आइडल हुनु भनेको सिंगो नेपाली जातिको गौरव हो, त्यसैले म व्रत बसेकी हुँ।'

**–विमल खतिवडा**

**प्रशान्तलाई जिताउन अभियान**

बुटवल- इन्डियन आइडलमा प्रतिस्पर्धा गरिरहेका नेपाली मूलका

बाँकी पृष्ठ ५ मा





साइबर गर्ल



मध्यपृष्ठमा
खुस्बु ओली र सञ्चित लुईंटेल

## क्यासेट

### ढल्यो वरको बोट




कुमार गौतम र विशाल फुयाँलको पहिलो प्रस्तुति लोकदोहोरी गीतिसंग्रह 'ढल्यो वरको बोट' श्रोतामाझ आएको छ। डायमण्ड म्युजिक प्रा.लि.ले बजारमा ल्याएको यो गीतिसंग्रहको भाग १ मा 'ढल्यो वरको बोट' तथा भाग २ मा 'पऱ्यो आज ताल' गीत समावेश छन्। संग्रहमा राजु परियार, कुमार गौतम, विष्णु माझी, देवी घर्तीमगर, कुलेन्द्र विक, रामकुमार देव तथा लक्ष्मी न्यौपानेको स्वर सुन्न पाइन्छ। त्यसैगरी सङ्ग्रहमा रामकुमार देव, कुमार गौतम, विशाल फुयाँल र प्रदीप खनालको शब्द तथा लय संकलन छ।

### हिउँ




संगीतकार सामवेदको एकल गीतिसंग्रह 'हिउँ' दर्शक-श्रोतामाझ आएको छ। नेचर सुलको प्रस्तुति गीतिसंग्रह हिउँका दुई गीतका शब्द प्रसुना कँडेल त्रिपाठी र बाँकी सबै गीत संगीतकार सामवेदले स्वयंले लेखेका हुन्। संग्रहमा जगदीश समाल, राजेश पायल राई, अन्जु पन्त, चन्द्रकुमार डोङ, रामचन्द्र काफ्ले, स्वरूपराज आचार्य, ११:३० बसन तथा एड्रियन प्रधानको स्वर सुन्न पाइन्छ।

### बि फिफ्टी टु




गायक राजु गुरुङको एकल पप गीतिसंग्रह 'बि-फिफ्टी टु' दर्शक-श्रोतामाझ आएको छ। सान्तना रेकर्डले बजारमा ल्याएको यो संग्रहमा शब्द तथा संगीत राजु गुरुङ, सुनिल गुरुङ, रुद्र लम्साल, कमल मानसिंह, दिका गुरुङ, सुनिल बर्देवा तथा निमा रुम्बाको छ। संग्रहमा आठवटा गीत समावेश छन्।

## रंगमञ्च

- पहाडी स्रोत व्यवस्थापन समूह मोरङको आयोजनामा युवा सूचना केन्द्र विराटनगरको सहयोगमा बहुउद्देयीय स्रोत केन्द्र सलकपुरका कलाकारले एचआइभी-एड्स तथा यौनरोगका बारेमा जनचेतनामूलक नाटक प्रदर्शन गरेको छ। उक्त सडकनाटक मोरङको गछिया, बेलबारी, डाँगिहाट, लेटाङ तथा हरैचामामा प्रदर्शन गरिएको थियो। सामान्य प्रचारभन्दा सडक नाटक प्रभावकारी भएकाले स्थानीय कलाकारको प्रयोग गरेर उक्त कार्यक्रम सम्पन्न गरिएको युवा सुचना केन्द्रले जनाएको छ।
- अस्ट्रेलियाको प्रसिद्ध नाट्य समूह फ्याङ्क थियटरद्वारा सञ्चालित सप्ताहव्यापी नाट्य कार्यशाला सम्पन्न भएको छ। उक्त अवसरमा नेपाली कलाकारले अस्ट्रेलियन नाटकका कृति दृष्य प्रस्तुत गरेका थिए। सर्वनाम नाट्य समूहद्वारा आयोजित उक्त कार्यक्रममा फ्याङ्क थियटरका कलाकारहरू जेक्पी क्यारोल तथा जोन नब्सले नेपाली कालाकारहरूलाई पाँच दिनसम्म अस्ट्रेलियाली नाटकसम्बन्धी प्रशिक्षण दिएका थिए। उक्त अवसरमा विलियम शेक्सपियरको 'म्याक्वेथ' नाटकको एक अंश पनि प्रदर्शन गरिएको थियो।

## ग्यालरी

- युवा कलाकार डी राम पाल्पालीका चित्रहरु दक्षिण कोरीयाको सार्वजनिक चित्रालयमा प्रदर्शन हुने भएको छ। पाल्पालीले नेपाली ग्रामीण क्षेत्रका संस्कृति, मठ, मन्दिर, हिमाल तथा नेपाली अनुहारलाई क्यानभासमा उतारेका छन्। कोरियन सार्वजनिक ग्यालेरी 'द बुद्धिस्ट'ले पाल्पालीलाई आफ्नो चित्र प्रदर्शनका लागि कोरिया बोलाएको हो। यसअघि पनि उनले कारियामा झण्डै एक दर्जन प्रदर्शन गरिसकेका छन्। पाल्पालीका चित्रमा पानी रंगको चमत्कारिक प्रयोग हुने भएकाले उनी कोरिया निम्त्याइएको कलाकार जीवन क्षेत्रीले साप्ताहिकलाई बताए।
- राष्ट्रिय संग्राहलय छाउनीले भगवान बुद्धसम्बन्धी २८ थान मुर्तिको प्रदर्शनी प्रारम्भ गरेको छ। बुद्ध आर्ट ग्यालरीमा आयोजित उक्त प्रदर्शनी आजदेखि १० दिनसम्म चल्नेछ। डोल्पा जिल्लाको यत्सेर जाङ्ग छुलिङ गुम्बाबाट चोरी भएर चीनको ल्हासा पुऱ्याइएका ती मूर्तिहरु चीन सरकारको पहलमा फिर्ता भएका हुन्। राष्ट्रिय संग्राहलयका प्रमुख भेषनारायण दाहालका अनुसार सर्वसाधारणको जानकारीका लागि उक्त प्रदर्शनी गरिएको हो। प्रदर्शीत मुर्तिहरु २ वर्षअघि चोरिएका थिए। प्रदर्शनीको समाप्तीपछि ती मुर्ति डोल्पाकै गुम्बामा फर्काइने जानकारी पनि राष्ट्रिय संग्राहलयले दिएको छ।
- ललितकला समीक्षक समाजले विभिन्न क्षेत्रका व्यक्तित्व एवं संस्थाहरुलाई सम्मान गरेको छ। समाजले कलाकार हरिप्रसाद शर्मालाई दीर्घ सिर्जना सम्मान, चित्रकार किरण मानन्धरलाई ललितकला लोकतोत्तिक सम्मान, सगरमाथा एफ एमबाट प्रशारण हुने क्यानभास कार्यक्रमलाई ललितकला मिडिया सम्मान, पार्क ग्यालरीलाई प्रबर्द्धन सम्मान तथा कलाकार भुवन थापा, डिराम पाल्पाली एवं सुनिता राजलाई सिर्जनशिल युवा पुरस्कार प्रदान गरिएको छ।
- काठमाडौं विश्वविद्यालय सन्टर फर आर्ट एन्ड डिजाइनबाट कलामा स्नातक गर्ने १५ विद्यार्थीले सामूहिक कला प्रदर्शनी गरेका छन्। 'ग्राजुएसन सो २००७' नाम दिइएको उक्त प्रदर्शनी बबरमहल स्थित आर्ट ग्यालेरीमा भैरहेको छ। प्रदर्शनी आइतवारसम्म चल्ने कला शिक्षक मुकश मल्लले साप्ताहिकलाई बताए।

## पुस्तक

### हृदयस्पर्शी छालहरू

कवि जितेन्द्र श्रेष्ठ र दीपेन्द्र श्रेष्ठका ५० वटा गजलको संग्रह 'हृदयस्पर्शी छालहरू' लाई जगलाल श्रेष्ठ तथा रमादेवी श्रेष्ठले प्रकाशित गरेका हुन्। गजल पढ्न रुचाउने पाठकहरूले यो पुस्तक पढ्न सक्छन्। यो पुस्तकको मूल्य व्यक्तिगत ५० तथा संस्थागत १ सय रुपैयाँ छ।

## तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

अधुरा काम बन्नुका साथै नयाँ काम पाइने योग छ। मित्रहरूबाट पर्याप्त सहयोग मिल्नेछ। व्यवसाय एवं पराक्रम बढ्ने तथा यात्रा गर्ने अवसर प्राप्त हुनेछ। शनिबारदेखि मंगलबारसम्म घरेलु समस्याले सताउन सक्छ। गलत विचार बढ्नुका साथै काममा अवरोध आउने देखिन्छ। विरोधीहरू सक्रिय रहनेछन्। स्वास्थ्य गडबड हुनसक्छ। बुधबार तथा बिहीबार परिश्रम गर्नुपरे पनि धन आर्जन हुनेछ।

### वृष

सुरुमा विवाद बढ्नेछ। धन नाश हुनसक्छ। मन दुविधाग्रस्त रहनेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। आफन्त बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन्। कुरा काट्नेहरू सक्रिय रहनेछन्। झूटा आरोप पनि लाग्न सक्छ। शनिबार तथा आइतबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन तथा यात्रा गर्ने अवसर जुट्नेछ।

### मिथुन

साता मध्यम रहनेछ। सुरुमा मानसम्मान एवं भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मानिसहरू तपाईंको लगनशीलता एवं इमान्दारिताका अगाडि झुक्नेछन्। घरेलु समस्याले सताउने, गलत विचार, विवाद एवं शत्रु बढ्ने देखिन्छ। सवारी चढ्दा-चलाउँदा होस पुऱ्याउनुहोला।

### कर्कट

साताले मिश्रित फल दिनेछ। विवादतिर अघि नबढ्नु नै उचित हुन्छ। खर्च बढे पनि शनिबार, आइतबार, बुधबार तथा बिहीबार मानसम्मान मिल्ने एवं भोजभतेरमा संलग्न हुने अवसर प्राप्त हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन पनि हुनसक्छ। सोमबार तथा मंगलबार चिन्ता बढ्नेछ। धनमाल हराउन सक्छ, सजग रहनुहोला।

### सिंह

समय मध्यम रहनेछ। सुरुमा बोलीको प्रभाव बढ्ने एवं धन आर्जन हुने योग भए पनि शनिबार, आइतबार, बुधबार तथा बिहीबार खर्च, विवाद अनि चिन्ता बढ्ने देखिन्छ। काममा बाधाहरू खडा हुनेछन्। सोमबार तथा मंगलबार मानसम्मान मिल्ने, भोजभतेरमा सामेल हुने तथा काममा सुधार आउने योग छ। व्यवसाय बलियो हुनेछ। यात्रा गर्ने अवसर जुट्न सक्छ।

### कन्या

सानातिना समस्याले सताए पनि समष्टिमा साता राम्रो छ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। मानसम्मान मिल्नुका साथै भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन हुनसक्छ। सोमबार तथा मंगलबार चिन्ता बढ्ने देखिन्छ। अरूको विश्वास गर्नु उचित हुँदैन।

### तुला

साताको सुरुमा तथा अन्त्यमा नैराश्यता एवं उदासीनताले सताउनेछ। सानोतिनो कुराले पनि मन हल्लिन सक्छ। अरूबाट आलोचना हुनसक्छ। झूटा आरोप लाग्ने सम्भावना छ। शनिबारदेखि मंगलबारसम्म मानसम्मान एवं काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ भने पराक्रमका साथै बोलीको प्रभाव बढ्नेछ। अरूबाट सहयोग पनि पाउनुहोला।

### वृश्चिक

साताको पूर्वार्द्ध प्रतिकूल रहनेछ। स्वास्थ्य गडबड रहनुका साथै मनमा उदासीनता एवं शरीरमा आलस्यता बढ्नेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले अधिकार जमाउन सक्छन्। सोमबारदेखि मानसम्मान मिल्ने, काममा सुधार आउने तथा धन आर्जन हुने योग छ। व्यवसाय एवं अध्ययनमा हासिल हुने सफलता कायमै रहनेछ।

### धनु

साताको आरम्भ एवं अन्त्यमा सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नुका साथै व्यवसायमा लाभ हुनेछ। प्रसन्नता एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। शनिबारदेखि मंगलबारसम्म स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ताले सताउने देखिन्छ। शरीरमा चोटपटक लाग्नसक्छ।

### मकर

परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्ने तथा धन आर्जन हुने देखिन्छ। अरूबाट प्रशंसा पाउनुहोला। पराक्रम बढ्ने क्रम यथावत् रहनेछ। यात्रा हुनसक्छ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। शरीरमा चोटपटक लाग्न सक्छ।

### कुम्भ

गलत विचार बढ्न सक्छ। समयमा निर्णय गर्न नसक्दा हात परेको काम फुत्कन सक्छ। स्वास्थ्य कमजोर रहनेछ। शत्रु बढ्नेछन् भने भाग्यले धोका दिनेछ। शनिबारदेखि मंगलबारसम्म परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नेछ। धन आर्जन एवं यात्रा हुने योग छ। अरूलाई विश्वास दिलाउन सकिनेछ।

### मीन

घरेलु समस्याले सताउनेछ भने गलत विचार बढ्नेछ। आफ्नै कमजोरीले समस्या उत्पन्न गर्न सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। मंगलबारदेखि परिश्रम गर्नुपरे काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। धार्मिक कार्यमा रुचि बढ्नेछ भने भाग्यले पनि साथ दिनेछ।

### यो साताको पञ्चाङ्ग

भदौ २१ गते : एकादशी, २५ गते कुसेऔंसी, बाबुको मुख हेर्ने दिन

## साता संक्षेप

**भदौ १४** सरकार तथा मधेसी जनअधिकार फोरमबीच सम्झौता, स्वायत्ततायुक्त प्रदेशसहित संघीय शासन-प्रणालीको व्यवस्थासम्बन्धी सम्झौता, फोरमद्वारा विरोधका सबै कार्यक्रम स्थगित ।

- माओवादीका ३ सहित २१ राजदूत नियुक्त, दक्षिण अफ्रिका, क्यानाडा तथा ल्याटिन अमेरिकाको कुनै एक राष्ट्रमा राजदूतावास खोल्ने निर्णय ।
- प्रधानन्यायाधीशमा न्यायाधीश केदारप्रसाद गिरीको सिफारिस, पूर्व प्रधानन्यायधीश केदारनाथ उपाध्याय राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष ।

**भदौ १५** अविरल वर्षाका कारण गएको पहिरोमा परी अर्घाखाँची तथा गुल्मीमा तीन बालकसहित ५ को मृत्यु ।

- अज्ञात समूहको बम प्रहारबाट सिराहामा दुई बालक मारिए ।

**भदौ १६** रामेछापमा संविधानसभा प्रचारमा गएका एमालेका पूर्व सांसदलाई नेकपा (माओवादी) का कार्यकर्ताद्वारा कालोमोसो, एमाले मुख्यालयद्वारा भर्त्सना ।

- नेपाल-भारत सीमा बैठक भारतको देहरादूनमा सम्पन्न, नक्सा तयार ।
- संविधानसभा निर्वाचनका लागि १ लाख ३८ हजार सुरक्षाकर्मी राखिने ।

**भदौ १७** राजधानीमा शृङ्खलाबद्ध विस्फोट, २ को मृत्यु, २६ घाइते, सर्वसाधारणलाई लक्ष्य बनाइयो ।

- राजधानीमा भएको विस्फोटको जिम्मा लिने होड, तराई आर्मी, तराई उत्थान संगत, गोरखा मुक्ति मोर्चाजस्ता चर्चाविहीन समूहका नाममा विस्फोटको जिम्मेवारी ।
- पर्वतमा गाउँले-माओवादी भिडन्त, आठ व्यक्ति घाइते ।
- मधेसी जनअधिकार फोरम टुक्रियो, नयाँ फोरममा भाग्यनाथ गुप्ता संयोजक ।
- वैदेशिक रोजगार व्यवसायीहरूले भदौ १६ लाई कालो दिवसका रूपमा मनाए, तीन वर्षअघि भएको घटनाको क्षतिपूर्ति अझै नपाएकोमा व्यवसायीहरू आक्रोशित ।

**भदौ १८** बुटवलमा तिनाउ खोलाको बाढीबाट डेढ सय परिवार विस्थापित, तीन दिनको अविरल वर्षाका कारण कास्कीको हेमजा गाउँका दर्जनौं घर भासिए ।

- राजधानीको शृङ्खलाबद्ध विस्फोट संविधानसभा बिथोल्ने नियतले भएको सरकारको धारणा, विशेष सुरक्षा नीति लागू गरिने गृहमन्त्री कृष्णप्रसाद सिटौलाको भनाइ ।
- कृष्ण जन्माष्टमीमा राजालाई पाटनको कृष्ण मन्दिर जान रोक, राष्ट्रप्रमुखका रूपमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला कृष्णमन्दिर पुगे ।
- सरकारसँग सम्झौता गरेको मधेसी जनअधिकार फोरमद्वारा संविधानसभा निर्वाचनको प्रचार प्रारम्भ ।
- साउदी विकास कोषद्वारा बाग्मती सिंचाइ आयोजनालाई ९८ करोड ऋण सहयोग, उक्त रकम रौतहट जिल्लाको १६ हजार ६ सय हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउन प्रयोग गरिने ।

**भदौ १९** भदौ १८ गते राजधानीमा भएको विस्फोटमा परी घाइते भएकी २० वर्षीया सन्ध्या खड्काको मृत्यु, विस्फोटमा परी निधन हुनेहरूको संख्या तीन पुग्यो ।

- नेकपा (माओवादी) द्वारा तराईका हतियारधारीसहित सबै पक्षको गोलमेच सम्मेलन गर्ने निर्णय, गणतन्त्रको घोषणापछि मात्र संविधानसभा गर्नुपर्ने माओवादीको संयुक्त क्रान्तिकारी जनपरिषद्को निर्णय ।
- राजधानीमा भएको शृङ्खलाबद्ध विस्फोटमा संलग्न भएको आशंकामा १ सय ५० भन्दा बढी व्यक्ति पक्राउ ।

# सबैजसो दलको आन्तरिक तयारी तीव्र

अश्विनी कोइराला

काठमाडौं– संविधानसभाका लागि ७५ दिन बाँकी रहँदा नेपालका प्रभावशाली दलले संविधानसभा निर्वाचनको तयारी तीव्र बनाएका छन् । एक साताअघिसम्म संविधानसभा निर्वाचन हुन गाह्रो छ भन्ने केही दलका नेताहरू अहिले जसरी पनि संविधानसभा निर्वाचन गर्नुपर्ने निष्कर्षमा पुगेका छन् । निर्वाचनको तयारीमा नेकपा (एमाले) सबैभन्दा अघि देखिएको छ भने नेपाली कांग्रेस नेकपा (एमाले) लाई पच्छ्याउँदै निर्वाचन घोषणापत्रको तयारीमा जुटेको छ । नेकपा (माओवादी) ले निर्वाचनअघि गणतन्त्रको घोषणा गर्नुपर्ने दबाब दिए पनि संयुक्त क्रान्तिकारी जनपरिषद्को बैठकमा संविधानसभालाई नै आन्दोलनको रूप दिन कार्यकर्ता परिचालन गरेको छ ।

संविधानसभा हुन नदिने अडानमा रहेको मधेसी जनअधिकार फोरम सरकारसँग भएको सम्झौतापछि विजय ग्यालीसँगै मधेसी जनतालाई संविधानसभामा भाग लिन आग्रह गर्न थालेको छ । फोरमले संविधानसभामा भाग लिन आफूलाई क्षेत्रीय दलका रूपमा स्थापित गर्न कार्यकर्ता परिचालन गरेको छ । संयुक्त जनमोर्चा तथा राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि आफ्ना कार्यकर्तालाई गाउँ पठाउन थालेको छ । तराईमा शान्ति-सुरक्षा सुदृढ नभएसम्म संविधानसभा निर्वाचन हुन नसक्ने धारणा बनाएका राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले समेत संविधानसभाका बारेमा जनताको अभिमत बुझ्न कार्यकर्ता परिचालन गर्न निर्देशन दिएको बुझिएको छ । यो निर्देशनपछि जनशक्ति पार्टीका क्षेत्रीय स्तरका नेताहरू जिल्ला फर्किएका छन् ।

काठमाडौंमा चुनावी सभासमेत गरिसकेको नेकपा (एमाले) संविधानसभा निर्वाचनको तयारीमा सबैभन्दा अघि देखिएको छ । उक्त दलले उद्योगी-व्यवसायी, नागरिक समाज तथा आफ्ना कार्यकर्ताबाट निर्वाचन घोषणापत्रका लागि प्रारम्भिक सुझाव बटुलेको छ । उक्त दलले नेता झलनाथ खनालको संयोजकत्वमा 'संविधानसभा घोषणापत्र मस्यौदा समिति' गठन गरेको छ । समितिले मंगलबार तयार पारेको घोषणापत्रको खेस्रालाई केन्द्रीय समितिमा पठाएको छ ।

एमाले स्रोतका अनुसार उक्त खेस्रालाई क्षेत्रीय तथा विदेशमा बसोबास गरेका नेपालीहरूको समेत राय लिएर अन्तिम रूप दिने भएको छ । यसका लागि संयोजक खनाल बुटवल तथा वीरगन्ज जाने भएका छन् भने विदेशमा रहेका कार्यकर्तालाई उक्त खेस्रा इमेलमार्फत पठाइएको छ । नेकपा (एमाले) का अनुसार घोषणापत्र निर्माणमा पनि उक्त दल सबैभन्दा अघि हुनुपर्ने दबाबका साथ काम गरिरहेको छ । यसो गर्दा जनतामाझ संविधानसभाका लागि आफ्नो दल सबैभन्दा बढी चिन्तित रहेको देखाउन मद्दत पुग्ने विश्वास एमालेको छ ।

घोषणापत्र निर्माणमा मात्र होइन, उम्मेदवार तय गर्न पनि नेकपा (एमाले) हतारिएको छ । उक्त दलले भूगोल तथा समानुमातिक उम्मेदवारको नाम प्रस्तावित गर्न स्थायी कमिटी सदस्य अमृतकुमार बोहराको संयोजकत्वमा नौ सदस्यीय कार्यदल पनि गठन गरेको छ । स्रोतका अनुसार उक्त कमिटीले निर्वाचन क्षेत्र, जिल्ला तथा अञ्चल समन्वय कमिटीमार्फत सम्भावित उम्मेदवारको नाम संकलन गर्नेछ ।

कार्यदलले प्राप्त भएका नामको विश्लेषण गरी पार्टी हेडक्वाटरमा सिफारिस गर्ने अधिकार पाएको छ । बोहोरा कार्यदलमा भरतमोहन अधिकारी, ईश्वर पोखरेल, युवराज ज्ञवाली, अशोक राई, विष्णु पौडेल, अष्टलक्ष्मी शाक्य, शान्ता मानवी तथा रघुवीर महासेठ छन् । कार्यदलले जनआन्दोलन-२ मा खेलेको भूमिकाका आधारमा महिला, आदिवासी, जनजाति, मधेसी तथा दलितसमेतको नाम सिफारिस गर्ने योजना बनाएको छ । कार्यदलले एक महिनाको समय पाएको छ ।

अर्कातिर नेपाली कांग्रेस पनि संविधानसको तयारीमा जुटेको छ । अघिल्लो बिहीबार नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक बसेपछि नेपाली कांग्रेस संविधानसभा निर्वाचनमा जुटेको संकेत मिलेको हो । सभापति गिरिजाप्रसाद कोइरालाको उपस्थितिमा सम्पन्न उक्त बैठकमा 'घोषणापत्र तयारी समिति' निर्माण भएको छ । चक्र बाँस्तोलाको संयोजकत्वमा गठित घोषणापत्र तयारी समितिमा डा. रामबरण यादव, अर्जुननरसिंह केसी, लक्ष्मण घिमिरे, डा. रामशरण महत, सुजाता कोइराला, पद्मनारायण चौधरी, सुप्रभा घिमिरे, भीमबहादुर तामाङ, नरहरि आचार्य तथा महेश आचार्य छन् ।

बाँस्तोला समितिले तयार गरेको मस्यौदालाइ गते बुधबार बसेको कार्यसमितिले केही हेरफेर गरेर पास गरेको छ । घोषणापत्रमा नेपाली कांग्रेस संघीय लोकतन्त्रिक गणतन्त्रमा जाने कुरा उल्लेख गरिएको छ । यसलाई नेपाली कांग्रेसको ऐतिहासिक निर्णय मानिएको छ ।

यसैगरी उम्मेदवार चयनका विषयमा पनि नेपाली कांग्रेसमा गृहकार्य प्रारम्भ भएको छ । कार्यसमितिको बैठकमा उपसभापति सुशील कोइरालाले सभापतिसँग उम्मेदवारको नामावली पठाउने प्रक्रियाका सम्बन्धमा छलफल गरेका थिए । स्रोतका अनुसार केन्द्रले जिल्लालाई सम्भावित नामावली पठाउन यसै साता पत्राचार गर्नेछ । जिल्लाबाट प्राप्त नामावलीलाई केन्द्रले अन्तिम रूप दिने सहमति पनि बनेको छ ।

गत आइतबारको श्रृंखलाबद्ध विस्फोटपछि नेकपा (माओवादी) को संविधानसभा विरोधी अभिव्यक्ति एकाएक कम भएको छ । संविधानसभापछि आफ्नो हैसियत के हुने भन्ने विषयका कारण उक्त दलले बेलाबेलामा संविधानसभा विरोधी अभिव्यक्ति दिँदै आएको थियो । राजधानीको बम विस्फोटपछि यस्ता अभिव्यक्ति दिँदा जनमत अझै खस्कने भएपछि माओवादीले बाध्य भएर चुनावी अभियानलाई गति दिने भएको छ ।

राजधानीको विस्फोटमा संविधानसभाविरोधी संस्थाहरूको हात भएको विश्वास आमजनतामा भएकाले पनि संविधानसभाका विषयमा बोल्दा विचार पुऱ्याएर बोल्न पार्टी हेडक्वाटरले निर्देशन दिएको बुझिएको छ । त्यसो त उक्त दलले यसअघि नै संविधानसभाको वातावरण बुझ्न आफ्ना विधायकहरूलाई गाउँ जान निर्देशन दिइसकेको छ ।

त्यसैगरी संयुक्त क्रान्तिकारी जनपरिषद्को बैठकमा उक्त दलले संविधानसभालाई क्रान्तिको एक भागका रूपमा व्याख्या गरेको छ । यसबाट पनि नेकपा (माओवादी) भित्री रूपमा संविधानसभाको तयारीमा छ भन्ने देखाउँछ । उक्त दलले हतियारधारी समूहसहित सबै पक्षको गोलमेच सम्मेलन गरी संविधानसभालाई आफ्नो अनुकूल बनाउने प्रयास पनि गरिरहेको छ । यद्यपि उक्त दलले घोषणापत्र जारी गर्ने तथा चुनावी सभा गर्ने चासो भने अहिलेसम्म देखाएको छैन ।

नेपाली कांग्रेस प्रजातान्त्रिकले पनि संविधानसभा निर्वाचनका लागि गम्भीर तयारी गरेको छैन । उक्त दलका सबैजसो नेता केही दिनभित्रै नेपाली कांग्रेससँग एकीकरण गर्ने पक्षमा रहेकाले पनि घोषणपत्रको तयारीमा सुस्तता आएको बताइन्छ । यद्यपि एकीकरणपछि दलभित्र रहेर लोकतन्त्रका लागि सक्रिय भएर लागेका नेताहरूलाई टिकट दिनुपर्ने आवाज भने उठेको छ । यसैगरी जनमोर्चा नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी तथा जनशक्ति पार्टीले पनि विस्तारै संविधानसभाको तयारी गर्न थालेको देखिन्छ ।

## सम्पादकीय

# कायरतापूर्ण विस्फोट

गत आइतबार मुलुकलाई नै स्तब्ध बनाउने गरी राजधानीमा श्रृंखलाबद्ध बम विस्फोट भए। राजधानीका व्यस्त मानिएका त्रिपुरेश्वर, सुन्धारा तथा बालाजुमा भएका ती विस्फोटले यसअघि कहिल्यै नदेखिएको आतंक राजधानीमा फैलियो। बम विस्फोटपछि जुन सतर्कता राज्यले अपनाउनुपथ्र्यो त्यस्तो सतर्कता अहिलेसम्म राजधानीमा महसुस गर्न सकिएको छैन। न त अहिलेसम्म बम विस्फोटका लागि जिम्मेवार मानिएका व्यक्ति वा समूहको नै ठोस पहिचान हुन सकेको छ। त्यसबाहेक विस्फोटको छानविनमा संलग्न सुरक्षा निकायले अहिलेसम्म कुनै ठोस सबुद भेट्टाउन सकेको तथ्य सार्वजनिक नहुनुले पनि विस्फोटका पछाडि ठूलै षड्यन्त्र रहेको आभास पाउन सकिन्छ। त्यसबाहेक यो विस्फोटपछि हाम्रा राजनैतिक दलहरूमा रहेको संवेदनहीनता पनि उजागर भएको छ। विस्फोटमा परेका आमनागरिकको स्वास्थ्यस्थितिका बारेमा जानकारी लिन अहिलेसम्म कुनै पनि राजनैतिक दलका सरकारमा रहेका वा नरहेका कुनै पनि जिम्मेवार नेताहरूले अस्पतालसम्म पुग्ने आफ्नो जिम्मेवारी बहन गरेको देखिएको छैन। यस्तो गैरजिम्मेवारीपूर्ण राजनैतिक संवेदनाले जनतालाई राजनैतिक दलहरूबाट अझ टाढा लान्छ भन्ने चेतना राजनैतिक दलहरूमा नदेखिनु यो विस्फोटले देखाएको अर्को विडम्बना भएको छ। विस्फोटमा परी घाइते भएकाहरूको उपचार गर्ने र मृतकहरूका परिवारलाई उचित क्षतिपूर्ति दिने दायित्व सरकारको हो।

अहिलेको स्थितिमा विस्फोटका बारेमा सुरक्षा निकायहरूको छानबिनले ठोस आकार पाउन नसके पनि उक्त विस्फोटलाई कायरताको पराकाष्ठाका रूपमा लिन सकिन्छ। कुनै पनि विद्रोही जमातले आफ्नो संघर्षलाई राज्यका विरुद्ध केन्द्रित गरेका हुन्छन्। उनीहरूको कुनै पनि किसिमको सैनिक वा असैनिक कारबाहीको तारो राज्य नै हुन्छ। यद्यपि आइतबारको विस्फोटमा राजधानीका सर्वसाधारण नागरिकहरूलाई तारो बनाएर जुन किसिमले साँझपख सबैलाई आ-आफ्नो घर पुग्ने हतारो भैरहेका बेला सार्वजनिक यातायात र बसबिसौनीहरूमा विस्फोट गराइएको छ त्यसले आततायीहरूको कायरतापूर्ण मानसिकताको परिचय दिएको छ। यस्तो कायरतापूर्ण मानसिकताको जतिसुकै निन्दा गरे पनि कमै हुन्छ। यस्तो कायरतापूर्ण कार्यले कुनै पनि राजनैतिक मिसनले आफ्नो गन्तव्यसम्मको यात्रा तय गर्न सक्दैन भन्ने उदाहरण खोज्न टाढा जानु पर्दैन। अफगानिस्तान, इराक र श्रीलंकाका गृहयुद्धहरूले यस्ता कायरतापूर्ण विस्फोटहरूको पोल खोलिसकेको छ, तसर्थ कुनै पनि किसिमको राजनैतिक आन्दोलनले संयमित भएर जनताका माझ प्रस्तुत हुन सक्नुपर्छ। आतंकको बलमा कुनै पनि राजनैतिक अभीष्ट पूरा हुन सक्दैन। राजधानीमा भएका श्रृंखलाबद्ध बम विस्फोटका पछाडि जे-जस्ता समूहको हात भए पनि उनीहरूको षड्यन्त्र चाँडोभन्दा चाँडो जनसमक्ष ल्याइनुपर्छ। यो नै अहिले नेपाली जनताले प्रतीक्षा गरिरहेको सबैभन्दा चासोको विषय हो। अन्तमा हामी विस्फोटमा परी घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै दिवंगत आत्माहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### भावी नेपाल कस्तो होला?

सशस्त्र द्वन्द्वबाट सत्ता कब्जा गर्न कम्मर कसेर लागिपरेको नेकपा माओवादी समेत शान्तिपूर्ण तरिकाबाट सिंहदरबार पसेपछि धेरैले अनुमान लगाए- अब नेपाली राजनीतिको समस्या समाधान भयो। करिब दुई दर्जनको ज्यान लिएपछि जनआन्दोलन-२ ले पाएको सफलतापछि धेरैको अनुमान थियो- अब मुलुकमा थप हिंसात्मक रक्तपात हुने छैन तर मधेसमा भएको जनआन्दोलनमा सहादत प्राप्त गर्नेहरूको संख्याले अघिल्लो तथ्यांक नाघ्न आँटिसकेको छ।

आन्दोलनका माग एवं उद्देश्यहरू आफ्ना ठाउँमा छन् तर आन्दोलन रोक्नुको साटो त्यसलाई थप हिंसात्मक बनाउन सरकारमा रहेका दलहरूको गैरजिम्मेवारपूर्ण भूमिका महत्त्वपूर्ण देखिन्छ। सरकारभित्र बसेर आन्दोलनका मागहरू नाजायज छन् भन्दै समस्या समाधान गर्नतिर नलागी विध्वंसात्मक बनाउन लागिपर्ने प्रमुख दलहरूको आचरणले स्पष्ट गर्छ– भोटको राजनीतिले गर्दा अझै पनि दलहरूको आचरण फेरिएको छैन। यिनै दलहरूबीच हुने प्रतिस्पर्धामा आफ्नो मताधिकारको प्रयोग कसरी गर्ने ? संविधानसभा निर्वाचनमा योग्य प्रतिनिधि कसरी छान्ने ? प्रत्येक सचेत नेपाली नागरिकले एकपटक सोच्नैपर्ने भएको छ।

**–सन्तोष लामिछाने, रत्ननगर, चितवन**

### वास्तविक लोकतन्त्र

लोकतन्त्रको वास्तविक परिभाषा भनेको संवैधानिक दायराभित्र रहेर जनताको इच्छा चाहना अनुरूप देश सञ्चालन गर्नु हो। वास्तवमा सत्ताभन्दा माथि जनता हुन्छन्। जनताको स्वतन्त्रतालाई स्वीकार गर्नु नै वास्तविक लोकतन्त्र हो। समग्रमा लोकतन्त्र तानाशाही, हैकम, जबरजस्तीजस्ता कुराको विपरीत चिन्तन हो।

२०४७ को जनआन्दोलनलाई फर्केर हेर्ने हो भने त्यही बेला लोकतन्त्रको चाहना प्रस्ट भएको थियो तर सत्तामोह एवं लोभी नेताहरूको गतिविधिले गर्दा लोकतन्त्र ओझेलमा पऱ्यो। देशको सर्वाङ्गीण विकास एवं जनअधिकारका विपरीत लागेर निजी स्वार्थ पूरा गर्ने हुँदा देशले प्रजातन्त्र तथा लोकतन्त्र गुमाउनु पऱ्यो, सहिदको रगतले उचित स्थान पाएन।

त्यसैले अब समावेशीकरण आवश्यक छ, प्रजातन्त्रको परिभाषा हरेक नेपालीले पाउनुपर्छ। जनताको इच्छा, चाहनाको कदर हुनुपर्छ तब मात्र वास्तविक लोकतन्त्र आउनेछ।

**–प्रकाश घले, नुवाकोट**

### टेलिभिजनमा विकृति

अहिले टेलिभिजनको दुरुपयोग भनौं कि के भनौं, यसबाट विभिन्न विकृति फैलिएको छ। हामीले टेलिभिजनमा लागूपदार्थ सेवन गरेको, समाजमा झैझगडा गरेको, अरूको अहित चाहेको दृश्यहरू देखिरहेका हुन्छौं। त्यस्तै विभिन्न किसिमका गलत थेगोको प्रयोग भएको पाइन्छ। यस्ता दृश्य तथा थेगोहरूको सोझो प्रभाव बालबालिका तथा युवाजगतमा परेको हुन्छ। त्यस्तै टेलिभिजनमा प्रसारण हुने केही दृश्य लज्जास्पद हुन्छन्। गीत, हास्य टेलिचलचित्रदेखि लिएर सामान्य कार्यक्रममा पनि खराब दृश्यको प्रयोग गरिएको पाइन्छ, तर यस्ता दृश्यहरू समावेश गरिएका कार्यक्रमले गर्दा समाजमा विकृति सिर्जना हुन्छ।

समाजमा विकृति सिर्जना गर्ने भएपछि यस्ता कार्यक्रम किन सञ्चालन गर्ने ? के हाम्रो रीतिरिवाज, परम्परा, संस्कार आदिका बारेमा राम्रा कार्यक्रम बनाउन सकिँदैन ? यसतर्फ सम्बन्धित निकायले समयमै चासो देखाउनुपऱ्यो।

**–सागर शर्मा, धाइडि, पर्वत**

### अस्थिर राजनीति : दलहरूको भूमिका

नेपाली राजनीतिमा फेरि एकपटक अस्थिरता देखिँदैछ। मन्त्रालय बाँडफाँडमा दलहरूबीच नै उत्पन्न खिचलोपछि बनेको अन्तरिम सरकारको क्रियाकलाप पारदर्शी हुने कुरामा कमै मात्र आश गर्न सकिन्थ्यो। मधेशमा बलिरहेको आगो निभाउनेतर्फ कुनै ठोस पहल हुन सकिरहेको छैन। प्रधानमन्त्रीले संविधानसभाको निर्वाचन गरिछाड्ने अड्डी लिए पनि निर्धारित समयमा निर्वाचन हुन सक्ने कुरामा शंकै छ। यी र यस्ता अनेकौं समस्यामा अल्झिरहेको मुलुकलाई अग्रगामी दिशातर्फ कसरी डोऱ्याइने हो, हेर्न बाँकी नै छ।

संविधानसभाको निर्वाचन निष्पक्ष र धाँधली रहित सम्पन्न हुने कुरामा नेपाली जनताले शंका व्यक्त गर्न थालिसकेका छन्। सत्तासीन आठ दलबीच सानातिना कुरामा पनि देखिने खिचलोका कारण उनीहरूको आचरण फेरिएको छैन भन्ने महसुस आम जनमानसमा परिसकेको छ। देशमा आमूल परिवर्तन गर्ने नागरिक हत्यामा होमिएको नेकपा माओवादीसमेत भागबन्डामा लागिपरेपछि विश्वासको वातावरण गुमेजस्तो भैरहेको छ। मधेस बलिरहेको सन्दर्भमा मुलुक अझ अस्थिर बन्न पुगेको छ। यस्तो विकराल परिस्थितिमा राजनैतिक दलहरूले पार्टीगत स्वार्थ त्यागेर जनमुखी हुनु अत्यावश्यक छ। नयाँ नेपालको खाका कोर्न दलहरूको भूमिका जिम्मेबारपूर्ण हुने भएकाले प्रमुख दलहरूले यसतर्फ ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

**–शंकर पण्डित, दमौली**
**(पुरस्कृत पत्र)**

## तीतो सत्य

- एउटा नराम्रो विचारले अरू धेरै नराम्रा विचार उब्जाउँछ।

**पद्मा सिटौला, इटहरा–९**

- सफलता हौसला हो भने असफलता प्रेरणा।
- माफी गल्ती गर्नेलाई देऊ, विश्वासघात गर्नेलाई होइन।
- प्राप्तिमात्र जीवन होइन।
- संसारमा कुनै पनि वस्तु साना छैनन् आ-आफ्नो ठाउँमा तिनको ठूलो महत्त्व छ।

**राजकुमार जी.सी., पाल्पा**

- असफलता वा गल्ती भन्नु पनि सिकाइ नै हो।
- सतही ज्ञानका आधारमा बकबास गर्नुभन्दा मौन रहनु ठीक हो।
- प्रेम त्यो हो जसले एक-अर्कालाई आकर्षण गर्ने मात्र होइन सबैलाई प्रियपात्रका रूपमा चिनाउँछ।
- आवेगको संवेग नै रिस हो।

**देवराज न्यौपाने**

- भौतिक सुखमा रम्नेहरू मानसिक रोगी हुन्छन्।
- माया आफैंमा आश्चर्यजनक वस्तु हो।
- एकछिन र एक दिनको गल्तीले जिन्दगीमा दाग लाग्दोरहेछ।

**लक्ष्मण अर्याल**

- राजनीति रक्तपातविहीन युद्ध हो भने युद्ध रक्तपातयुक्त राजनीति हो।
- प्रेमले सबै सहन्छ तर उपेक्षा सहँदैन।
- भोकले व्याकुल मानिस निर्दयी हुन्छ।
- पैसा खर्च गरेर ईश्वर भेटिन्न।
- भोको पेटलाई उपदेश होइन खाना चाहिन्छ।

**रूपक भट्टराई**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## मुखाले

यो सरकार नेताको बुद्धिबाट होइन, भारतबाट सञ्चालित छ।

**मोहन वैद्य, (किरण)**
**नेता, नेकपा (माओवादी)**

पहिलोपल्ट मधेसीहरूले पहाडे सरकारलाई झुकाएका छन्।

**उपेन्द्र यादव**
**अध्यक्ष, मधेसी जनअधिकार फोरम**

उपेन्द्र यादवले गरेको सम्झौतामा मधेसी जनता ठगिएका छन्।

**किशोरकुमार विश्वास**
**नेता, मधेसी जनअधिकार फोरम**

मधेसी जनअधिकार फोरम नामको गुटसँग गरिएको सम्झौता षड्यन्त्रमूलक छ।

**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

संविधानसभाको बाधक कोही छ भने त्यो नेपाली कांग्रेस र माओवादी नै हो।

**रवीन्द्रनाथ शर्मा**
**नेता, राष्ट्रिय प्रजातन्त्र पार्टी**

हाम्रो सेनालाई तलब नपठाउने, १२ बुँदे सहमति नमान्ने अर्थमन्त्री रामशरण महत हुन्।

**पम्फा भुसाल, नेतृ, नेकपा (माओवादी)**

कम्युनिस्टको नीति सुन्दा जति मिठासपूर्ण हुन्छ, भोग्दा त्यति नै कठिन छ।

**दीपकुमार उपाध्याय**
**नेता, प्रजातान्त्रिक कांग्रेस**

राजधानीमा भएका विस्फोटपछि कांग्रेसले पनि चाँडै गणतन्त्रसम्बन्धी निर्णय गर्छ।

**रामचन्द्र पौडेल**
**शान्ति तथा पुनर्निर्माण मन्त्री**

नेपालको संरचना नै विविधता हो, त्यसैले नयाँ संविधान पनि विविधतामय बन्नुपर्छ।

**चित्रलेखा यादव, उपसभामुख**

कांग्रेस गणतन्त्रमा गैसकेको छ।

**कृष्णप्रसाद सिटौला, गृहमन्त्री**

## नीति-नियम

डाँकाहरू लगाएर शत्रुलाई पीडा दिनु, धन खोसेर लिनु, अवगुण बताइदिनु, हतियार देखाएर डर देखाउनु, युद्ध कालमा डटेर लड्नु शत्रुका लागि दण्ड हुन्।

दण्डद्वारा खराब आचरणबाट छुट्कारा मिल्छ, त्यसैले खराब आचरण जुन उपायद्वारा दमन गर्न सकिन्छ दमन गर्नुपर्छ। झुन्ड्याउनु, अपमान गर्नु, उपवास बसाउनु, बाँध्नु, पिट्नु, धन खोसेर लिनु, सहर वा राज्यबाट निकालिदिनु, दाग लगाइदिनु, खराब तरिकाबाट कपाल मुडिदिनु, गधा आदिमा चढाएर डुलाइदिनु, शरीरका अंगहरू काटिदिनु, प्राणदण्ड दिनु आदि निचतम दण्ड मानिन्छन्।

दण्डको डरले जनता आ-आफ्नो धर्ममा चल्छन्। कसैले पनि दुर्बलहरूप्रति आक्रमण र असत्य भाषण गर्दैनन्। रिसाहा (क्रूर) मानिसहरू कोमलता अँगाल्न थाल्छन्। दुष्ट मानिसहरू दुष्टता छोडिदिन्छन् र पशुहरू पनि वशमा आउँछन्। डाकाहरू भाग्छन्।

-शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा

**नेपाली चलचित्र क्षेत्रमा कुनै सबैको सम्झनामा रहने कार्य गर्नुपर्छ**



चलचित्रकर्मी वा यो कर्ममा रुचि राख्नेहरूबीच एम चौलागाईं भन्ने नाम अपरिचित छैन। निजगढका यी युवकले चलचित्रकर्ममा कर्मशील मानिसहरूको 'बायोग्राफी' समेटिएको पुस्तक 'चलचित्रका सारथी' बजारमा ल्याएका छन्। उनले लेखेको उक्त पुस्तकमा अभिनेता, अभिनेत्री, निर्देशक, निर्माता, छायाँकार, लेखक, संगीतकार, गायक, गायिका आदि गरेर ३ सय २० जना चलचित्रकर्मीको जीवनी समेटिएको छ। युवावस्थामा राजेश हमालको पहिलो चलचित्र 'युगदेखि युगसम्म' हेरेपछि नेपाली चलचित्र जगतप्रति आकर्षित भएका चौलागाईंले त्यसपछि काठमाडौं आई केही समय चलचित्र पत्रकारिता गरे, अनि उनलाई नेपाली चलचित्र क्षेत्रमा कुनै सबैको सम्झनामा रहने कार्य गर्नुपर्छ जस्तो लाग्यो। त्यसपछि उनी चलचित्रकर्मीहरूको बायोडाटा संकलन गर्न थाले। त्यति गर्न उनलाई दुई वर्ष लाग्यो। अधिकांश चलचित्रकर्मीले बायोडाटा दिन पनि झुलाए। कतिसँग त उनको विवाद नै भयो। 'बायोडाटा दिन गाह्रो मान्ने वा वास्ता नगर्ने कतिपय चलचित्रकर्मीको बायोग्राफी पुस्तकमा छैन,' -उनले बताए।

## साइबर गर्ल



# पूजा कँडेल

उनलाई घरमा बोलाउने नाम 'परी' हो। स्नातक तह अध्ययनरत पूजा सन् १९८६ मा नयाँदिल्लीमा जन्मिएकी हुन्। खैरो आँखा भएकी यी सुन्दरीको उचाइ ५ फिट ४ इन्च छ। अविवाहित पूजाले एचके नेपाल डटकमका लागि जगत अम्बुसँग तस्बिर खिचाएकी छिन्। पूजासँग असाध्यै राम्रो नृत्य गर्ने कला छ। उनले कुशल नृत्यकै कारण विभिन्न पुरस्कार पनि हात पारिसकेकी छिन्। नृत्य गर्नु, संगीत सुन्नु, यात्रा गर्नु, नयाँ-नयाँ साथी बनाउनु, नयाँ-नयाँ मानिसलाई भेट्नु तथा पत्रपत्रिका अध्ययन गर्नु पूजाका रुचि हुन्। सुन्दर शारीरिक बनावटकी धनी पूजा मोडलिङको क्षेत्रमा बलियो पहिचान बनाउन चाहन्छिन्। तपाईंको सुन्दरताको रहस्य ? उनी भन्छिन्- 'ताजा तथा स्वस्थ खाना खाएका कारण नै आफ्नो सुन्दरता कायम राख्न सकेकी हुँ।' शरीर सुहाउँदो क्याजुअल पहिरनमा ठाँटिएर हिंड्न रुचाउने पूजाका अनुसार जीवन एउटा यात्रा हो, जहाँ सुख र दुःख दुवैको संगम हुन्छ। आफ्नो जीवनलाई सार्थक बनाउने धोको राखेकी पूजा जीवनलाई बलिरहेको मैनबत्तीसँग तुलना गर्छिन्। मैनबत्ती निश्चित समयमा गएर निभ्छ, कहिलेकाहीं त्यो चाँडै पनि निभ्न सक्छ, उनले भनिन्।

# नेपालमा के हुँदैछ ?






पृष्ठ १ पेजबाट जारी

दार्जीलिङे युवा प्रशान्त तामाङको चर्चा दार्जीलिङ, सिक्किम वा भारतका अन्य सहरमा मात्र होइन, पूर्वी नेपाल हुँदै पश्चिम नेपालको बुटवलमा पनि उत्तिकै छ। चर्चा मात्र कहाँ हो र ? यहाँका युवाहरू प्रशान्तलाई जिताउन कम्मर कसेर लागिपरेका छन्। प्रशान्त टप फोरमा रहेका बेला बिहीबार राति भएको एसएमएस भोटिङमा बुटवलवासीहरूले भारतको गोरखपुर पुगेर रातभर नसुती ६ सयभन्दा बढी एसएमएस गरेका थिए। एसएमएस गर्ने रकम जुटाउन उनीहरूले बुल्स टिम गठन गरी घरदैलो, पसल एवं प्रतिष्ठानमा हिंडेका छन् भने ट्राफिकचोकमा प्रशान्तको तस्बिर अंकित ब्यानर टाँगेर डोनेसन बक्स पनि राखेका छन्। बुल्सका एक सदस्य क्षितिज राजभण्डारीले साप्ताहिकलाई बताए- 'अन्य सहरका युवाहरूले पनि प्रशान्तलाई जिताउन सक्रियता देखाउनुपर्छ।'

– टोपराज शर्मा

**प्रशान्तका लागि लाइभ कन्सर्ट**

धनकुटामा प्रशान्तलाई इन्डियन आइडल बनाउन आर्थिक सहयोग जुटाउने उद्देश्यले लाइभ कन्सर्ट सम्पन्न भएको छ। 'प्रशान्त तामाङ सहयोग लाइभ कन्सर्ट' नाम दिएर शनिबार एक बजेको टन्टलापुर घाममा त्रिवेणी माध्यमिक विद्यालयको प्राङ्गणमा अतिथि कलाकार गायक प्रकाश पौडेलको आगमनसँगै सुरु भएको लाइभ कन्सर्टमा अर्का अतिथि गायक सपन श्रेष्ठ, स्थानीय चर्चित गायक पिउस श्रेष्ठ तथा उनलाई साथ दिने रोशेष श्रेष्ठ, विप्लव श्रेष्ठ, अभिशेक राई, सुवास परियार आदिले श्रोताहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गरे भने त्रिवेणी सांस्कृतिक समूहका कलाकारहरूले नृत्य प्रस्तुत गरेर सबैलाई नचाए।

कार्यक्रममा प्रत्येक गायकले स्टेजमा प्रवेश गर्दा प्रशान्तलाई इन्डियन आइडल बनाउन आर्थिक सहयोग गर्न आग्रह गरेका थिए भने धनकुटावासी संगीतप्रेमीहरू पनि कुनै कञ्जुस्याइँ नगरी कार्यक्रमको अन्त्यसम्म सहयोग प्रदान गरिरहेका थिए। त्रिवेणी संस्कृतिक समूह धनकुटा तथा धनकुटेली युवा समूहको संयुक्त आयोजनामा सम्पन्न लाइभ कन्सर्टमा प्रशान्तलाई सहयोगार्थ रु. १५ हजार संकलन भएको र उक्त रकम यसै साता उत्कृष्ट दुईमा प्रशान्तलाई पुर्‍याउने उद्देश्यले एसएमएस गर्न दार्जीलिङ पठाइने आयोजक संस्थाका सदस्यद्वय रोशेष श्रेष्ठ तथा मुकुन्दप्रसाद अधिकारीले साप्ताहिकलाई बताए।

–भिषा काफ्ले

## हट हेडलाइन

### नियुक्तिमा नातावाद

माओवादीका तर्फबाट सरकारी पदहरूमा नियुक्ति पाउनेमा बढी नातागोताका मानिस छन्। नातागोतालाई नियुक्ति दिलाउने शृंखलामा माओवादीका वरिष्ठ नेता रामबहादुर थापा (बादल) पनि थपिनुभएको समाचार भदौ १९ गते 'बुधबार' साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार बादलकी श्रीमती नैनकला थापालाई माओवादी राष्ट्रिय महिला आयोगको अध्यक्ष बनाइएको छ।

### समाज कल्याणमा माओवादीको कु

सरकार ८ दलीय सहमतिअनुरूप सञ्चालन हुनुपर्ने कुरा गरेर नथाक्ने माओवादी आफैं त्यसविरुद्ध उभिन थालेको र त्यसको उदाहरण समाजकल्याण परिषदमा देखिएको समाचार भदौ १६ गते छलफल साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार माओवादीले जनआन्दोलनपछि सरकारले नियुक्त गरेका परिषदका सम्पूर्ण पदाधिकारीलाई ८ दलको सहमति एवं मन्त्रिपरिषद्को निर्णयविना अवकाश दिएर शाही कदमका समर्थकहरूलाई नियुक्ति दिइएको छ। समाचारअनुसार विभागीय मन्त्री खड्गबहादुर विश्वकर्माको निर्देशनमा यसरी नियुक्ति पाउनेहरूमा जयेन्द्र श्रेष्ठ (सदस्य-सचिव) र मनरूप शाही (कोषाध्यक्ष) सहित सदस्यहरू महेन्द्र लिम्बू, सरद लिम्बू, शिवप्रसाद कट्टेल, अम्बिका न्याइँच्याइँ, शेखर खड्का तथा राधा भट्टराई छन्।

### चन्दा उठाउन युवराज नै सक्रिय

युवराज पारस अहिले बाढिपीडितको सहयोगका लागि चन्दा उठाउन सक्रिय भएको समाचार तरुण साप्ताहिकले भदौ १७ गते प्रकाशित गरेको छ। समाचारअनुसार युवराज पारसले चन्दा उठाउनकै लागि गोकर्णमा गल्फ प्रतियोगिता गराउने भएका छन्। उक्त प्रतियोगितामा घनाढ्य खेलाडीहरूलाई आमन्त्रण गरेर उनीहरूबाट उठेको चन्दा बाढीपीडितहरूलाई उपलब्ध गराइने बताइन्छ। प्रतियोगितालाई आकर्षक बनाउन युवराजले विजेताहरूलाई बेलायतका लागि २ हवाई टिकट, नयाँदिल्लीका लागि २ हवाई टिकटका साथै किया मोटर पुरस्कारस्वरूप उपलब्ध गराउने योजना बनाएका छन्।

### जन्मने नै भयो त नयाँ जत्था ?

तराईमा कांग्रेस तथा एमालेलाई झट्का लाग्ने गरी यी दुवै पार्टीका केन्द्रिय नेता र सांसद मिलेर एउटा नयाँ पार्टी निर्माण गर्न लागेको समाचार भदौ १९ गते 'जनआस्था' साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार दुवै कांग्रेसका ८ जना, एमालेका ५ जना, राप्रपा र सद्भावनाका २-२ जना गरी १५ भन्दा बढी सांसदलाई समेटेर बनाउन लागिएको नयाँ पार्टीको नेतृत्व नेपाली कांग्रेस प्रजातान्त्रिकका पूर्वमहामन्त्री विजयकुमार गच्छदारले गर्दैछन्।

### वाइसीएलमा व्यापक सरुवाको तयारी

नेकपा माओवादीको नेतृत्व अहिले आफ्नै पार्टी सम्हाल्न असफल भएको र संविधानसभाको निर्वाचनको मिति नजिकिँदै जाँदा माओवादीभित्रको विवादले थप विस्तार पाउँदै गएको समाचार देशान्तर साप्ताहिकले भदौ १६ गते प्रकाशित गरेको छ। पार्टीभित्रको विवादलाई मत्थर पार्न प्रचण्डले बेला बखतमा जनविद्रोह र आन्दोलनका कुरा गरे पनि विवाद साम्य हुने कुनै छाँटकाँट देखिएको छैन। समाचारअनुसार माओवादीमा आन्दोलन र संघर्षको पक्षमा रहँदै आएका नेताहरू रामबहादुर थापा (बादल), नेत्रविक्रम चन्द (विप्लव), सीपी गजुरेल आदि अहिले तत्काल सरकार छाड्ने पक्षमा छन् भने प्रचण्ड र डा. बाबुराम भट्टराई आदि नेताहरू सरकार नछाड्ने कुरामा अडिग छन्। त्यसैगरी माओवादी नेतृत्वमाथि वाइसीएलको व्यवस्थापन थप चुनौती बनेको छ। वाइसीएलका क्रियाकलापहरू नियन्त्रणभन्दा बाहिर गएकै कारण प्रचण्डले वाईसीएलको कमाण्ड आफ्नो हातमा लिएका थिए। अहिले प्रचण्ड वाईसीएलको सांगठनिक संरचनामा व्यापक फेरबदल गर्ने निष्कर्षमा पुगेका छन्।

### दुई मन्त्रीबीच झगडा

कर्मचारीहरूको सरुवालाई लिएर माओवादी मन्त्री देव गुरुङ तथा एमालेका राज्यमन्त्री रामचन्द्र यादवबीच झगडा चर्किएको समाचार साँघु साप्ताहिकले भदौ १७ गते प्रकाशित गरेको छ। समाचारअनुसार भदौ १३ गते बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकमा सार्वजनिक भएको मन्त्रीद्वयको झगडाअनुसार स्थानीय विकास मन्त्रालयअन्तर्गतका ४३ जना उपसचिव र वनमन्त्रालयअन्तर्गतका ६७ जना उपसचिव एवं शाखाअधिकृतहरूको सरुवामा सामान्य प्रशासन राज्यमन्त्री यादवले अवरोध सिर्जना गरेको आरोप मन्त्री देव गुरुङले लगाएका छन्। यस विषयमा मन्त्री गुरुङको प्रतिकार गर्दै राज्यमन्त्री यादवले निजामती ऐनअनुसार समयावधि नपुगेकाले आफूले सरुवामा असहमति जनाएको बताएका छन्।

### यार्सागुम्बाको अवैध कारोबारमा

शक्तिवर्द्धक वा यौनवर्द्धक जडिबुटीका रूपमा चर्चित यार्सागुम्बाको अवैध कारोबारमा अन्तर्राष्ट्रिय भूमिगत गिरोहका नायन दाउद इब्राहिमको संलग्नता रहेको समाचार भदौ १४ गतेको साप्ताहिक नेपालीपत्रले प्रकाशित गरेको छ। भारतीय दैनिक पञ्जाबकेसरीको हवाला दिँदै प्रकाशित समाचारअनुसार नेपालबाट तिब्बत हुँदै चीन, कोरिया, जापान, इन्डोनेसिया, हङकङ आदि मुलुकमा हुने यार्सागुम्बाको अवैध कारोबारमा दाउदको संलग्नता रहेको दावी गरिएको छ। समाचारअनुसार नेपालमा यार्सागुम्बाको तस्करीका लागि कहलिएका तथा गोरखा दक्षिणवाहुबाट विभूषित धनुषा जिल्लानिवासी एक व्यक्तिले गर्ने लगानी दाउद इब्राहिमको पैसा हो भन्ने आशंका गरिएको छ। दाउदकै इसारामा यार्सागुम्बाका संकलनकर्ता तथा व्यापारीले प्रतिकिलो यार्सागुम्बाका लागि २ करोड रुपैयाँसम्म खर्च गर्ने गरेको तथ्यले यसमा व्यापारीहरूका अतिरिक्त मानवअधिकारवादी, राजनैतिककर्मी एवं सुरक्षाकर्मीहरू समेत मुछिन सक्ने आशंका उक्त साप्ताहिकको छ।

## मेरो विचार

### संविधानसभा निर्वाचन र यसको महत्व

संविधानसभाको निर्वाचनप्रति सबै क्षेत्रको सहयोग त रहनुपर्छ नै त्यसभन्दा पहिले यसको प्रक्रिया, विधि तथा अन्य जानकारीहरू सम्पूर्ण जनताले बुझ्ने भाषामा दिनुपर्छ। संविधानसभाको निर्वाचन ३ तरिकाबाट सम्पन्न गर्न सकिन्छ। समानुपातिक निर्वाचनमा हरेक क्षेत्रबाट समान सहभागिता रहने भएकाले यो विधि बढी प्रभावकारी देखिएको हो। हरेक पक्षको उपस्थिति रहने भएकाले यसको महत्व बढी छ। यो व्यवस्थालाई वा निर्वाचनलाई व्यवस्थित, मर्यादित तथा निष्पक्ष बनाउन दलगत स्वार्थ जस्ता क्रियाकलापलाई राज्यले निषेध गर्नुपर्छ। जनतालाई प्रत्यक्ष रूपमा संविधानका ज्ञाताहरूसँगको छलफल-परामर्शको आवश्यकता रहन्छ। जनतालाई नै प्रत्यक्ष प्रयोग गरिने यो सभामा जनता नै सर्वेसर्वा हुन्छन्। यसको सफलताका लागि राज्यमा पूर्ण लोकतान्त्रिक व्यवस्था, शान्ति, तटस्थ प्रशासनिक राज्य एवं सुरक्षाको व्यवस्थापन गरिनुपर्छ। समानुपातिक निर्वाचन गराइँदा छुट्न सक्ने क्षेत्रमा आरक्षणको व्यवस्था गरिनुपर्छ। विधिको शासन, जनताको मौलिक अधिकार तथा सुव्यवस्थित राज्य नयाँ संविधानको उद्देश्य हुनुपर्छ।

–कपिल भट्ट, दोलखा

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा-अड्चनहरू के-के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के-के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। उत्कृष्ट प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## हाम्रो नेपालमा

### ८० वर्षमा पाँचौ विवाह

त्यसो त कति वर्षमा विवाह गर्नुपर्छ भन्ने कुरा सम्बन्धित मानिसको रुचिमा भर पर्छ। कानुनमा विवाहका लागि जतिसुकै उमेर तोकिएको भए पनि मानिसले आफूलाई पायक पर्ने उमेरमा विवाह गर्छ। औसत नेपालीले पिण्ड-पानी खानुपर्ने उमेरमा विवाह गरेका समाचारहरू ज्यादै कम आउँछन्। एउटा यस्तै समाचार यो साता धादिङ जिल्लाबाट आएको छ। समाचारअनुसार स्थानीय सुनौला बजार गाविस वडा नम्बर ७ निबुवास्वारा गाविसका ८० वर्षीय वृद्ध देवीनाथ योगीले भदौ ११ गते पाँचौं विवाह गरेका छन्। उनले गोरखा जिल्लाको लक्ष्मी बजार गाविस वडा नम्बर ७ की ३५ वर्षीया लक्ष्मी अधिकारीसँग विवाह गरेका हुन्। योगीले यसअघि गत जेठमा चौथो विवाह गरेका थिए, तर उनकी चौथी श्रीमतीले उनलाई एक महिनामै छाडेपछि उनले पाँचौं विवाह गरेका हुन्। उता लक्ष्मीका पति १४ वर्षअघि बिदेसिएपछि नफर्किएकाले लक्ष्मीले दोस्रो विवाह गर्ने निर्णय गरेकी हुन्। योगीका ३ छोरा १३ नातिनातिना र ९ पनातिपनातिना छन्। विवाहपछि आफ्ना पतिका बारेमा टिप्पणी गर्दै लक्ष्मीले भनिकी छिन्- 'मेरा श्रीमान् मैले सोचेभन्दा निकै बलियो र तन्दुरुस्त छन्।'

### रेडक्रसलाई गाई दान

कुनै पनि व्यक्तिले दिएको दानको सदुपयोग हुनुपर्छ। हाम्रा धर्मशास्त्रमा दानको यस्तै महिमा गाइएको छ। आफ्ना आमाबाबुको पुण्यतिथिमा ब्राह्मणलाई गरिने गौदानको पछाडि पनि यस्तै धार्मिक मान्यता लुकेको छ, तर आजभोलि दानमा पाएको गाई बेचिखाने चलन बढ्दै गएपछि दानको महिमा पनि घट्न थालेपछि संखुवासभा जिल्लाको चैनपुर गाविस वडा नम्बर १ का मोहनबहादुर अधिकारीले आमा लालकुमारीको वार्षिकीमा स्थानीय रेडक्रसको उपशाखालाई गौदान गरेर दानको नमुना प्रस्तुत गरेका छन्। रेडक्रसले दूध र बाच्चाबाच्छीको बिक्रीबाट आएको रकम मानवीय काममा लगाओस् भनेर बाहुनलाई नभई रेडक्रसलाई गौदान गरेको अधिकारीले बताए। अहिले दानमा प्राप्त उक्त गाई रेडक्रसले उपसभापति टीकाराम शाहीलाई अधियामा पाल्न दिएको छ।

### एउटा नागरिकता दुई व्यक्ति, तीन जागिर

एउटै नागरिकता दुई जनाले तीनवटा जागिर खाएको घटना सुन्दा सबैलाई आश्चर्य लाग्न सक्छ। तर पर्वत जिल्ला ठानामोला गाविस वडा नम्बर ७ का कुमार घलेको नागरिकता प्रयोग गरेर स्थानीय इमानसिंह घलेले २ वटा जागिर खाएका छन् भने कुमार घले त्यही नागरिकताले बेलायती सेनामा जागिरे छन्। कुमार घलेको नामबाट भारतीय सेनामा भएका इमान गुरुङ अहिले नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसनको हतियार अनुगमन टिममा कार्यरत छन्। इमानसिंहले आफ्नो फोटो टाँसेर २०६३ मंसिर २७ गते कुमार घलेको नामको प्रतिलिपि नागरिकता लिएपछि त्यस्तो रहस्य खुलेको हो। कुमार घलेले ५५९६ नम्बरको उक्त नागरिकता २०४३ कात्तिक ४ गते जिल्ला प्रशासनबाट लिएका थिए।

### र अन्त्यमा

एउटै रूखमा सय थरी हाँगा देख्नुभएको छ? दक्षिणी भोजपुरको संखामचुली भीरमा एउटा त्यस्तै रूख फेला परेको छ। सदरमुकामदेखि १४ कोस दक्षिणको यो अग्लो भीरका ठूला-ठूला ढुंगाबीच एउटा ठूलो बूढो रूख छ। उक्त रूखमा अरू विभिन्न जातका रूखका हाँगा र पातहरू पलाएका छन्। उक्त रूखलाई स्थानीय बूढापाकाहरू 'सय वृक्ष' का नामले चिन्छन्। उक्त रूखमा वर, पीपल, श्रीष, धूपी, सल्ला आदि विभिन्न जातका रूखका पातहरू प्रस्टै चिन्न सकिन्छ।

### बुढेसकालमा स्कुल



हेटौंडा- एकाबिहानै आफ्नो घरको काम सिध्याएर ड्रेसमा सजिएर विद्यालय जाने गृहिणीहरूको ताँती देख्दा अहिले मकवानपुरको पदमपोखरी पुग्ने जो कोही पनि आश्चर्यमा पर्छन्। पदमपोखरीमा अहिले ४ सय ५७ जना गृहिणी विद्यालय जान थालेका छन्। उनीहरूलाई बिहान छ बजे नै विद्यालय पुग्न हतार हुन्छ। मकवानपुरको पदमपोखरी गाविसस्थित महेन्द्र उच्च माध्यमिक विद्यालयले यही शैक्षिक सत्रदेखि सञ्चालन गरेको गृहिणी कक्षामा त्यस गाविसका मात्र नभई चुरियामाई गाविस, हाँडीखोला गाविस तथा भीमफेदी गाविसका समेत गृहिणीहरू अध्ययन गरिरहेका छन्। गृहिणी कक्षामा सामेल हुनेहरूमा २० वर्षदेखि ७० वर्षसम्मका गृहिणी छन्।

यही शैक्षिक सत्रदेखि कक्षा २, ३, ४, ५ र ८ मा गृहिणी कक्षा सञ्चालन भैरहेको विद्यालयका प्राचार्य शंकर रोक्काले बताए। महेन्द्र मावि पदमपोखरीमा गृहिणी कक्षा सुरु भएको थाहा पाएर भीमफेदीदेखि पदमपोखरीमा आएर कोठा लिएर बसेका ४ जना गृहिणी पढेर भविष्यमा जागिर खाने धोको भएको बताउँछन्। भीमफेदीकी कल्पना भन्छिन्- 'पढ्नलाई उमेरले छेक्छ र?, उमेरमा पढ्न नपाए पनि अहिले अध्ययन गर्न पाएकोमा खुसी छु।' अधिकांश गृहिणीहरू ज्ञान हासिल गरेपछि कसैले पनि आफूलाई ढाँट्न, छक्याउन नसक्ने बताउँछन्।

–रुपेश दुलाल

## संविधानसभा | व्यक्ति-अभिव्यक्ति

माओवादी नेतृत्वले संविधानसभाका लागि नयाँ सर्त अघि सार्नु कुनै पनि अर्थमा उचित होइन। यसले शान्ति प्रक्रियाप्रतिको माओवादी निष्ठामा नै गम्भीर प्रश्न खडा गरेको छ। गणतन्त्र तथा समानुपातिक निर्वाचन प्रणालीको कार्ड फयाँक्नु संविधानसभाप्रतिको उसको चालबाजी मात्र हो भन्ने प्रमाणित गरेको छ।

**शंकर पोखरेल, नेता, नेकपा (एमाले)**

मैले अहिले संविधानसभा निर्वाचनबाहेक केही देखेको छैन। राष्ट्र निर्वाचनको लक्ष्यका साथ अघि बढेको छ। उच्च पदमा रहेका वा जनताले मानेका व्यक्तिहरूले निर्वाचनका बारेमा नकारात्मक कुरा गरे लक्ष्यहीन भइन्छ। अहिलेको राष्ट्रिय लक्ष्य संविधानसभा हो। यो राष्ट्रिय लक्ष्यलाई कुनै व्यक्ति वा समूहको हितमा भन्दा सामूहिक हितमा लगाउनु हाम्रो कर्तव्य हो। यो भएन र ऊ भएन भन्दै हिँड्ने होइन, त्यो कुरा पाउन आफूले के गर्यौं त्यो पनि सोचौं।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

संविधानसभा निर्वाचनमा सबैभन्दा पहिले निर्वाचनको प्रचार-प्रसार सुरु गर्ने नेकपा (एमाले) भएको छ। यसको दुःखदायी परिणाम के भयो भने कालीकोटमा हाम्रा साथीहरूमाथि वाईसीएल तथा माओवादीले आक्रमण गरे। भोजपुरमा पनि हाम्रा साथीहरूमाथि आक्रमण भयो। कसै-कसैले भन्न थालेका छन्, आक्रमण गर्नेमाथि जाई नलाग्ने एमालेजस्तो संघठित पार्टीलाई सुहाउँदैन, तर हामी भन्छौं– हामी शान्तिपूर्ण निर्वाचनको पक्षमा छौं। यदि हामीले पनि चुनावको मुखमा आक्रमण गर्न थाल्यौं भने हामी र वाईसीएलबीच अन्तर नै के रहयो र?

**बामदेव गौतम, नेता, नेकपा (एमाले)**

अहिले पनि संविधानसभाको निर्वाचन हुन्छ भन्ने ग्यारेन्टी छैन। बाहिर संविधानसभाको प्रतिबद्धता जनाउने, भित्रभित्र सत्तामा बस्ने अवधिलाई लम्ब्याउँदै संविधानसभा टार्ने खेलहरू भैरहेका छन्। नेपाल षड्यन्त्रै-षड्यन्त्रको मुलुक हो भन्ने प्रमाणित भैसकेको छ। हामीले संविधानसभा नचाहने तत्त्वहरू पनि २००७ सालदेखि नै चिनेकै हौं। जति किनारा लगाए पनि त्यो एउटा सामन्तवर्गीय संगठन भएकाले उसले संविधानसभा चाहँदैन। माओवादीले जति संविधानसभा-संविधानसभा भने पनि उसले आफ्नो मूल लक्ष्य सशस्त्र जनवादी गणतन्त्रलाई नै बनाएको छ। उसका लागि संविधानसभा एउटा बटम लाइन मात्र हो। यो माओवादीले पहिलो वार्ताकालदेखि नै भन्दै आएको छ। यी सबै कारणले मलाई बेलैमा हामीले सोचेजस्तो संविधानसभा निर्वाचन हुन्छ भन्ने कुरामा शंका छ।

**दमननाथ ढुंगाना, पूर्वसभामुख**

सरकारले पहिलोपल्ट मधेसीहरूको मागलाई व्यवस्थित गर्न मधेसीसँग सम्झौता गरेको छ। यसले मधेसीको भलो त गर्छ नै, त्यो भन्दा पनि मधेसीभित्र दलित एवं जनजातिलाई यो सम्झौताले समेटेको छ। यी सबै कुराले संविधानसभा निर्वाचनको वातावरण बन्ने निश्चित छ। म मधेसी जनअधिकार फोरमका तर्फबाट संविधानसभा निर्वाचनलाई सहयोग गर्न कटिबद्ध छु। यदि सरकारले हामीसँग गरेको सम्झौता लागू गर्ने हो भने संविधानसभाको निर्वाचनले नै मधेसीको कल्याण गर्छ।

**उपेन्द्र यादव, अध्यक्ष, मधेसी जनअधिकार फोरम**

यही वातावरणमा निर्वाचन गरेर फाइदा छैन। नगराउँदा पनि संवैधानिक संकट छ। राजाले कू गर्ने हल्ला त छँदैछ। देश अराजकतातर्फ गयो भने कुको पनि सम्भावना रहन्छ। त्यसैले हामीले भनेका छौं, पहिले गणतन्त्रको घोषणा गर, अनि मात्र संविधानसभाको निर्वाचन गराऊ। यसो भयो भने लडाइँ पनि गणतन्त्रभित्रै हुन्छ। बाहिरियाले फाइदा लिन सक्दैनन्। अहिले त सबै कुरा राजतन्त्रकै वरिपरि घुमेको छ।

**सीपी जगुरेल, नेता, नेकपा (माओवादी)**

मंसिर ६ गतेको निर्वाचनलाई कसैले रोक्न सक्दैनन्। निर्वाचन भएन भने मुलुक गृहयुद्धको चपेटामा पर्छ। न माओवादी रहन्छन्, न दलहरू रहन्छन्। निर्वाचन भएन भने देशलाई नै आघात हुन्छ, यो ध्वस्त हुनसक्छ। यदि देश बचाउने हो भने संविधानसभा अपरिहार्य छ। राजनैतिक स्थायित्वका निम्ति मात्र होइन, मुलुकको विकासका निम्ति पनि मंसिर ६ मै निर्वाचन अपरिहार्य छ।

**सुशील कोइराला, नेता, नेपाली कांग्रेस**

## कान्तिपुर समाचार डायरी

### निर्वाचन क्षेत्र दुई सय चालीस

निर्वाचन क्षेत्र आयोगले सिफारिस गरेअनुसार नेपाललाई २ सय ४० निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ। यसरी निर्वाचन क्षेत्र कायम गर्दा भूगोलका आधारमा तराईका ११ र पहाडका २ जिल्लाका निर्वाचन क्षेत्रलाई केही परिवर्तन गरिएको छ। यसरी निर्वाचन क्षेत्र परिवर्तन गरिएका जिल्लाहरूमा सुनसरी, सप्तरी, बारा, नवलपरासी, रुपन्देही, दाङ, झापा, धनुषा, महोत्तरी, सर्लाही, पर्सा, काठमाडौं तथा कास्की छन्। निर्वाचन क्षेत्र पुनरावलोकन कार्य भौगोलिक, सांस्कृतिक, यातायात सुविधा एवं जनसंख्याका आधारमा गरिएको छ।

### २२ हजार मतदान केन्द्र

आगामी संविधानसभा निर्वाचनका लागि निर्वाचन आयोगले २ सय ४० निर्वाचन क्षेत्रमा २२ हजार मतदात केन्द्र राख्ने भएको छ। यसका लागि आयोगले ४५ हजार मतपेटिका प्रयोग गर्नेछ। निर्वाचन आयोगका अनुसार संविधानसभा निर्वाचनका लागि ९ हजार २ सय ४६ स्वयमसेवक खटिनेछन्।

### संस्थानका कर्मचारीलाई डेढ लाख खर्च

सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीका लागि सरकारले प्रतिवर्ष प्रतिव्यक्ति १ लाख ६६ हजार रुपैयाँ खर्च गरिरहेको छ। यो खर्च कर्मचारीलाई उपलब्ध तलब-भत्ता, उपदान, पेन्सन तथा औषधी-उपचार बाहेकको खर्च हो। सरकारको स्वामित्वमा रहेको ३६ वटा सार्वजनिक संस्थानमा अहिले ३६ हजार ९ सय ७४ कर्मचारी कार्यरत छन्।

### ३ हजार ५ सय बालकेन्द्र थपिने

नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागले चालू आर्थिक वर्षमा ३ हजार ५ सय थप नयाँ बालविकास केन्द्र खोल्ने भएको छ। यस्ता बालविकास केन्द्रहरू अति पिछडिएको समुदायमा खोलिनेछ। ती समुदायमा खोलिने बालविकास केन्द्रमध्ये ५ सय २५ बालविकास केन्द्रलाई सरकारले ९० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।

### प्राचीन गुम्बाको वृत्तचित्र बनाइने

सरकारले नेपालमा रहेका ५ सय वर्षभन्दा पुराना पुरातात्त्विक महत्त्वका गुम्बालाई वृत्तचित्रमा समेट्ने भएको छ। यो कार्यक्रमअन्तर्गत ५ सय वर्षभन्दा पुराना ९० वटा गुम्बा समेटिनेछन्। स्थानीय विकास मन्त्रालय गुम्बा व्यवस्था तथा विकास समितिका अनुसार नेपालमा दर्ता भएका १ हजार ५ सय ६४ गुम्बामध्ये ९० वटा गुम्बा ५ सय वर्षभन्दा पुराना छन्। त्यसैगरी २ सय ७५ गुम्बा १ सय वर्षदेखि ५ सय वर्षसम्म पुराना छन्। सय वर्षयताका गुम्बाको संख्या १ हजार १ सय ९९ छ।

# कृषि क्याम्पसलाई विश्वविद्यालय बनाउने तयारी



चितवन– कृषि एवं पशुविज्ञानको क्षेत्रमा दक्ष जनशक्तिको अभाव पूरा गर्दै आएको कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुरले स्थापनाको पचासौं वार्षिकोत्सव स्वर्णजयन्तीका रूपमा मनाएको छ। देशभरिमै कृषि तथा पशु विज्ञानसम्बन्धी उच्च शिक्षा दिने एक मात्र क्याम्पस यही हो भने यसकै दुई शाखाबाट पनि कृषिमै आधारित अध्ययन-अध्यापन हुने गरेको छ।

स्वर्ण जयन्ती मनाउने क्रममा यो क्याम्पसलाई विश्वविद्यालय बनाउने चर्चाले पनि व्यापकता पाएको छ। नेपालमा कृषि विश्वविद्यालय नभएका कारण पनि यसलाई विश्वविद्यालय बनाउने चर्चाले ठाउँ पाएको हो। स्वर्णजयन्तीको अवसर पारेर आयोजित कार्यक्रममा शिक्षा तथा खेलकुदमन्त्री प्रदीप नेपालले यो क्याम्पसलाई यसै आर्थिक वर्षभित्र पूर्वाधारहरू तयार गरी वन तथा कृषि विश्वविद्यालय बनाइने जानकारी दिए। नेपालले कृषि क्याम्पस स्वतन्त्र विश्वविद्यालय नभएर त्रिभुवन विश्वविद्यालयअन्तर्गतको पहिलो विश्वविद्यालय हुने बताए। सरकारले ०६४/६५ को बजेटमार्फत यो क्याम्पसलाई विश्वविद्यालय बनाउने कुरा सार्वजनिक गरिसकेको छ।

नेपाल कृषिप्रधान देश भए पनि कृषिमै दक्ष जनशक्तिको अभाव खड्किएकाले २०१४ भदौ ५ गते सिंहदरबारको पुतली बगैंचाबाट सुरु गरिएको यो संस्थानले विभिन्न खुड्किलो पार गर्दै स्वर्णजयन्ती मनाएको हो। स्थापनाकालको १० वर्षपछि मात्र उक्त संस्थानलाई कृषि क्याम्पसमा रूपान्तरण गरियो। तत्कालीन समयमा कृषि क्षेत्रमा प्रचारप्रसार र जनशक्तिको अभाव खड्किएको बेला यो क्याम्पसले जुनियर टेक्निकल असिस्टेन्टबाट अध्ययन-अध्यापन सुरु गरेको थियो। हाल कृषि स्नातक, पशु चिकित्सा स्नातक, स्नातकोत्तर तथा विद्यावरिधिसमेत यसै क्याम्पसबाट हासिल गर्न सकिन्छ। २०३० सालमा चितवनको रामपुरमा स्थानान्तरण गरिएको यो क्याम्पसलाई विक्रम संवत् २०२५ सालमा त्रिभुवन विश्वविद्यालयले मान्यता दिएको थियो। त्रिभुवन विश्वविद्यालयका उपकुलपति माधव शर्मा यो क्याम्पसलाई कृषि विश्वविद्यालय बनाउने कुरामा जोड दिँदै भन्छन्- 'त्रिभुवन विश्वविद्यालयका चार संस्थानमध्ये कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर कृषिको क्षेत्रमै अग्रणी स्थानमा रहेकाले यसलाई विश्वविद्यालय बनाउनुपर्छ।

यही क्याम्पसको मातहतमा दुई शाखाको विस्तारसमेत गरिएको छ। २०३२ र २०३५ सालमा क्रमशः लमजुङको सुन्दरबजार र रूपन्देहीको पक्लिहवामा यसका शाखाबाट पनि अध्ययन-अध्यापन कार्य सुरु गरिएको थियो। लमजुङ र पक्लिहवा क्याम्पसबाट चारवर्षे कृषि स्नातकको पहिलो दुई वर्षको पढाइ हुन्छ।

यो संस्थानले हालसम्म जेटीए, जेटी तथा प्रमाणपत्र गरी ६ हजार ७ सय २४ दक्ष जनशक्ति उत्पादन गरेको छ भने ३ सय ४३ व्यवसायी कृषि शिक्षक, २ हजार ३ सय ६७ कृषि स्नातक, ३९ जना पशुविज्ञान स्नातक, २ सय ६५ भेटेनरी डाक्टर, ३ सय ५० स्नात्तकोत्तर तथा २ जना विद्यावरिधि उत्पादन गरेको छ। स्थापना कालदेखि हालसम्म १२ हजार दक्ष जनशक्ति उत्पादन गरेको संस्थानको दाबी छ।संस्थानबाट उत्पादन भएका जनशक्ति हाल कृषि शिक्षा, कृषि प्रविधि विकास तथा गरिबी निवारणका विभिन्न कार्यक्रममा संलग्न रहेको क्याम्पसका पदाधिकारीहरू बताउँछन्। हाल यो अध्ययन संस्थानले पशु चिकित्सा तथा मत्स्यपालनका १८ विषयमा स्नात्तकोत्तर र ३ विषयमा विद्यावरिधिको कक्षा सञ्चालन गर्दै आएको छ। संस्थानले उत्पादन गरेको अनुसन्धान कार्यक्रमअन्तर्गत कृषकहरूलाई कृषि प्रविधिहरू उपलब्ध गराइँदै आएको छ। नेपालमा कृषि क्रान्ति सम्पन्न गर्न कृषि विश्वविद्यालय अपरिहार्य भएका बताउँदै क्याम्पसका डिन प्राध्यापक दुर्गादत्त ढकाल भन्छन्-'विश्वविद्यालय बनाउने घोषणालाई छिटोभन्दा छिटो कार्यान्वन गर्नुपर्छ।' ढकालका अनुसार विश्वविद्यालय भएपछि नेपालमा कृषि, वन आदि क्षेत्रमा दक्ष जनशक्तिको अभाव हुने छैन।

रामपुर, लमजुङ तथा पक्लिहवाका क्याम्पसको भौतिक पूर्वाधारअन्तर्गत कक्षाकोठा, प्रयोगशाला, डिस्पेन्सरी, कम्प्युटर सेन्टर, रंगशाला, पुस्तकालय, शैक्षिक उपकरण, छात्रावास गृह, आवास गृह, प्राथमिक एवं माध्यमिक विद्यालय, पशु फार्म, बाली फार्म, बागबानी आदि छन् भने रामपुर क्याम्पसमा भेटेरिनरी टिचिङ हस्पिटल, माछा फर्म आदि पूर्वाधार निर्माणका क्रममा छन्। हाल यो क्याम्पसमा १ सय ४५ शिक्षक तथा ४ सय ६५ कर्मचारी कार्यरत छन्। अधिकांश प्राध्यापक भारत, बेलायत, अमेरिका, फिलिपिन्सबाट विद्यावरिधि गरी अध्यापनमा जुटेका छन्। संस्थानका अधिकांश भौतिक पूर्वाधार विश्व बैंक तथा अमेरिकी सहयोगअन्तर्गत तयार भएका छन्।

यो संस्थानले समुदायमा रहेका किसानलाई कृषि उत्पादन तथा पशुपालनसम्बन्धी तालिम, बोटबिरुवा प्रदान, वन जोगाउन गरिने प्रयास एवं प्राविधिक सेवाहरू प्रदान गर्दै आएको संस्थानका पदाधिकारीहरू बताउँछन्। हाल यो क्याम्पसमा ७ सय ४० भन्दा बढी विद्यार्थी अध्ययनरत छन्।

**–प्रवीण दत्त**

# केही नपाएपछि शिक्षक

**विश्वमणि अधिकारी**

वैदिक कालमा शिक्षकलाई देवताका रूपमा घियावसु, अग्निप्रेणता, विश्ववेदा, जातवेदा, ब्रह्मा, विष्णु, महेश्वरजस्ता सम्मानसूचक विशेषण प्रयोग गरिएको पाइन्छ। यसैगरी हाम्रो संस्कृतिमा मातृदेवो भवः, पितृदेवो भवः, गुरुदेवो भवः तथा अतिथिदेवो भवः भनेर आमा बाबुसँगै गुरुलाई पनि उत्तिकै सम्मान प्रकट गरिन्छ। वास्तवमा शिक्षक बालबालिकाहरूको भविष्य निर्माता भएकाले नै यी विशेषण दिइएको हो। शिक्षकले प्रदान गर्ने ज्ञानबाटै एउटा बालक पूर्ण मानव बन्न सक्छ। फेरि विद्याविहीन मनुष्य पशुसमान भन्ने उखान त्यसै आएको होइन। के गर्न हुन्छ र के गर्न हुँदैन भन्ने कुरा थाहा पाउने भएर नै मानिस अन्य प्राणीभन्दा पृथक् हुन सकेको हो। यस अर्थमा पनि कलिला बालबालिकाको भविष्य बोकेर हिँड्ने शिक्षक सम्माननीय पेसा हो, तर पछिल्ला दिनमा आएर सबैभन्दा उपेक्षित पेसा नै शिक्षण बनेको छ।

शिक्षा आर्जन गरिसकेपछि त्यसको उपयोग गर्नैपर्छ, अर्थात् पढिसकेपछि कि कुनै उद्योगधन्दा सञ्चालन गर्नुपर्‍यो कि त जागिर खानुपर्‍यो। यस क्रममा पढाइ सिध्याएको एउटा उत्कृष्ट व्यक्ति अर्थात् टपरले जागिर खोज्नुपर्‍यो भने सबैभन्दा पहिले ऊ निजी क्षेत्रतर्फ आकर्षित हुन्छ वा निजी क्षेत्र ऊ आफ्नो हातबाट उम्कन्छ कि भनेर पहिले नै उसलाई आफ्नो बनाउन लागिपर्छ। यसैगरी निजी क्षेत्रको केन्द्र बन्न नसकेकाहरू पनि कि सरकारी जागिरतर्फ आकर्षित हुन्छन् वा अन्तै लाग्ने प्रयास गर्छन्, तर उनीहरू सकभर शिक्षक बन्नु नपरोस् भन्नेमा हुन्छन्। आखिर युवाहरू किन शिक्षण पेसालाई यति उपेक्षाका दृष्टिले हेरिरहेका छन् ? यसमा शिक्षकहरू स्वयं दोषी छन् कि हाम्रो समाज ? शिक्षण पेसा अहिलेको जस्तै कमजोर व्यक्तिहरू थुप्रिने स्थान र अन्त नपाए जाने ठाउँ बन्ने हो भने यसै त पछाडि परेको हाम्रो देशको शैक्षिक स्तर अझ पछाडि धकेलिनेछ।

शैक्षिक क्षेत्रमा संलग्न विभिन्न व्यक्तिमध्ये शिक्षकको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ, किनकि उनीहरू कार्यान्वयन तहमा हुन्छन्। हुन पनि शिक्षकको अनुपस्थितिमा ज्ञानगुनका कुरा तथा शिक्षणको कल्पनासमेत गर्न सकिँदैन। अझ गुणस्तरीय शिक्षाको कुरा गर्दा शिक्षकहरूको योग्यता, इमान्दारिता, तालिम आदि क्षमताको कुरा आइहाल्छ, किनकि तालिमप्राप्त, योग्य, दक्ष एवं अनुभवी शिक्षकले मात्र शिक्षाका उद्देश्य सरल, व्यवस्थित एवं प्रभावकारी ढंगले पूरा गर्न सक्छन्। यी सबै गुणका लागि राज्यको पनि आफ्नै दायित्व हुन्छ भने शिक्षकहरूले आफ्नो अधिकारलाई भन्दा कर्तव्य र सेवालाई महत्त्व दिनुपर्छ। सरकारले शिक्षाशास्त्र संकायका विद्यार्थीहरूलाई एक तह पूरा गरेपछि विशेष भत्ता दिई कम्तीमा एक वर्ष ग्रामीण विद्यालयमा पढाउन जानुपर्ने व्यवस्था गर्ने हो भने सुनमा सुगन्ध हुनेछ। यसबाट उनीहरूले अनुभव त पाउँछन् नै, साथसाथै वर्षौंदेखि शिक्षकको अभावमा राम्रोसँग पढ्न नपाएका ग्रामीण क्षेत्रका विद्यार्थीहरूलाई गुनसमेत हुनेछ। शिक्षक-शिक्षिकाहरूले आफ्ना गुनासा र मागहरू पूरा गर्न विद्यालय बन्द होइन कि विद्यार्थी र अभिभावकसमेतलाई साथ लिएर अघि बढ्दा सबैको मन जित्न सक्छन्।

नेपालको सन्दर्भमा कुरा गर्दा शिक्षकहरूको काँधमा विशेष जिम्मेवारी छ। गरिबी, अशिक्षा, कुरीति तथा कुसंस्कारले जेलिएको नेपाली समाजलाई समुन्नत बनाउन शिक्षकले धेरै काम गर्न सक्छन्। शिक्षकले कुशल शिक्षकका रूपमा, समुदायको सचेत नेताका रूपमा, लोकतान्त्रिक मूल्यको वाहकका रूपमा, बालविकासको प्रेरकका रूपमा, विकास कार्यको सहयोगीका रूपमा महत्त्वपूर्ण भूमिका निभाउन सक्छन् र निभाउनु पनि पर्छ। यसका लागि अहिले सबैभन्दा उपेक्षित पेसा बन्न पुगेको शिक्षणलाई आकर्षक एवं अझ बढी प्रभावकारी बनाई समाजका उत्कृष्ट व्यक्तिहरूको जमघटको थलो बनाउनेतर्फ सरकारले कदम चाल्नुपर्छ। शिक्षण पेसा अहिलेजस्तो अन्त काम नपाएर थन्किने पेसा होइन कि शिक्षण पेसामा प्रवेश गर्न व्यक्तिले अत्यन्त कडा परिश्रम गर्नुपरोस्।

त्यसो त शिक्षण पेसा उपेक्षित बन्नुमा स्वयम् यो क्षेत्रमा कार्यरत शिक्षकहरू पनि दोषी छन्। उनीहरू आफ्नो कर्तव्यभन्दा अधिकारलाई बढी महत्त्व दिन्छन्। अझ अधिकारको प्रयोगभन्दा दुरुपयोग बढी भएको पाइन्छ। प्रयोगात्मक विषयलाई विद्यार्थी तर्साउने हतियारका रूपमा प्रयोग गरिनु यसको ज्वलन्त उदाहरण हो। अझ घरपायक रहेर शिक्षण पेसा अपनाउनेहरूको व्यवहारबाट शिक्षण पेसा धेरै आलोचित बनेको छ। विद्यालयमै हँसिया, डोको, नाम्लो ल्याएर आधा दिनमै घाँस काट्न विद्यालयबाट फुत्कनु अनि भैंसी बाली गयो-गएन, छाकमा कति माना दूध दिन्छ, पाडो कि पाडी रे भनी दिनभर गफ चुटेर बस्नु गाउँघरतिरका सरकारी विद्यालयका कतिपय शिक्षकको दैनिकी हो भन्दा जिब्रो टोक्नैपर्ने अवस्था छ। त्यसैले स्वयम् शिक्षकहरूले पनि विचार पुर्‍याएर शिक्षण पेसालाई मर्यादित बनाउन कदम चाल्नुपर्ने देखिन्छ। निजी विद्यालयमा कार्यरत शिक्षकहरूले कहिले अर्को जागिर पाइएला र छोडौंला भन्ने विचार मनमा लिनु भएन। यदि पढाउने मन छैन भने पहिल्यै शिक्षण पेसामा प्रवेश नगरे हुन्छ।

मनोरञ्जन र स्वतन्त्रताका क्षेत्रमा विदेशीहरूको नक्कल गर्न उत्साहित हुने तर शिक्षाक्षेत्रमा चाहिं उनीहरूको व्यवहार नक्कल गर्न वास्ता नगर्ने हाम्रो बानी स्वार्थी छ। भनिन्छ, अमेरिका, बेलायत, जापानजस्ता राष्ट्रमा उत्तम विद्यार्थीले आफ्नो पहिलो प्राथमिकता शिक्षण पेसालाई दिन्छन् र कथंकदाचित शिक्षण पेसा अपनाउन नपाए बल्ल अरू क्षेत्रतर्फ लाग्छन्। सायद त्यही भएर होला, उनीहरूको शैक्षिक स्थिति अत्यन्त राम्रो छ, जसका कारण उनीहरू दिन-प्रतिदिन विकासको पथमा लम्किरहेका छन्। दुर्भाग्य, हामी भने सधैं यही अशिक्षा, गरिबी, कुरीति एवं कुसंस्कारमा बाँच्न बाध्य छौं।

कुनै पनि राष्ट्रको विकासको मूल आधार भनेको शिक्षा नै हो। शिक्षाको माध्यमबाट नै देशले भोगेका अशिक्षा, गरिबी, कुरीति तथा कुसंस्कारहरूबाट पार पाउन सकिन्छ। जसका लागि शिक्षा प्रदान गर्ने व्यक्ति अर्थात् शिक्षक उत्तम हुनुपर्छ। शिक्षक उत्तम हुनका लागि शिक्षण पेसा मर्यादित हुनु पहिलो सर्त हो। त्यसैले शिक्षण पेसालाई सम्मानित बनाई देशलाई विकास र संस्कारको बाटोमा हिँडाउन यो पेसा अहिलेजस्तो अन्त काम नपाएर थन्किने क्षेत्र बन्नु हुदैन।

***(अधिकारी ड्याफोडिल पब्लिक स्कुल, काठमाडौंका शिक्षक हुन्।)***



पोखरामा फेसनको कक्षा लिँदै शिक्षक तथा विद्यार्थीहरू। तस्बिर : श्रीसच

विज्ञान

## गर्भधारणका लागि दुग्धजन्य पदार्थ

पर्याप्त घ्यू भएको दूध (होल मिल्क) तथा आइसक्रिम खाने महिलाहरू गर्भवती हुने सम्भावना बढी भएको हालै गरिएको एक अनुसन्धानले प्रमाणित गरेको छ। २४ देखि ४२ वर्ष उमेरका १८ हजार ५ सय ५५ महिलाको बीचमा सन् सन् १९९१ देखि १९९९ सम्म गरिएको सर्वेक्षणले उक्त निष्कर्ष निकालेको हो। घ्यूको मात्रा कम भएका दुग्धजन्य पदार्थ दिनको ३-४ पटक सेवन गर्ने महिलाहरूमा गर्भवती हुने सम्भावना बढी घ्यू भएको दुग्धजन्य पदार्थ सेवन गर्ने महिलाहरूको तुलनामा ८५ प्रतिशतले कम हुने निष्कर्षमा अमेरिकाको हावर्ड विश्वविद्यालयका अन्वेषकहरू पुगेका छन्।

## बाँझी हुन सक्छन् मोटी महिलाहरू

अस्ट्रेलियाली अनुसन्धान कर्ताहरूले चिल्लो भोजनले डिम्बासयको डिम्बलाई नष्ट गर्ने र त्यसले अण्डलाई स्वस्थ भ्रूण बन्न रोक्ने तथ्य फेला पारेका छन्। यो निचोडले धेरैजसो मोटी महिला किन सन्तान पाउन सक्दैनन् भन्ने तथ्यलाई पुष्टि गर्न मद्दत पुऱ्याएको ती अनुसन्धान कर्ताहरूले जनाएका छन्।

मोटोपनले महिलाको प्रजनन क्षमतालाई दुष्प्रभाव पारिरहेको भन्ने धेरै अघिदेखिको शंकालाई एडिलेड विश्वविद्यालयको यो खोजले प्रमाणित गरेको छ। अनुसन्धानकर्ता क्याडेन्सन मिन्गोले पोथी मुसामा गरेको परीक्षणले डिम्ब प्रजननशील भए पनि डिम्बमाथि बोसोले प्रभाव पार्ने बताइन्। धेरै बोसोयुक्त भोजनले महिलाका डिम्बहरूमा निषेचन हुने अण्डलाई हानि पुऱ्याउँछ। फलस्वरूप ती अण्डहरू भ्रूणमा रूपान्तरण हुन सक्दैनन्।

मिन्गोका अनुसार पोरोक्सिसोम प्रोलिफरेटर गामा भनिने प्रोटिन अण्डलाई निसेचन गर्ने जीवकोषमा जम्मा हुन पुग्दा नै चिल्लो भोजनजन्य बाँझोपनको समस्या उत्पन्न हुन्छ। डिम्बासयले बोसोको अनुभूति गर्ने र त्यसप्रति प्रतिक्रिया जनाउने तौरतरिका निर्धारण गर्ने काममा यो प्रोटिनको व्यवहारले मद्दत पुऱ्याउँछ।

# भविष्यमा ऊर्जा आपूर्तिका स्रोतहरू

हाम्रो दैनिक जीवनमा नभैनहुने आवश्यकताका रूपमा उभिएका छन् ऊर्जाका स्रोतहरू। ऊर्जाबिना दैनिक जीवनयापन नै गर्न नसकिने परिस्थिति आएको छ। सामान्य खाना बनाउन, मोटर चलाउन, जहाज चलाउनदेखि उद्योग तथा कलकारखानामा यसको उपयोग बढ्दो छ।

ऊर्जाका स्रोतहरू नवीकरणीय स्रोत र अनवीकरणीय स्रोत गरी दुई प्रकारका हुन्छन्। नवीकरणीय स्रोतहरू कहिल्यै पनि नसकिने तथा प्रकृतिबाट सजिलै प्राप्त हुने शक्ति हुन्। जस्तै- सौर्यशक्ति, ज्वारभाटा, बायोमास आदि। त्यस्तै प्रकृतिमा सीमित रूपमा मात्र प्राप्त हुने तथा एकपटक सकिएपछि फेरि बन्न धेरै समय लाग्ने जीवाशेष ऊर्जा शक्ति, खनिज तेल, प्राकृतिक ग्याँस, कोइला आदि अनवीकरणीय स्रोत हुन्।



नवीकरणीय तथा अनन्त ऊर्जाको स्रोत सूर्यलाई वैज्ञानिकहरूले शक्तिको मूल स्रोत मानेका छन्। सूर्यबाट प्राप्त हुने शक्ति असीमित छ तथा यो शक्ति कहिल्यै सकिँदैन। त्यसैले अहिले सौर्यशक्तिबाट सञ्चालन हुने प्रविधिको विकास गरिँदै गएको छ। सूर्यमा उत्पन्न हुने थर्मोन्युक्लियर फ्युजनद्धारा नै हामीले यसबाट शक्ति प्राप्त गर्छौं। सूर्यमा ७० प्रतिशत हाइड्रोजन ग्याँस, २८ प्रतिशत हिलीयम ग्याँस तथा २ प्रतिशत अरू ग्याँस हुन्छ। यहाँ ठूलो तापक्रम र चाप हुन्छ। यसले गर्दा यहाँका हाइड्रोजन अणु हिलियम अणुमा परिवर्तन हुन्छन्, जसले गर्दा ठूलो रूपमा शक्ति उत्पन्न हुन्छ। त्यसैले सूर्यलाई शक्तिको मूल स्रोत मानिएको हो र जीवाशेष ऊर्जाशक्तिका अतिरिक्त यसबाट उत्पन्न हुने ऊर्जाशक्तिको प्रयोगमा वृद्धि गरिएको हो।

अर्कातर्फ हेर्नुपर्दा कोइला, खनिज तेल आदि नै जीवाशेष ऊर्जाशक्ति हुन् जुन उद्योग, कलकारखाना, मोटरसाइकल, गाडी, रेल, हवाईजहाज, पानीजहाज आदिमा इन्धनका रूपमा अत्यधिक मात्रामा प्रयोग हुन्छन्। विभिन्न गाडी तथा इन्जिनहरू सञ्चालन गर्न यसको प्रयोग हुन्छ। त्यस्तै ठूलो परिमाणमा ताप आवश्यक पर्ने हुनाले उद्योग, कलकारखानाहरूमा पनि यसको उपयोग बढेको हो। यद्यपि बढ्दो उपयोगका कारण यसको स्रोत सकिएर भविष्यमा यो म्युजियममै पो सीमित हुने हो कि भन्ने शंका पनि विद्यमान छ।

विश्वलाई आवश्यक पर्ने ७९ प्रतिशत ऊर्जाको माग प्राकृतिक ग्याँस, कोइला तथा खनिज तेलले पूरा गर्दै आएको छ जुन खानीबाट प्राप्त हुन्छ। यी स्रोतहरू खानीमा सीमित मात्रामा पाइन्छ तथा यी स्रोतहरू नवीकरणीय पनि होइनन्, तर यी स्रोतहरूको उपयोग गरेर ठूलो परिमाणमा ऊर्जाशक्ति निकाल्न सकिन्छ। त्यसैले यसको उपयोग बढेको हो, तर जीवाशेष ऊर्जाशक्तिको संरक्षणमा लाग्नु हामी सबैको कर्तव्य हो।

अहिले ऊर्जाको खपत वार्षिक रूपमा २ दशमलव ३ प्रतिशतको दरले बढ्दो क्रममा छ। यही दरमा ऊर्जाशक्तिको उपयोग बढ्दै जाने हो भने २५-३० वर्षमा नै यस्ता ऊर्जाका स्रोतहरू रित्तिने सम्भावना छ जुन बेला विश्वमा ऊर्जा संकट उत्पन्न हुनेछ र विभिन्न किसिमका समस्या सिर्जित हुन सक्छन्। भविष्यमा यस्तो संकट भोग्न नपरोस् भनी यस्ता जीवाशेष ऊर्जाशक्तिको उपयोगमा कटौती तथा संरक्षण हामी सबैको कर्तव्य हो।

यस्ता ऊर्जाशक्तिको संरक्षणका लागि वैकल्पिक स्रोतको विकास गर्नु समयको माग हो। वैकल्पिक ऊर्जाका स्रोत भन्नाले जैविक ऊर्जाशक्ति, न्युक्लियर ऊर्जाशक्ति, ज्वारभाटा, वायुऊर्जा, जलविद्युत्, जियोथर्मल आदि पर्छन्। यिनीहरू प्रकृतिमा सजिलैसँग उपलब्ध हुन्छन् तथा नवीकरण गर्न सकिन्छ। त्यसैले यस्ता ऊर्जाशक्तिको प्रयोगमा जोड दिइएको हो।

**जैविक ऊर्जाशक्ति** : दाउरा, बायोमास, बायोग्याँस, गुइठा, पराल, छ्वाली, भुस आदि जैविक ऊर्जाशक्ति हुन् जुन नवीकरणीय स्रोत हुन्। हाम्रो देशको पहाडी भेगमा यसको उपयोग देख्न सकिन्छ। यो खाना पकाउने तथा अन्य तातो चाहिने कार्यका लागि उपयोग हुने गरेको छ। यसको प्रयोगले जीवाशेष ऊर्जाशक्ति ग्याँस, तेल आदिको उपयोगमा कमी ल्याउँछ।

**न्युक्लियर ऊर्जाशक्ति** : फिसन प्रतिक्रिया र फ्युजन प्रतिक्रिया भएर पनि ऊर्जा उत्पन्न हुन्छ। फिसन प्रतिक्रिया भनेको ठूला परमाणुहरूलाई साना परमाणुमा टुक्राइ ऊर्जा उत्पादन गर्नु हो भने फ्युजन प्रतिक्रिया भनेको टुक्रा-टुक्रा परमाणुलाई एउटै ठूलो परमाणु बनाई ऊर्जा उत्पादन गर्नु हो। यसबाट हजारौं मेघावाट विद्युत् निकाल्न सकिन्छ र उद्योग तथा कलकारखानामा उपयोग गरिन्छ।

**ज्वारभाटा** : समुद्रमा ठूला-ठूला छाल आउँछन्। यो समुद्री छालबाट पनि ऊर्जा उत्पादन गर्न सकिन्छ। समुद्रको किनारमा आउने छाललाई एक ठाउँमा जम्मा गरिन्छ। उक्त पानीलाई समुद्रतर्फ फर्काउन पाइप राखिएको हुन्छ। यसले गर्दा टर्वाइन घुम्छ र विद्युत् निकालिन्छ।

**वायुऊर्जा** : हाम्रो देशका कैयौं भेगमा प्रायः सधैंजसो तीव्र गतिमा हावा बहने गरेको पाइन्छ। यसलाई विद्युत्‌शक्तिमा रूपान्तर गरी जीवाशेष ऊर्जाशक्तिको उपयोगमा कमी ल्याउन सकिन्छ।

**जलविद्युत्** : हाम्रो देश जलस्रोतका दृष्टिले विश्वमै दोस्रो धनी देश मानिएको छ। यहाँका नदीहरू प्रायः हिमाली भेगबाट समथर भेगतर्फ बहने हुनाले ठूलो बलसँग पानी बगिरहेको हुन्छ। यसले गर्दा यहाँ जलविद्युत् उत्पादन गर्ने क्षमता ८३ हजार मेघावाट छ। यसले जीवाशेष ऊर्जाशक्तिको प्रयोगमा कमी ल्याउन मद्दत पुऱ्याउँछ।

**जियोथर्मल** : पृथ्वीको भित्री भाग अत्यन्तै तातो हुन्छ। पृथ्वीको सतहबाट केही गहिरो भागमा एकदमै ताता चट्टान हुन्छन्। त्यस्तो ठाउँमा पानी पुऱ्याउँदा तुरुन्तै बाफमा परिणत हुन्छ। बाफको शक्तिद्वारा वाष्पइन्जिन सञ्चालन गरी विद्युत् उत्पादन गरी ठूलाठूला कलकारखानामा उपयोग गर्न सकिन्छ। जसले गर्दा जीवाशेष ऊर्जाशक्तिको प्रयोगमा कमी आई यसलाई धेरै समयसम्म टिकाइराख्न सकिन्छ।

–सागर शर्मा

## सक्रिय यौनकार्यलाई उमेरले छेक्दैन

संयुक्त राज्य अमेरिकामा ७० देखि ८० वर्ष उमेर नाघेका महिला तथा पुरुष पनि यौनकार्यमा उत्तिकै सक्रिय रहने गरेको पाइएको एक अध्ययनले देखाएको छ। अमेरिकी वृद्ध-वृद्धाको यौन आचरण, व्यवहार तथा समस्याका विषयमा गरिएको अहिलेसम्मकै पहिलो वृहत् राष्ट्रिय सर्वेक्षणअनुसार ५७ देखि ८४ वर्ष उमेर समूहका अधिकांश महिला एवं पुरुषले यौनकार्यलाई जीवनको अभिन्न अंगका रूपमा लिन्छन्। यौनकार्यमा सक्रिय महिला तथा पुरुषले आफ्नो उमेर ५० देखि ७० को दशकको बीचमा सहवासको दर थोरै मात्र घटेको प्रतिक्रिया दिएको उक्त प्रतिवेदनमा उल्लेख छ।

सर्वेक्षणले यौन क्रियाकलाप मानिसको समग्र स्वास्थ्यसँग गाँसिएको देखाएको छ। यौन क्रियाकलापमा उमेरभन्दा स्वास्थ्यको भूमिका महत्त्वपूर्ण हुने पनि देखिएको छ। ७० वर्षको उमेर पार गरिसकेपछि स्वास्थ्यस्थिति बिग्रिँदै जाने र त्यही अनुरूप यौन क्रियाकलापमा पनि कमी आउने कुरा प्रतिवेनमा उल्लेख छ। यस्तो समस्या विशेषगरी महिलामा पाइने गरेको छ। सर्वेक्षणका क्रममा अनुसन्धानहरूले सन् २००६ को मार्चसम्ममा ५७ देखि ८५ वर्ष उमेर समूहका महिला तथा पुरुषलाई उनीहरूकै घरमा पुगेर प्रत्यक्ष अन्तर्वार्ता लिएका थिए।

## जिज्ञासा

–सुदन झा, कम्प्युटर कन्सल्टेन्ट

**प्रश्न : इमेल आदान-प्रदान गर्दा सफ्ट बाउन्स भनेको के हो ?**

**–रेशा, इमेलबाट**

**उत्तर** : मेलिङ ठेगाना चालू भए पनि प्रापकको इमेल एप्लिकेसनको क्षमताभन्दा बढीको म्यासेज भएर वा भरिएर पनि पठाइएका इमेल पुग्न सक्दैनन्। यस्तो स्थितिमा इमेल बाउन्स हुन्छ। केही मेल सिस्टमले प्राप्त गर्ने इमेलको अधिकतम साइजलाई पूर्वनिर्धारित गरिएको हुन्छ, त्यो साइजभन्दा ठूलो इमेल आए स्वचालित रूपमा सर्भरले अस्वीकार गर्छ र प्रेषकको इन्बक्समा बाउन्स हुन्छ। मेल सर्भरले इमेल स्वीकार गरिसकेपछि प्रापकको इन्बक्समा नपुगी प्रेषकको ठेगानामै फर्कने प्रक्रियालाई सफ्ट बाउन्स भनिन्छ। कुनै-कुनै मेल सर्भरहरू प्रापकको ठेगाना चालू रहे-नरहेको वा इमेल अट्ने पर्याप्त ठाउँ भए-नभएको जाँच्नुभन्दा पहिले नै ती इमेलहरूलाई विस्तृत अध्ययन-अनुसन्धानका लागि स्टोर गर्ने गरी प्रोग्रामिङ गरिएका हुन्छन्। कहिलेकाहीं प्रेषक वा प्रापकको नेटवर्कमा प्राविधिक गड्बडीका कारण पनि इमेल बाउन्स हुन्छ तर प्रायःजसो फिर्ता भएका इमेलहरू बाउन्स हुनुको कारण र पठाइएको म्यासेजसहितका हुन्छन्। युजरले कहिल्यै पनि नचिनेका र नपठाएका ठेगानाबाट पनि बाउन्स भएका इमेलहरू इन्बक्समा देखा पर्न सक्छन्। यस्तो अवस्थामा युजरलाई आफ्नो इमेल ठेगाना कसैले गलत प्रयोग गरिरहेको शंका लाग्छ। यस्तो हुनु स्वाभाविक हो, युजरले सोचेजस्तै उसको ठेगाना अरू कसैले प्रयोग गरेको पनि हुन सक्छ तर यस्तो स्थिति धेरैजसो भाइरसले नै सिर्जना गर्छ।

# जापानमा चिया ख्वाउने रोबोट

रोबोट निर्माणमा अकल्पनीय सफलता पाएका जापानी प्रविधिविज्ञ तथा वैज्ञानिकहरूले हालै सबैलाई जिल्याउने प्रविधि तयार गरेका छन्। उनीहरूले विकास गरेको मानवगुण भएको रोबोट एचआरपी-२ जापानी परम्पराअनुसार चिया सर्भ गर्न खप्पिस छ।

केट्लीबाट कपमा चिया हाल्न होस् वा कपमा राखिएको चिया पाहुनासमक्ष पुऱ्याउन, उक्त रोबोट चाहेअनुसार निपुणता प्रदर्शन गर्न सफल भयो। भुइँमा खसेको कुरा टिपेर सही गन्तव्यमा पुऱ्याउन अनि असाधारण बाटो (चिप्लो ढुङ्ग्यान) मा सहज रूपमा हिँडेर उक्त रोबोटले मानवसमान बन्दै गएको अनुभव गरायो। एचआरपी-२ को प्रदर्शनी वास्तवमै रोमाञ्चकारी थियो। एउटा रोबोट केट्लीबाट कपमा चिया हाल्दै थियो भने अर्को धमाधम पाहुनासमक्ष सर्भ गर्दै थियो।

एचआरपी-२ को विकास टोकियो विश्वविद्यालय र क्वेडा इन्डस्ट्रिज इन्कले संयुक्त रूपमा गरेका हुन्। एचआरपी-२ को उचाइ १ सय ५४ सेन्टिमिटर छ भने तौल ५८ किलोग्राम। यसले ३० डिग्री स्वतन्त्रता पाएको छ अर्थात् यो ३० डिग्री कोणमा दायाँ-बायाँ हलचल गर्न सक्छ। रोबोटमा तीनवटा सीसीडी स्टेरियो क्यामेरा जडान गरिनुका साथै कुलिङ सिस्टमको पनि व्यवस्था गरिएको छ। एचआरपी-२ को हालको रूप र क्षमता नै अन्तिम भने होइन, परिमार्जन बाँकी नै छ। थप विकास गर्न हालै यसको प्रदर्शनी गरिएको धारणा रोबोटका डिजाइनर योताका इजुबुचीको छ। उनी थप्छन्– एचआरपी-२ अठ्चारो ठाउँमा हिँड्ने मात्र होइन, लडेको खण्डमा आफैं उठ्न पनि सक्छ।

खास गरी वृद्धवृद्धा बिरामी एवं बालबालिकाको सेवा गर्ने उद्देश्यले एचआरपी-२ रोबोट निर्माण गरिएको



क्वेडाले जनाएको छ। प्रा. सातो भन्छन्– रोबोट यति छिटो यस्तो अवस्थामा देखा पर्ला भन्ने कल्पना पनि गर्न सकेको थिइनँ, समाजसेवामा रोबोटको प्रवेशले वास्तवमै नयाँ आयाम थप्नेछ।



## बिपनालाई अमिक शेरचनको बधाई

नायिका बिपना थापा चलचित्र विकास बोर्डको सदस्यमा नियुक्त भएपछि जनमोर्चा नेपालका अध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री अमिक शेरचनले बधाई दिए। एक समारोहमा लामो भाषण गरिसकेपछि शेरचनले बिपनालाई बधाई दिएका थिए। अमिक शेरचनले बिपना थापालाई बधाई दिएपछि कार्यक्रममा उपस्थिति सबैले त्यसलाई आ-आफ्नै हिसाबमा बुझे। किनभने विकास बोर्डमा बिपना मात्र नियुक्त भएकी थिइनन्। बिपना जस्तै सदस्यमा थप दुई चलचित्रकर्मी नियुक्त भएका थिए। नेता शेरचनकै आँखाअघि पनि विकास बोर्डका नयाँ सदस्य शिवजी लामिछाने बसेका थिए तर पनि उनले बिपनालाई मात्रै बधाई भने। नेता शेरचनले किन बिपनालाई मात्रै बधाइ दिए ? चलचित्रकर्मीहरू अनुमान मात्र गर्न सक्छन्, खास कुरा कि त बिपनालाई थाहा होला कि अमिक शेरचनलाई मात्रै। सार्वजनिक ठाउँमा बोल्दा यसरी एउटी नायिकालाई बधाई दिंदा त्यसको बांगोटिंगो अर्थ लाग्न सक्छ। त्यसैले अमिकजी, होसियारी अपनाउनुहोस् हिरोइनलाई चलाउँदा। किनभने देश त जसरी चलाए पनि हुन्छ, कसैले केही भन्दैन तर...।

## कमरेड शम्भुजितको स्वचालित हृदय

संगीतकार शम्भुजित बास्कोटा अबदेखि कमरेड शम्भुजित बनेका छन्। एमाले नेता वामदेव गौतमको गीतमा संगीत भर्न व्यस्त शम्भुजित साथीभाइहरूलाई भन्न थालेका छन्- खासमा त म कम्युनिस्ट नै हुँ नि। कम्युनिष्ट नै बनिसकेपछि उनको नामको अगाडि कमरेड झुण्ड्याउनु अस्वाभाविक पनि भएन। कलाकर्मीको मन कमलो हुन्छ। यो सवालमा शम्भुजित भन्छन्- मेरो हृदय अझ कमलो छ। शम्भुजितको हृदय कति कमलो छ, उनले भनिरहनु पर्दैन। किनभने जो शक्तिमा आउँछ उनको चित्त पग्लिएर त्यही कित्तामा पुगिहाल्छ। यति कुरा थाहा पाइसकेपछि अर्को एउटा प्रश्न उठ्न सक्छ- कम्युनिस्ट हृदयले सरोबर भएको



मानिसले जी शाहको गीतमा कसरी संगीत भरे ? अनि कसरी राजाको शासनमा चलचित्र विकास बोर्ड हुँदै नेपाल टेलिभिजनको अध्यक्ष एवं महाप्रबन्धक बने ? यसका लागि कि राजावादी तथा कम्युनिस्टहरूको हृदय उस्तै-उस्तै हुनुपर्छ कि शम्भुजितको हृदय समयअनुसार यताउता विचरण गरिरहन्छ। यो कुराको जवाफ थोरै मानिससँग मात्रै होला, अर्थात् हिंजोका दिनमा कि जी शाहले शम्भुजितलाई चिनेका थिए कि आजका वामदेव गौतमले उनलाई चिनेका छन्। जे होस् कमरेड शम्भुजितलाई बधाई दिनैपर्छ– जी शाहपछि कमरेड बामदेवको गीतमा संगीत भर्न पाएकोमा। देश, काल परिस्थिति सुहाउँदो हिसाबले उनको हृदय अटोमेटिक रूपमा परिवर्तन भएकोमा बधाई त छँदैछ।



तस्बिर : साइबर संसार डटकम

## अझै घटाउनुहोस्

उमा बेबी भर्खरै नेपाली चलचित्र उद्योगमा पाइला चाल्दैछिन्। सिक्किमकी यी नेपाली चेलीसँग मुस्किलले औंलामा गन्न सकिने चलचित्र छन् र त्यत्तिकै मात्रामा काम गरेको अनुभव पनि। यद्यपि उमा बेबीले धेरैको होस उडाएकी छिन् आफ्ना बिन्दास तस्बिर र अन्तर्वार्ताहरूका माध्यमबाट। उमा बेबी मूलतः डान्सर हुन् र तुलसी घिमिरेको प्रेरणाबाट नेपाल छिरेकी नायिका। उमा बेबी अंगप्रदर्शनको मामिलामा उदार छिन्। सायद उनलाई थाहा छ- यो ग्ल्यामरको संसारमा छिर्ने एउटा सशक्त माध्यम हो। पछिल्लो पुस्ताका अधिकांश मोडल-नायिकाहरूझैं उनी अंगप्रदर्शनलाई ग्ल्यामरको संसारको अत्यावश्यक तत्त्व मान्छिन्। उमा बेबीको तर्क छ- 'छोटो लुगा लगाएर बिग्रने, लामो लुगा लगाएर सप्रने पनि त होइन।' हो त नि उमा मैयाँ, एकदम ठीक हो। त्यसैले तपाईं आफूले चाहेजस्तो लुगा लगाउनुहोस्, सकिन्छ भने लुगाको साइज अझ घटाउनुहोस् तर त्यति पनि होइन जहाँ मानिसले कुरी-कुरी भनून् वा युवाहरू एक्साइटेड भएर लगलग काम्न थालून्, अर्थात् कमसेकम शरीरमा लुगाचाहिँ होस्। आखिर तपाईंले लुगै नलगाउने कुरा पनि त गर्नुभएको छैन। मानिसहरू किन बिनसित्तिमा टाउको दुखाउँछन् हँ ?

**गफै त हो**

## चलचित्रमा लगानी गर्दै नायक

भुवन केसीको चलचित्र 'म तिमीबिना मरिहाल्छु नि' को गीत रेकर्डिङ सकिँदा-नसकिँदै अर्का नायक श्रीकृष्ण श्रेष्ठ पनि चलचित्र बनाउने अन्तिम तयारीमा पुगेका छन्। श्रीकृष्णले चलचित्र बनाउँछु भनेर केही अघि नै घोषणा गरेको भए पनि बल्ल उनको तारतम्य मिलेको छ। श्रेष्ठ भन्छन्– 'एउटा राम्रो चलचित्र बनाउने मेरो पहिल्यैदेखिको चाहना थियो, जुन अब पूरा गर्दैछु।' चलचित्रको विषय खोज्ने क्रममा बढी मेहनत गर्नुपरेकाले समय धेरै लागेको धारणा राख्ने नायक श्रेष्ठले अहिलेका चल्तापुर्जा निर्देशक शिव रेग्मीलाई निर्देशकका रूपमा छनौट गरेका छन्। त्यसो त चलचित्र उद्योगमा रेग्मी र श्रेष्ठको ट्युनिङ निकै राम्रो छ। रेग्मी निर्देशित अधिकांश सफल चलचित्रमा मुख्य भूमिका श्रीकृष्णले निर्वाह गर्दै आएका छन् भने अहिलेसम्म पनि रेग्मीको रोजाइको नायक श्रीकृष्ण नै हुने गरेका छन्।

यसअघि तीनवटा चलचित्र बनाएर राम्रै ख्याति कमाएका भुवन केसीले यसपालि श्रीमती सुस्मिता केसीलाई आफ्नो चलचित्रमा अभिनय नगराउने भएका छन्। भुवनको रोजाइमा झरना थापा र पुजना प्रधान परेका छन्। यी दुवै नायिकालाई भुवनले यसअघि आफ्नो चलचित्रमा अभिनय गराएका छैनन्, तर नायकको भूमिकामा भने भुवन आफैं देखिनेछन्। भुवन भन्छन्– 'चलचित्र राम्रो बनाउनुपर्छ। चलाउन गाह्रो छैन। मलाई चलचित्र चलाउनकै लागि अरू हिरोको आवश्यक छैन।'

अघिल्ला चलचित्रको तुलनामा यसमा पनि भुवनले राम्रै खर्च गर्ने भएका छन्। नेपाली चलचित्र स्तरीय हुनुपर्छ भन्ने मान्यता राख्ने भुवनले अघिल्ला चलचित्रमा पनि राम्रै लगानी गर्ने गरेका थिए, जसको परिणाम पनि राम्रै छ।

नेपाली चलचित्रको व्यापार सुध्रिएपछि पुराना निर्माताहरूको पुनरागमन हुनुका साथै अभिनय गरेरै सान्दार जीवन बिताइरहेका नायकहरू पनि चलचित्र निर्माणका लागि उत्साहित भएका छन्। यसलाई सकारात्मक रूपमा लिनुपर्ने धारणा राख्छन्– निर्देशक दयाराम दाहाल। चलचित्रको संख्यामा वृद्धि भयो भने गुणस्तरको पनि अपेक्षा गर्न सकिने उनको मान्यता छ। चलचित्र उद्योगका लागि यो वर्ष नायकहरूको लगानीको वर्ष हुने भएको छ। भुवन र श्रीकृष्णले चलचित्र निर्माणको योजना सार्वजनिक गरेका छन् भने अर्का जल्दा-बल्दा नायक निखिल उप्रेतीले डेढ वर्षअघि नै सावधान नामक चलचित्र निर्माण गरिसकेका छन्। त्यस्तै दिलीप



रायमाझी र सुनील पाण्डेको लगानीमा बनेको हामी साथीभाइ मोफसलको विभिन्न स्थानमा प्रदर्शन हुँदै राजधानी छिर्ने मेसोमा छ।



तस्बिर : नेपाली साइट डटकम

## सुमनकी फ्यान रञ्जु

कोही नभएर सुमन सिंह हुन्।

टेलिश्रृङ्खला 'क्याटमान्डु' बाट पर्दामा देखिन थालेका सुमनले तुलसी घिमिरेको चलचित्र दुई किनारामा नायकको भूमिका निर्वाह गरिसकेका छन् तर सुमनलाई नेपाल टेलिभिजनको सिरियल 'सिन्दूर' ले बढी लोकप्रिय बनाएको हो। उक्त सिरियलमा रञ्जु नै नायिका छिन्।

यस विषयमा जान्न खोज्दा सुमन भन्छन्- मलाई त केही थाहा छैन। रञ्जु सुमनको कति सुर्ता गर्छिन् भन्ने कुरा सबैभन्दा बढी टेलिचलचित्र सिन्दुर युनिटलाई थाहा छ। सिन्दुर युनिटका एक सदस्य भन्छन्- सुमनलाई उनी भगवान् बराबर मान्छिन्। साथीभाइमाझ रञ्जु भन्छिन्- ऊ मेरो ड्रिमब्वाय हो, तर उसलाई यो कुरा कसले बुझाइदेला ?

पीर नगर रञ्जु, यो समस्याको समाधान साप्ताहिकले एकैपटकमा गरिदिन्छ। सुमनजी, तपाईंका धेरै फयान छन् हामीलाई राम्रोसँग थाहा छ तर रञ्जु लामिछाने तपाईंका आम फ्यानभन्दा माथि छिन्। कसलाई कस्तो व्यवहार गर्ने त्यो तपाईंकै जिम्मा।

उनी चलचित्र बसाइँ कि झुमा हुन्। उनी नेपाल टेलिभिजनबाट प्रसारित टेलिचलचित्र तीतो सत्यकी स्विटीका नामले पनि चिनिन्छिन्। माओवादी जनयुद्धमा छापामारको कमान्डरका रूपमा देखिएकी उनी रञ्जु लामिछाने हुन्। खासगरी नेपाल टेलिभिजनको तीतो सत्यबाट चर्चामा आएकी रञ्जुले धेरै फयान बनाइसकेकी छिन् तर त्यत्रा फयान कमाएकी रञ्जु भने अरू कसैकी फयान हुन्।

रञ्जु कसकी फयान हुन् ? उनी जुलिया रोबर्ट, जेटा जोन्स, टम क्रुज, सलमान, साहरूख, ऐश्वर्या आदि कसैकी पनि फयान होइनन्। कुनै नेपाली स्टारको पनि उनी फयान होइनन्। उनी त एकजना नवनायकको फयान हुन्। लामो सिल्की केश, ठूलो कद र मायालु अनुहारका धनी ती नवनायक अरू



# आज छानिँदै छिन् मिस टिन







१६ वर्षदेखि १९ वर्ष उमेर समूहका युवतीहरूमा अन्तर्निहित प्रतिभालाई उजागर गर्दै उनीहरूमा सांस्कृतिक सचेतता तथा आत्मविश्वास अभिवृद्धि एवं व्यक्तित्व-विकास गर्ने उद्देश्यअनुरूप काठमाडौं जेसिजले आयोजना गर्दै आएको मिस टिन नेपाल प्रतियोगिताको अन्तिम प्रतिस्पर्धा आज साँझ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा सञ्चालन हुँदैछ। पाँचौं संस्करणका रूपमा प्रस्तुत हुने क्लिन एन्ड क्लियर मिस टिन नेपाल प्रतियोगितामा २० जना युवतीको सहभागिता छ। विभिन्न क्षेत्रका व्यक्तित्वसितको भेटघाट,

**मिस टीन नेपाल २००७ का प्रतियोगीहरू**

पूर्णिमा शाह, नीति श्रेष्ठ, श्रद्धा राजभण्डारी, अनिता सिलवाल, सोनिया श्रेष्ठ, आज्ञा मैनाली, स्मृति शाह, लोविना कँडेल, प्रेक्षा अधिकारी, आरती आचार्य, सृष्टि खड्का, जया भट्ट, कल्पना श्रेष्ठ, दीक्षा श्रेष्ठ, सदीक्षा श्रेष्ठ, आयुषा कार्की, जुनी कायस्थ, अनिशा थापा, अस्मिता अग्रवाल तथा सदिना श्रेष्ठ।









गत शनिबार बिहान ११ बजेदेखि त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको माथिल्लो तलामा एउटा बेग्लै किसिमको चहलपहल थियो। हिन्दू महिलाहरूको महान् चाड तीज आउन करिब दुई साता बाँकी रहँदा नै त्यहाँ तीजको रमाइलो देख्न पाइयो। रातो साडी र छड्के तिलहरीमा सजिएका महिला दिदी-बहिनीहरूको त्यहाँ राम्रै जमघट थियो। जमघटमा सौन्दर्यकला व्यवसायमा संलग्न थुप्रै नाम चलेका हस्तीलगायत पूर्वमिस नेपालद्वय उषा खड्गी र सुगरिका केसी, प्रतिनिधिसभाका उपसभामुख चित्रलेखा यादव, गायिका प्रीति कौर आदि पनि उपस्थित थिए। तीजको अवसर पारेर आयोजित उक्त महोत्सवको रमाइलो प्रारम्भ भएको थियो– सासू-बुहारीबीचको जुहारी गीतबाट। लगत्तै फेसन सो प्रस्तुत भयो। एक-एक गर्दै सहभागी मोडलहरू क्रमशः डिजाइनर नेस्टका संगीता सैंजुले तयार पारेका विभिन्न कलरफुल कुर्ता-सलवारका शैलीमा सजिएर बिछ्याइएको रेड कार्पेटमाथि क्याटवाक गर्न थाले। यस क्रममा रातो साडीमा सजिएकी पूर्व मिस नेपाल उषा खड्गी, एसिमेट्रिकल शैलीको पिन्क कलरको कुर्ता र इलास्टिक प्रयोग गरिएको सलबारमा सजिएकी पूर्व मिस नेपाल सुगारिका केसी, तीजकै पहिरन लगाएकी वरिष्ठ ब्युटिसियन कमला श्रेष्ठ तथा कोरियोग्राफर क्षितिजा शाक्य मञ्चमा देखापरे।

त्यसको लगत्तै रातो कुर्ता-सलवार पहिरिएकी गायिका प्रीति कौरले आफ्ना चर्चित गीत सुनाउन थालिन्। सोही गीतमा रमाइलो मान्दै नृत्य गर्न थाले पूर्व मिस नेपाल सुन्दरीहरू, सौन्दर्यविद्हरू, सहभागी मोडलहरू तथा उपसभामुख चित्रलेखा यादव पनि। तीजको पूर्वसन्ध्यामा आयोजित उक्त महोत्सवको रमाइलो शुभकामना साट्दै अनि मीठो दर खाएपछि टुङ्गियो।



आममानिसले कल्पना गर्न नसक्ने पहिरनका ती शैली, जति आकर्षक, सुन्दर र सन्देशमूलक थिए त्यसमा त्यति नै कडा परिश्रम र मेहनतको आभास हुन्थ्यो। क्रिएटिभ राउन्ड उनीहरूका लागि महत्त्वपूर्ण थियो। किनकि यसैबाट उनीहरूले आफ्ना लागि अंक प्राप्त गर्नु थियो। त्यसैले क्रिएटिभ राउन्डमा उनीहरूले आफ्नो सिर्जनशीलता, कल्पनाशीलता एवं आफूले तीन वर्षभरि पढेका-सिकेका कुरालाई पर्याप्त प्रयोग गरेका थिए। नमुना, कलेज अफ फेसन टेक्नोलोजीमा फेसन विषयमा स्नातक तहको अन्तिम वर्षमा अध्ययनरत २३ जना विद्यार्थीले क्रिएटिभ राउन्डमा आफ्ना सिर्जनामार्फत् परीक्षा दिएका थिए। जसमा लोक्ता कागज, फोटो खिच्न प्रयोग गरिने नेगटिभ, आल्मुनियम वायर, विभिन्न मेटल, पिन, बटन, जिपर, बक्कल, काँचका चुरा विभिन्न इलेक्ट्रोनिक्स सरसामान, सलाइन पाइप, विभिन्न रंगका टाइ प्लास्टिक, सिल्भर पेपर आदिबाट बनेका सिर्जनाहरू प्रस्तुत गरिएका थिए। ग्लोबल वार्मिङदेखि मर्मेड शेली, इन्द्रधनुषी कल्पनादेखि म्यानिमल सोचसम्मका अतुलनीय सिर्जनाहरू प्रस्तुत भएका थिए उक्त सिक्वेन्समा।

प्रायः सौन्दर्य प्रतियोगिताहरूका लागि खचाखच भरिने अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको सगरमाथा प्रेक्षालयमा गत शनिबार नमुना कलेजका विद्यार्थी डिजाइनरले तयार पारेका, विद्यार्थी डिजाइनरले पहिरिएर क्याटवाक गरेको दृश्य हेर्दै उपस्थित दर्शकहरू निकै उत्साहित देखिन्थे। 'सिटी इन भोग' शीर्षकमा पूर्व मिस नेपाल श्वेता सिंहको कोरियोग्राफी एवं मल्टा





दर्शकहरूलाई नचाए भने कार्यक्रममा फुच्चे गायक विराट शेरचनले पनि दर्शकलाई आफूतिर आकर्षित गरे। कार्यक्रममा स्थानिय द नेस्ट ब्यान्ड तथा उज्ज्वल भण्डारीले पनि गीत प्रस्तुत गरेका थिए। जापानी कलाकार योसिताले जापानी नृत्य प्रस्तुत गरेर कार्यक्रमलाई रोचक तुल्याइन्। करिब ५ घन्टा चलेको उक्त सांगीतिक






2
NTV2 Presents
The Mega Show
Ghintang


















Hijo Aaja by Jabeek
Fursad.com





## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



एउटा पागलखानाको एक कुनामा बसिरहेका दुई जना पागलबीच कुरा सुरु भएछ ।

पहिलो पागल : हैन, तिमीलाई यहाँ किन ल्याएको ?

दोस्रो पागल : म प्रचण्ड हुँ नि, तर मेरो कुरा कसैले पनि विश्वास गर्दैनन् ।

पहिलो पागल : अनि तिमीलाई कसले भन्यो नि तिमी प्रचण्ड हौ भनेर ?

दोस्रो पागल : भगवान्‌ले । (त्यत्तिकैमा अर्को कुनाबाट आवाज आउँछ)

अर्कोपागल : मैले त भन्केको छैन है ।

ooo

एउटा दाउरे पोखरीछेउमै रहेको रूख काट्दै थियो । एक्कासि बन्चरो पोखरीमा खसेछ । दाउरे बन्चरो खसेपछि रुन-कराउन थालेछ र जलदेवता पोखरीबाट प्रकट हुँदै दाउरेको पीरमर्का बुझेछन् । जलदेवता पोखरीमा पसेर एकछिनपछि सुनको बञ्चरो देखाउँदै : यो बञ्चरो तिम्रो हो ?

दाउरे : हैन प्रभु ।

जलदेवता पुनः पोखरीमा पसेर चाँदीको बञ्चरो देखाउँदै : अनि यो हो कि तिम्रो पोखरीमा खसेको बञ्चरो ?

दाउरे : यो पनि होइन प्रभु । यसरी सुन, चाँदी र पित्तलको गरी तीन वटा बञ्चरोहरु देखाउँदा पनि नढाँटीकन लोभ-लालच नदेखाउने दाउरेको स्वाभिमान देखेर जलदेवताले खुसी हुँदै तीनैवटा बञ्चरो दिएर पठाएछन् ।

त्यसैगरी एक दिन दाउरे आफ्नी श्रीमतीसँग पोखरीछेउमा बसिरहेको बेला दाउरेकी श्रीमती एक्कासि पोखरीमा खसिछन् । दाउरे फेरि अलाप-विलाप गरेर कराउन थालेछ । जलदेवता पुनः उत्पन्न भएर दाउरेको कुरा सुनी पोखरीमा पसेर एकछिनपछि नायिका बिपना थापालाई देखाउँदै यिनै हुन् पोखरीमा खसेकी तिम्री श्रीमती ?


दाउरे : नम्र हुँदै, हो प्रभु यिनै हुन् मेरी श्रीमती ।

केही दिनअघि मात्र बञ्चरो खस्दा स्वाभिमान देखाउने दाउरे एकैचोटि कसरी यसरी कुरा ढाँट्न थालेछ भनेर जलदेवता छक्क परेछन् र दाउरेलाई भनेछन् : केहो बिपना थापालाई देख्नेबित्तिकै आफ्नी श्रीमती भनेर ढाँट्ने ।

जलदेवताको कुरा सुनेर दाउरेले भनेछ : हो हजुर, मैले ढाँटेकै हो । किनभने अब बिपना थापा मेरी श्रीमती हैनन् भन्यो भने हजुरले फेरि रेजिना उप्रेतीलाई देखाउँदै, यी तिम्री श्रीमती हुन् भनेर सोध्नुहुन्छ, अनि म उनी पनि मेरो श्रीमती होइनन् भनेर जवाफ दिन्छु । अनि फेरि हजुरले रेखा थापालाई ल्याएर देखाउनुहुन्छ । अब म स्वाभिमान देखाउने गरीब दाउरे एक जना श्रीमती त पाल्न कस्तो गाह्रो छ, अब यो दाउरे कस्तो इमान्दार रै'छ भन्दै हजुरले तीनै जना मलाई सुम्पिनुभयो भने त मैले चार-चारवटी श्रीमती कसरी पाल्ने ?

## कविता

### पीडा जाँच्नेछैन अब



तिमीलाई यो मुटुमा राख्नेछैन अब
तिम्रो माया यी परेलीमा साँच्नेछैन अब
स्वार्थी भन्ला यो दुनियाँले भन्दै गरोस् बरु
तिम्रै नाम मात्र जपेर बाँच्नेछैन अब
जे जे माग्यौ त्यही नै दिएँ जे-जे भन्या गरें
निल्नु न ओकल्नुको परिस्थिति भा'को बेला
संकटमा नै आफूलाई गाँज्नेछैन अब
आँसु-हाँसोको संयुक्त 'प्रवाह' यो जिन्दगी
कति सक्छु सहन पीडा जाँच्नेछैन अब ।

**–आकाशचन्द्र न्यौपाने**

### उपहार

जीवन मरणको दोसाँधमा बाँच्न के को रहर
बरु देऊ सखी ज्यानै लाने चर्को जहर
पीडित मनमा फगत हाँसो बोकी बाँच्नु भन्दा त
पागल बनी डुल्नु राम्रो गाउँ-टोल अनि सरह
रुवाइ छोड्यौ आखिर तिमीले वियोगीको घाइते मनलाई
सदा छाउन् तिमीभित्र खुसी उमंगका प्रहर
म बिना नै बाँच्न सक्ने गछ्यौं भने तिमी अठोट
तिम्रो नजर सामुन्ने नै छोडी दिउँला तिम्रो सहर
जीवन मरणको दोसाँधमा बाँच्न के को रहर
बरु देऊ सखी ज्यानै लाने चर्को जहर ।

**–राजेश बराकोटी**

### धोका नदेओस् अब

बनावटी कामले धोका नदेओस् अब
यात्रामा कतै चक्काजामले धोका नदेओस् अब
अँधेरी रातले दिएको धोकाको के कुरा भो र
उज्यालै कलुषित घामले धोका नदेओस् अब
गरेर दुराचार गौतमबुद्धको शान्ति उपदेश
अशान्ति अनि छलछामले धोका नदेओस् अब
बेचिएर मौलिकता र मानवता लिलाममा
सहरबाट सुरु हुँदै गामले धोका नदेओ् अब
त्यही त दुष्टतापनले मुकुण्डो पहिरेको देख्दा
दम्भी यो संसारमा नामले धोका नदेओस् अब
धोकै धोका खाएको अचेतन यो 'वसन्त' लाई
सत्मार्गमा पूर्णविरामले धोका नदेओस् अब ।

**–वसन्त खत्री**

### म सकिनेछु

म सकिनेछु ,मलाई मन पराएको फूल
यदि मैले टिपें भने, म हराउनेछु
यौवनको आनन्द र चुम्बन, यदि मैले खोजें भने
म पछुताउनेछु, नचिनेर पलासको फूल
यदि मैले रोजे भने, म पीडित हुनेछु
श्रम र मन नभएको धन्
यदि मैले जोरें भने, म सचेत हुनेछु
हँसिला ती बगैंचाका फूल
यदि छान्न सकें भने, म सफल हुनेछु
आफैंलाई बुझ्न सक्ने, यदि मान्छे पाएँ भने ।

**–विष्णुकुमार अधिकारी**

### विदेशीको पीडा

के गर्नु आमा विदेशमा आज मन रुवाएर बस्दैछु
सपना साकार बनाउँला भनी मनमनै रच्दैछु
सधैं दिनरात यो आत्मा रुन्छ के गरी बुझाउने ?
मुटुमा लाग्यो मायाको घाउ आँसु नै सुकाउने ।
साथी र सङ्गी के गर्दै होलान् सम्झना आइरहन्छ
त्यो जन्म ठाउँमा बसिरहूँजस्तो मनमनै लाइरहन्छ
राता-पहेँला फूलेका थिए बारीका फूलहरू
विदेशमा बस्दा बर्सन्छन् सधैं मुटुका सूलहरू ।
के गरी सहनु यो पीडा मैले कसरी हाँस्नु खै ?
बाँच्नलाई पनि धेरै गाऱ्हो भो कसरी बाँच्नु खै ?
डाँडाको माथि फुलेको फूल टिप्न नै पाइएन
आँसुका धारा बगाई-बगाई त्यो धन चाहिएन
लेखेकै रै'छ कर्ममा मेरो भाविनी होराले
पाएन सुख हे मेरी आमा परदेशी छोराले
नरोई बसे हे मेरी आमा म फर्की आउनेछु
म आएँ भनी नौ डाँडापारि यो गीत गाउनेछु ।

**–नरेन्द्र भक्ति**

## लघुकथा

### उपेन्द्रबाजे

उनलाई गाउँका सबैले उपेन्द्र बाजे भनेर चिन्दथे । उनी परम्परावादी विचारधाराका थिए । उनको भनाइ र गराइमा धेरै भिन्नता थियो । गाउँघरमा जातीय, वर्गीय लैङ्गिक समानताका कुरा गर्दै धनी, गरिब, महिला, पुरुष सबै समान हुन्, कसैले पनि यस्ता कुरामा भेदभाव गर्नु हुदैन भन्थे उपेन्द्र बाजे । धनी र गरिब समान हुनुपर्छ भन्ने उपेन्द्र बाजेले आफ्नै घरमा नोकरचाकर पनि राखेका थिए जसलाई उनी बेस्सरी काममा दलाउँथे । यसबाट पनि बाजेको भनाइ र गराइबीचको अन्तर जान्न सकिन्थ्यो । उनी गाउँका सभा, बैठकहरूमा कोही ठूला-साना हुँदैनन्, जाति, लिङ्ग, धर्म, पेसा, वर्ण आदिका आधारमा कसैप्रति भेदभाव गर्नु हुँदैन भन्दै हिँड्थे । उनी अरू त परै जाओस्, क्षेत्रीले पनि छोएको खाँदैनथे तर जातीय स्वतन्त्रताको कुरा गर्न उनलाई अलिकति पनि अप्ठ्यारो लाग्दैनथ्यो ।

एक दिन पसलमा चिया खाइरहेको समयमा एक दलित आएर आफूसँगै बस्यो भनेर चिया नखाने मात्र होइन, उसलाई केटाहरू लगाएर कुटाउन पनि पछि परेनन् उनी । यति मात्र होइन, एक दिन उनी आफ्नी श्रीमती आफू नभएको समयमा अन्त कतै जान्छे भनेर उनलाई कोठाभित्र थुनेर जनसभामा पुगे जहाँ उनी भन्दै थिए– आदरणीय जनसमुदायहरू नारीलाई स्वतन्त्रतापूर्वक बाँच्न दिनुपर्छ । नारी पनि देश विकासका आधारस्तम्भ हुन् । विश्वको आधाभन्दा बढी आकाश थेग्ने महिलाहरूलाई सम्पूर्ण क्षेत्रमा समान अवसर दिनुपर्छ । नारी सहभागिता बिना कुनै पनि क्षेत्रको विकास हुन सक्दैन । नारीले गर्न नसक्ने कुनै पनि काम छैन । त्यसैले नारीहरूलाई शोषण-दमन गर्ने होइन, बरु उनीहरूको कदर गर्दै उनीहरूलाई पुरुषसँगै एकसाथ अघि बढाउनुपर्छ । उनको भाषण सकिन नपाउँदै एक हूल केटा आएर उनको सबै कर्तुत सबैका सामु बताइदिए । केटाहरूले भनेको सबै गल्ती आफूले गरेको स्वीकार गर्दै अब आइन्दा कहिल्यै यस्तो कार्य नगर्ने कसम खाँदै उपेन्द्र बाजेले माफी मागे ।

**–बद्रीप्रसाद शिवाकोटी**

# कामकाजी महिलालाई दोहोरो मार

बुटवल, दीपनगरका कृष्ण अर्याल र लक्ष्मी अर्याल श्रीमान्-श्रीमती हुन् । उनीहरू कारखानामा सँगै काम गर्छन् । ड्युटी समय हेरफेर भए पनि दुवै नियमित ८ घन्टा काम गर्छन् । बढी समय काम गर्नुपरे दुवैले समान दरमा अतिरिक्त पैसा पनि पाउँछन् । तैपनि यी दुईको दैनिकी भने निकै भिन्न छ ।

श्रीमान्-श्रीमती दुवैले काम गर्ने एउटै ठाउँ बुटवल धागो कारखाना हो । कामबाट दुवैले समान ज्याला पाउँछन् । कारखानामा काम गर्दाको जोखिम उस्तै हुन्छ । तथापि काममा जाने र कामबाट फर्कने बेलाको मानसिकता भने फरक-फरक छ ।

बिहानको ड्युटी पर्दा लक्ष्मी ४ बजे नै उठ्छिन् । उठेर पानी भर्ने, झाडु लाउने, ओछ्यान र कपडा पट्याउने, कपडा धुने तथा खानाका लागि रेखदेख नगरी उनले अफिस सम्झन पनि सक्दिनन् । सबै काम सकेर खाने समय भए खान्छिन्, ढिलो भए त्यसै दौडन्छिन् । पाहुनापाछा आएका बेला त अझ अप्ठ्यारो हुन्छ । त्यस्तो बेला उनी पाँच बजे नै सबै तयार पारेर बल्ल हिंड्छिन् ।

एउटै कार्यालयमा काम गर्ने श्रीमान् कृष्ण बिहान ६ बजे ड्युटी छँदा ५ बजे उठ्छन् । कसैले चिया टक्र्याए खान्छन् नत्र त्यसै जान्छन् । 'अरू त के गर्ने हो र ? हामीलाई भित्रको काम खासै थाहा हुँदैन, एउटाले हेरे भैहाल्यो नि । श्रीमती बिरामी हुँदा, नछुने हुँदा तथा अप्ठ्यारो पर्दा गरिहालिन्छ,' उनले भने ।

ड्युटी समय फेरिंदा कहिले कृष्णको बिहानमा ड्युटी पर्छ त कहिले लक्ष्मीको । कृष्णको पर्दा लक्ष्मीले बिहान चिया-खाजा ख्वाएर पठाउँछिन् । खाना बनाएर १० बजे कारखानामा पुऱ्याउँछिन् र दिनको ड्युटी जान्छिन् तर लक्ष्मीको बिहानमा ड्युटी पर्दा भने बिहान चिया-खाजा पनि आफैं बनाउँछिन् । दिउँसो कृष्णले खाना त पुऱ्याउँछन् तर कामले थाकेको बेला खाऊँजस्तो खाना हुँदैन ।

कृष्ण र लक्ष्मीको मात्रै होइन, श्रीमान्-श्रीमती दुवैले काम गर्ने अधिकांश घरपरिवारमा अहिले पनि यही अवस्था भेटिन्छ । आफ्नी श्रीमती, छोरी, बुहारीले पनि जागिर खाऊन्, पैसा र नाम दुवै कमाऊन् भन्ने चाहना घरपरिवारमा बढेको छ तर उनीहरू काममा गएपछि घरको कामको व्यवस्थापन कसरी गर्ने ? अफिस वा काममा उनीहरूले सफलता पाउन घरमा लेखपढ एवं तयारीको समय कसरी मिलाउने ? यस विषयमा निकै कम परिवारले मात्र सोचेको पाइन्छ । जसले गर्दा प्रभावकारी काम गर्न, स्तरवृद्धि हुन तथा थप सम्भावनाहरू खोज्न महिलाले समस्या भोगेका छन् ।

शिक्षण पेसा अथवा दसदेखि पाँचसम्म ड्युटी गर्ने प्रायः महिलाको अनुभवमा बिहान सबेरै उठेर घरको सम्पूर्ण काम सक्दा अफिस जाने बेलासम्म थकाइ लागिसकेको हुन्छ । परिवार नियोजन संघ, बुटवलकी फिल्ड सुपरभाइजर निरु बज्राचार्यका अनुसार अफिस वा स्कुलमा अल्छी गरेर भएन, अरूसँग प्रतिस्पर्धामा काम गर्दा कहिलेकाहीं निकै मुस्किल पर्छ । 'सँगै काममा जाने र सँगै आउने भए पनि अफिसबाट घर आएपछिको हाम्रो व्यक्तित्व धेरै फरक हुन्छ । घर-छिमेकीका कुरा सुन्न, रेडियो, टिभी र पत्रिका हेर्न र पढ्न प्रायः महिलाले फुर्सद पाउँदैनन् । जसले गर्दा उनीहरू सूचनाबाट वञ्चित भै काममा पनि असर पुग्छ,' साधना महिला विद्यालयकी सावित्री अर्यालले भनिन् ।

त्यसो त घरपरिवारले व्यवस्थापन तथा कामकाजी महिलाको अवस्था नबुझिदिंदा कतिपय महिलाले जागिरबाट हात धोएका उदाहरण पनि छन् । 'मैले विवाह नहुँदादेखि जागिर खाएँ । विवाहपछि ५-६ महिना काम गरें तर घरमा पनि कसैले काममा नसघाउने । दिनभर अफिसको टेन्सन, साँझ-बिहान घरको ठूलो झम्मार, बिरामी परें अनि जागिरबाट राजीनामा दिएँ,' प्राइभेट अफिसमा काम गरेकी सुनीता ढकालले भनिन् ।

सुनीताका श्रीमान् पनि जागिरे हुन् । उनी भन्छन्, 'अफिस र घरको काम गर्दा सुनीतालाई धेरै लोड भयो । बच्चाको पनि भविष्य हेर्नुपऱ्यो । कहिलेकाहीं यसो उनलाई सघाउँदा पनि वरिपरिकाले जिस्क्याउँछन्, नगरेको काम गर्न अप्ठ्यारै पर्दो रै'छ,' उनले आफूले घरको काम नगर्नु तथा आफ्नी श्रीमतीले जागिर छोड्नुपर्ने कारण स्पष्ट पार्दै थपे ।

हुनत समाजमा परम्परागत रूपमा गरिआएको काम भन्दै महिला स्वयम्‌ले पनि घरको काम आइमाईको भन्छन् । कहिलेकाहीं घरको काममा सघाउन लाग्दासमेत 'भो तपाईंले के गर्नुहुन्छ र ?' भन्ने चलन पनि छ । यस्ता कुराले महिलामाथि कामको बोझ बढेको छ । अर्कातिर महिलाले यसो गरौं, उसो गरौं भन्दा आफूलाई हेपेको भन्ने पुरुषवादी चिन्तनले पनि सहमति एवं समझदारीमा काम गर्ने बानी परेको छैन । महिलाले छिटो उठ्नैपर्ने, चिया पकाई बिस्तरामा चिया लगेर श्रीमान् तथा छोराछोरीलाई उठाउनुपर्ने । उनीहरू उठेपछि बिस्तराहरू मिलाउनुपर्ने, सुसारेले जस्तै काम गरेर धेरै महिलाको बिहान बित्छ । त्यसमाथि साना बालबालिका भएमा उनीहरूको चित्त बुझाएर स्याहारसुसार गर्नु पनि प्रायः घरमा महिलाको मात्र काम हुन्छ । बालबालिकाले दुःख दिँदा, रुँदा, कराउँदा 'एउटा बालक पनि हेर्न सकिँदैन' भनेर परिवारका सदस्यहरूले थर्काउँछन् ।

गाउँमा भन्दा सहरमा धेरै अवसर पाइन्छ भनेर गाउँबाट पढ्न, जागिर खान वा व्यापार-व्यवसाय गर्न तराई तथा सहरबजारतर्फ लाग्नेहरू आजभोलि धेरै छन् । तीमध्ये कतिपयले सहरबजारमा झरेपछि परिस्थितिअनुसार चल्दै घर वरपर सबैतिर मिलिजुली काम गर्न पनि थालेका छन् तर धेरैको घरपरिवारमा भने त्यस्तो विभेद अझै कायम छ । जसले गर्दा कामकाजी महिलाले अफिस एवं घर दुवैतिरको दोहोरो मार खेप्नुपरेको छ ।

सभ्य तथा शिक्षित समाजमा पनि यस्तो समस्या हुँदा समस्या समाधानतिर कसरी जाने भन्ने विकल्प खोज्न गाह्रो भएको छ । घरबाहिर गएर महिलालाई आफ्नै श्रीमान्‌को बखान गर्न झन् बढी लाजमर्दो हुन्छ । 'नबुझ्नेलाई बुझाउन पो सकिन्छ ? जसले वर्षौंदेखि सबै परिस्थिति बुझेको छ, घरबाहिर समानताका मीठा कुरा गर्छ उसैले व्यवहारमा महिला-पुरुष समानताको काम गर्दैन, घरभित्रको काम महिला अर्थात् श्रीमतीको पेवा सम्झन्छ । यो जटिल समस्या हो । कामकाजी महिलाहरूले यस्ता समस्या भोग्नुपर्दा आफ्नो काममा उन्नति गर्न नसकेका हुन्,' एक दशकदेखि शिक्षा पेसामा संलग्न शिक्षिका मीना केसी भन्छिन् ।

महिलाविरुद्ध हुने घरेलु हिंसा न्यूनीकरण परियोजनामा केही समय काम गरेकी शान्ता आलेका अनुसार कतिपय महिला जागिरे वा आत्मनिर्भर बन्न खोज्दा परिवारबाट एक्लिनुपरेको छ । जागिर वा आफूले गरेको पेसालाई प्राथमिकता दिंदा कतिपय महिलाले रात-दिन झगडा र सम्बन्धविच्छेदको धम्की पनि खानुपरेको छ ।

'अफिसमा काम गर्दा सबैका कुरा राम्रा हुन्छन् । भाषण गर्दा घरको कामको मूल्यांकन हुनुपर्ने तथा घरमा सघाएर महिलालाई आत्मनिर्भर बनाउनुपर्छ भनेर भाषण नगर्ने कमै हुन्छन् तर यथार्थमा पहिला गरिएन अब के गर्ने ? घरभित्रका सानातिना काम गर्दा फलानाले के भन्लान् ? जस्ता सोचाइले गर्दा व्यवहारमा परिवर्तन आउन सकेको छैन । त्यसैले महिलाहरू अघि बढ्नबाट वञ्चित छन्,' सामाजिक कार्यकर्ता निर्मला अधिकारीले बताइन् ।

कुरा सामान्यझैं लाग्छ तर यस्ता समस्याले केही गरौं भनी आँट गरेर काममा होमिएका महिलाहरूलाई निराश बनाउँछ । 'सरकारी होस् वा



निजी कार्यालय, त्यहाँ पनि महिलाले काम गर्ने वातावरण राम्रो बनिसकेको छैन । घरमा पनि काम गर्न सहयोगी वातावरण तयार छँदै छैन । बरु 'अफिस जाने-आउने गरेर मात्रै भयो ?' भन्ने परिवारको लाञ्छनायुक्त बोलीका कारण थुप्रै कामकाजी महिलामा अहिले निराशा पनि बढेको छ । अघि बढ्न चाहने महिलामा निराशा बढ्नु भनेको महिलाको मात्रै होइन यसले परिवारलाई नै समस्यामा पार्छ । 'समानताका लागि समान काम, व्यावहारिकतामा लागू नभएसम्म समानताको भाषणले मात्र अर्थ राख्दैन,' सामाजिक कार्यकर्ता निर्मला अधिकारी भन्छिन् ।

**–इन्दिरा अर्याल**

## सन्देश

लक्ष्मी, जन्मदिनको उपलक्ष्यमा दीर्घायु, सुस्वास्थ्य एवं शैक्षिक प्रगतिका साथै उत्तरोत्तर प्रगतिको शुभकामना । हाम्रो माया अझ प्रगाढ होस् ।

**बाबा**

एसआई, जिउन्जेल मात्र होइन, मरेर गए पनि मैले तिम्रो माया र सम्झनाबाट छुट्कारा पाउनेछैन । मेरो पहिलो र अन्तिम प्रेम तिमी नै हौ । जति टाढा भयो त्यति नै मन छटपटिँदो रहेछ, यो मन, मुटु पागल छ, केवल तिम्रो वियोगमा । एकपटक टाढा भयो भन्दैमा यो विरही मायालाई बिर्सने प्रयास नगर । दुःख परेको बेला आँखाबाट आँसु खस्दा, टेन्सन हुँदा एक्लो महसुस गरी जिन्दगीलाई नधिक्कार, दुःखमा साथ दिने कोही छैन भनेर नसोच । अरू कोही नभए पनि तिम्रा लागि यो सत्य कहिल्यै मर्नेछैन ।

**एस.**

ती नर्स, जसको नाम ख्याल भएन, सँग मित्रता चाहन्छु । साथी राजेश र विष्णुलाई जन्मदिनका अवसरमा सफलताको मंगलमय शुभकामना ।

**दिनेश**

आर.एन., मुटुभरिको माया क्षण-क्षण सम्झना । तिमीसँग गरेको वाचा म तत्काल पूरा गर्न सक्दिनँ होला, त्यो वाचालाई म हाम्रो सुन्दर भविष्य बनाई तिमीलाई आफ्नो बनाउन



तिम्रो मायाको शीतल छाहारीमा उपस्थित हुनेछु, यसर्थ केही समय पर्खिदिनु, तिमी गएदेखि मेरो जीवन सदा उजाड मरुभूमिजस्तै भएको छ । न हाँसोमा साथी पाउँछु, न रुँदा आँसु पुछिदिने कोही पाउँछु, न मनको पीर-व्यथा बुझिदिनेहरू नै छन्, आज यो हजारौंको भीडमा एक्लो बेसहारा भएको छु ।

**कृष**

जानु, क्या बोर बनाउछौ यार सम्झेको सम्भ्यै गर्ने । आफूलाई भने बाउलीले हैरान पारिसक्यो । केही छैन, जे भए पनि म तिम्रै हुँ । सात जन्मसम्मका लागि हजार पटक सम्झनु पर्दैन क्या । अँ साँच्ची, परीक्षामा सफलताको शुभकामना...!

**दिलको राजा**

## जीवनको गोरेटोमा

### त्यो रात...

कुरा वि.सं. २०६० साल वैशाख अन्तिम सातातिरको हो । म आई.कम. दोस्रो वर्षको परीक्षा दिई घरमा बसिरहेको थिएँ । जुम्ला जस्तो दुर्गम क्षेत्र भएकाले बुबा जडीबुटी व्यापारमा व्यस्त हुनुहुन्थ्यो । सायद सिजनको समय भएकाले होला मलाई पनि बाजुरातिर जडीबुटी खरिद गर्नका लागि अर्का एकजना व्यापारीसँग पठाउनुभयो । ग्रामीण भेकमा डुल्ने व्यापारीको भेषमा म ती दाइसँग वैशाखको २४ गतेतिर घरबाट हिँडें । बिस्तारै एउटा सानो डाँडा, अर्को खोला, पुनः अर्को खोला, पुनः डाँडा, पहाडी थुम्काहरू सबैतिर रमाइलो नै रमाइलो, हरियो वनपाखा, भुईंभरि काफल माथि रूखमा लालीगुराँस ढकमक्क फुलेको दृश्यले त्यो अति नै कष्टकर हिँडाइलाई विस्मृत पारेको थियो । घरबाट हिँडेको रात एउटा सानो गाउँमा बास बस्यौं ।

भोलिपल्ट पनि दिनभरि हिँडेर एउटा सानो बस्तीमा पुग्यौं जसलाई झुलंगा भनिन्थ्यो जुन बाजुरा र मुगुको सिमाना अनि कर्णाली नदीको किनारामा रहेको अत्यन्त महँगो बजार हो । महँगो भए पनि सबै सामान पाइने भएकाले उपभोक्ताहरू खुसीसाथ सामान किन्थे । हामी दोस्रो दिन पनि त्यहीँ बस्यौं । भोलिपल्ट बिहान खानेकुराहरू चाउचाउ, बिस्कुट, चिउरा, चिनी र केही चामल किनेर उक्त झुलंगा पुल तरेर बाजुराको विकट क्षेत्र बिछिया, किउडी गाउँतिरको उकालो चढियो । आफू त विद्यार्थी मान्छे कहिल्यै त्यसरी तीन-तीन दिन नहिँडेको, एकातिर थकाइ थियो भने अर्कातिर व्यापारीको छोरा, व्यापारीसँग व्यापारीको भेषमा, आहा क्या रमाइलो । मैले सबैतिर पैसा नै पैसा बोकेको थिएँ । रुपैयाँ चार लाख जति भए पनि खुद्रा बढी बोक्नुपर्ने भएकाले धेरै नै भयो । त्यो पैसा दाजुले एउटा ब्यागमा राखी पिठ्युँमा बोकेका थिए भने मैले ज्याकेटभित्र बाँधेको थिएँ । मलाई अरूभन्दा हलुका तर भिन्नै अनुभव भैरहेको थियो । बिस्तारै उकालिँदा कतै खाना खाने समय नभएपछि चाउचाउ र चिउरा खाँदै गयौं । त्यस दिन किउडी गाउँ पुगियो जहाँ गुच्ची च्याउ अरू व्यापारीले किनिसकेका रहेछन् । थकाइले ग्रस्त शरीर झन् किन्ने सामान पनि गुमाएकाले दाजु धेरै दुःखी हुनुभयो । त्यो रात त्यहीँ बस्ने निर्णय गर्‍यौं । पछिल्लो दिन बिहान त्योभन्दा पनि अरू भित्रतिरको अँध्यारो खोल्सातिर बढ्ने दाजुको संकेतमा मेरो ओके बाहेक अरू प्रतिक्रिया हुने सम्भावना थिएन । त्यसै गरी अघि बढियो ।

जब एउटा बाटो समातियो हिँड्दै जाँदा दुईवटा गाउँ पार गरिसकेपछि एउटा सानो खोल्सा नजिकै पुगियो । उक्त खोल्साको चिसो पानीसँग हामीले बोकेका खानेकुरा खायौं । अब हामीसँग

### मेरो अनुभव

केवल दुई किलो चामल बाँकी थियो । त्यसैले भारी पनि हलुका भयो । हामी छिटो-छिटो अघि बढ्न थाल्यौं । हामी एउटा सानो साँघुरो बाटोमा थियौं जहाँबाट खसेपछि मृत्युको विकल्प थिएन । अति कठिन डरलाग्दो भीर त्यसपछि घनाजंगल, कहालीलाग्दो सानो बाटो तल खोल्सामा एकोहोरो आवाज, कता कता डर लागे पनि केही नभनी सोच्दै अघि बढ्ने क्रम जारी थियो । त्यसैबेला एउटा मानिस भेटियो । केहीबेरको सोधपुछपछि उसले कोटीगाउँ जाने बाटो देखायो । सोहीअनुसार हामी अघि लाग्यौं । धेरै अँध्यारो हुँदासम्म हिँडे पनि गाउँ भेट्टाउन सकिएन । अँध्यारो बढ्दै गयो । हामी बिस्तारै-बिस्तारै अघि बढिरहेका थियौं । निकै अँध्यारो भयो । एउटा सानो बाटो उकालिएपछि फेरि तेर्सो लाग्यौं । धेरै दुःखपछि एउटा गाउँमा पुगियो । गाउँ शान्त देखिन्थ्यो । सबैतिर अँध्यारो थियो । त्यहाँ ४०-४५ वटा घर थिए । बीचमा एउटा धारा थियो तर विडम्बना त्यहाँ एकजना पनि मानिस थिएनन् न त कुनै जनावर नै थिए न त धारामा पानी नै थियो । सलाइँ कोरेर दियालो बनायौं अनि दुई-चार घरको ढोका खोली हेर्दा त्यहाँभित्र केही पनि थिएन । यस्तो लाग्थ्यो कि त्यहाँ सबै घर खाली छन् । हामीसँग पानी पनि थिएन । न कुनै खानेकुरा केवल चामलमात्र थियो । थकाइले गर्दा शरीर निष्क्रिय थियो । साह्रै डर लाग्यो, केही समयपछि एउटा घरभित्र गयौं र आगो बालेर बस्यौं ।

एकछिन बाहिर आएर म चिच्याएँ 'यहाँ कोही छ ?' केवल मेरो आवाज मात्र थर्कमान भयो तर कोही बोलेन । केवल त्यो शून्य संसारमा एकोहोरो झ्याउँकीरीको आवाज मन्द गतिमा घन्किरहेको थियो । केहीसीप नलागेपछि त्यही घरमा रहेको खर बिछ्याएर दुवै दाजुभाइ पल्टियौं । के-के सोच्दै अनि कल्पना गर्दै, खै कति बेला हो कुन्नि निद्राकी देवीले सपनाको संसारमा पुऱ्याइन् । ब्युँझदा त बिहानको आठ बजिसकेको थियो । घाम पनि निकै माथि आइसकेको थियो । बाहिर निस्केर हेर्दा त त्यहाँबाट करिब एक किलोमिटर तल खोला पारी जंगलबाट धुवाँ निस्किरहेको देखिन्थ्यो । हामी त्यतैतिर लाग्यौं । आखिरमा गाउँ त त्यहाँ पो रहेछ । आज त्यो दिन सम्झँदा, कुनै काल्पनिक कथा सम्झँदा वा पढ्दा, सुन्दा जस्तै त्यो दिन, त्यो गाउँ, त्यो रातले मन अझै पनि ढुकढुक गराउँछ । त्यो रात त्यतिबेला कष्टकर भए पनि अहिले सम्झँदा रमाइलो लाग्छ तर जीवनमा त्यस्तो रात फेरि नआओस् ।

**– खड्गबहादुर खड्का**

## साप्ताहिक साथी



सीता कार्की १७ वर्षकी भइन् । उनी ८ कक्षामा अध्ययरत छिन् । नम्र एवं हँसिलो देखिने सीता साथी बनाउन, गीत-संगीत सुन्न तथा भ्रमण गर्न मन पराउँछिन् । उनी साथी बनिसकेपछि साथ नछाड्ने, धनी-गरिब तथा जात-धर्मका आधारमा भेदभाव नगर्ने साथीको खोजीमा छिन् । उनलाई आदर्श सरल माध्यमिक विद्यालय नागबहाल, ललितपुरमा पत्राचार गर्न सकिन्छ ।



बीबीएस दोस्रो वर्षमा अध्ययनरत पञ्चबहादुर तामाङ २० वर्षका छन् । ५ फिट ३ इन्चका पञ्चबहादुर मिलनसार छन् । उनी अविवाहित हुन् । राम्रो स्वरका धनी तामाङ कसैको भावनामाथि खेलबाड नगर्ने एकपटक पत्रमित्र बनेपछि त्यसलाई निरन्तरता दिने साथीको खोजीमा छन् । उनलाई pancha_tamang33@yahoo.com मा पत्राचार गर्न सकिन्छ ।

**सूचना**

**विजयादशमी तथा दीपावलीको शुभअवसरमा आफ्ना इस्ट-मित्र तथा मान्यजनहरूलाई शुभकामना सन्देश पठाउन चाहनुहुने महानुभावहरूले आफ्नो सन्देश असोज १५ गतेसम्ममा साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहोला । सन्देशका साथ रु.२० र कुपन अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ ।**

–सम्पादक

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........................................................

उमेर : ........................... उचाइ : ...........................

पेसा : ........................... शिक्षा : ...........................

स्वभाव :........................... वैवाहिक स्थिति : ...........................

अभिरुचि : ...........................वर्ण : ...........................

इमेल : ..........................................................

ठेगाना : ..........................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................

..........................................................

**नोट :** तस्बिर र नगद रु. ५०/- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

# चितवनमा जैविक विविधता सूचना केन्द्र

चितवन– चारैतिर ठूला-ठूला रूखले घेरिएको बरन्डाभार जंगल । जंगलभित्र विभिन्न वन्यजन्तुको चिरबिराहट । जंगलसँगै जोडिएको महेन्द्र राजमार्गमा यातायातका साधनहरू हुइँकिरहेका छन् । राजमार्गसँगै टिकौली जंगलकै आडमा वन सशस्त्र रक्षक तालिम केन्द्र छ । त्यसैसँग जोडिएको पक्की दुईतले घरले जोकसैको ध्यान आफूतिर आकर्षित गर्छ । किनकि त्यो घर विभिन्न वन्यजन्तु एवं थारू संस्कृति झल्कने चित्रकलाले सजाइएको छ । यो घर जैविक विविधतासम्बन्धी जानकारी दिन एवं वन्यजन्तुको अखेटोपहार संकलन गर्न बनाइएको संग्रहालय हो । यो संग्रहालयमा नेपालमा पाइने विभिन्न वन्यजन्तु तथा चराचुरुङ्गीको अंग संग्रह गरिएको छ भने अर्कातिर चित्रकलाको माध्यमबाट पनि यिनलाई हामीले नास्नु हुँदैन, यी हाम्रा अमूल्य सम्पत्ति हुन् भन्ने कुरा प्रस्ट्याइएको छ ।

यो संग्रहालय महेन्द्र राजमार्गको नारायणगढ-टाँडी सडकखण्डको बीचमा पर्ने टिकौली जंगलसँगै छ । वन्यजन्तु, संरक्षणको क्षेत्रमा ठूलो योगदान पुऱ्याएका व्यक्तिहरूलाई सम्झाउनमा पनि यो सङ्ग्रहालयको ठूलो भूमिका छ । डेढ वर्षअघि ताप्लेजुङको घुन्सामा निकुञ्ज, पर्यटन, मौसम, वन्यजन्तु आदि २१ जना विज्ञले ज्यान गुमाएका थिए । कञ्चनजंघा संरक्षण क्षेत्रमा भएको हेलिकप्टर दुर्घटनामा दिवंगत संरक्षणकर्ताहरूको स्मृतिमा यो 'जैविक विविधता सूचना केन्द्र' खोलिएको हो ।

पर्यटकलाई चितवन निकुञ्जमा पाइने पक्षी एवं वन्यजन्तु तथा जंगलसम्बन्धी ज्ञान प्रदान गर्ने उद्देश्यले यो सूचना केन्द्र स्थापना गरिएको हो । जैविक विविधता सूचना केन्द्रसँग टाँसिएर रहेको वनरक्षक तालिम केन्द्रको गोदाममा थन्किएका वन्यजन्तुको अखेटोपहारलाई प्रशोधन गरी अहिले यो केन्द्रमा सजाएको छ । केन्द्रका चौकीदार भीष्म आलेमगरका अनुसार यसअघि गोदाममा राखिएका यस्ता महत्त्वपूर्ण अखेटोपहार एवं अस्थिपञ्जर जलाइँदै आएको थियो । अहिले यी सबै अखेटोपहार यही सूचना केन्द्रमा सजाएर राखिएकाले एकातिर यसको सदुपयोग भएको छ भने अर्कातिर यस्ता दुर्लभ वन्यजन्तुका बारेमा जनचेतना बढ्न थालेको छ ।

केन्द्रमा उक्त हेलिकप्टर दुर्घटनामा मृत्यु भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत चर्चित संरक्षणविज्ञहरूको जीवनी, व्यक्तित्व एवं तस्बिरलाई व्यवस्थित रूपमा सजाएर राखिएको छ । ढोकाबाट प्रवेश गर्नेबित्तिकै सबैको ध्यान पुग्ने गरी गोलबद्ध रूपमा तयार पारिएको काठको मञ्चमा उनीहरूको तस्बिर सजाइएको छ । 'आश्विन ७ गते दिवंगत भएका संरक्षणका नायकहरूको स्मृतिमा यो केन्द्र समर्पित छ', केन्द्रको प्रवेशद्वारमा उल्लेख छ ।

जिल्लामा पहिलो पटक यस प्रकारको सूचना केन्द्र बनेको हो । यसको निर्माणपछि आगन्तुकहरूले जनावरका सम्बन्धमा बुझ्न सौराहा र निकुञ्जको मुख्यालय कसरा पुगिरहनु पर्दैन । केन्द्रमा



संरक्षणसम्बन्धी सबै पक्ष समेटिएकाले बसी-बसी अध्ययन-अनुसन्धान गर्न सकिन्छ । यसले विदेशी पर्यटकहरूको मन तानिरहेको छ ।

यो सूचना केन्द्रका लागि २ तले भवन निर्माण गरिएको छ । जसको तल्लो तलामा नेपालमा पाइने संरक्षित पंक्षी एवं वन्यजन्तुको परिचयका साथै राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुन र महासन्धिका बारेमा बोर्ड राखिएको छ, साथै संरक्षणका लागि हालसम्म भएका प्रयास र उपलब्धिका बारेमा जानकारी गराइएको छ भने माथिल्लो तलामा चितवन निकुञ्जमा पाइने वन्यजन्तुका अखेटोपहार तथा अस्थिपञ्जरलाई प्रशोधन गरेर सजाइएको छ । यहाँ हात्ती, गैंडा, बाघ, चितुवा, नीलगाई, जरायो, अजिंगर आदि जनावरका सबै अंगलाई काठको खण्ड-खण्ड निर्माण गरेको सजाइएको छ । त्यसमा ती जनावरको जीवनचक्रलाई समेटिएको छ । केही जनावर एवं सरिसृपका सम्बन्धमा चित्रांकन गरेर जानकारी गराइएको छ । संग्रहित वस्तुहरूमा गैंडाको खाग, अजिंगरको छाला, हात्तीको दाह्रा, जरायोको सिङ, बाघको छालालगायत विभिन्न अंग छन् ।

नेपालमा पाइने अधिकांश पन्छी तथा जनावरहरूका बारेमा पोस्टर, पम्प्लेट एवं चित्रकलामार्फत विभिन्न जानकारी दिइएको छ । कुन जनावर कति बाँच्छ, के खान्छ, कस्तो ठाउँमा बढी पाइन्छ, त्यसको उचित बासस्थान कुन हो भन्ने सूचनाका साथ लोप हुन लागेका जनावरहरूका बारेमा समेत त्यहाँ जानकारी गराइएको छ । चलनचल्तीमा रहेको कुन नोटमा कुन-कुन जनावरको चित्र अंकित छ भन्ने जानकारी पनि यहाँ पाइन्छ । विश्ववन्यजन्तु कोषको सहयोगमा तराई भू-परिधि कार्यक्रमले यो सूचना केन्द्र निर्माण गरेको हो ।

भू-परिधि कार्यक्रमले ६ महिना लगाएर तयार गरेको सूचना केन्द्र उद्घाटनकै दिन स्थानीय मध्यवर्ती टिकौली सामुदायिक वन र पञ्चकन्या सामुदायिक वनलाई हस्तान्तरण गरिएको थियो । केन्द्र अवलोकनका लागि विद्यार्थीलाई ५ रुपैयाँ, सर्वसाधारणलाई १० रुपैयाँ तथा विदेशीका लागि प्रतिव्यक्ति २० रुपैयाँ तोकिएको छ । २ वर्षअघि माओवादीले बम विस्फोट गराएर क्षति पुऱ्याएको भवन अहिले लोभलाग्दो बनेकोमा खुसी व्यक्त गर्दै सुनारले भने- 'यो केन्द्रले संरक्षणमा लागेका व्यक्तिहरूलाई पनि हौस्याएको छ ।'

**–प्रवीण दत्त**

# महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?

आरक्षणभन्दा पनि खुला प्रतिस्पर्धा गर्नु राम्रो होला।

**राजु गौतम, खैरहनी, चितवन**

सम्पादकज्यू, आरक्षणको कुरा गर्नुभएको रहेछ, महिलाहरू जनावर त होइनन् नि। यदि उनीहरू हरेक क्षेत्रमा सक्षम भए ३३ प्रतिशत मात्र होइन, शतप्रतिशत पनि दिन सकिन्छ नि, होइन र ?

**कृष्णप्रसाद लामिछाने** (१९), **गोरखा**

समान हुन त पुरुषसरह नै सक्षम हुनुपर्‍यो नि।

**रोशन आले, स्याङ्जा**

घरधन्दा र श्रीमान्लाई रिझाउनुबाहेक के नै काम छ र महिलाको ?

**नवीन दाहाल, हनुमन्तेश्वर, दोलखा**

सम्पादकज्यू, ३३ प्रतिशत भन्दै श्रीमतीलाई भन्सारतिर छिराउने विचार छ कि क्या हो ? ठीक छ, ठीक छ मैले पनि त्यसै गर्नुपर्ला।

**रुद्रप्रसाद दाहाल** (२०), **दोलखा**

आरक्षण दिए पनि लास्टाँ उही पहुँचवालाहरू नै त ठाउँमा पुग्ने हुन्, बरु नदिएकै राम्रो।

**शान्ता गौतम** (२५), **झापा**

आरक्षण होइन, शिक्षा दिनुपर्छ।

**हडिन्द्र कार्की** (२४), **धनकुटा**

कस्तो कुरा गर्‍या सम्पादकज्यूले, बल्ल त शान्तिको सास फेर्न पाइएला जस्तो छ। ३३ प्रतिशत नदिए त फेरि जनआन्दोलन-३ जन्मन बेर लाग्दैन।

**कमल जीसी** (२४), **खोटाङ**

आरक्षण उचित छ तर आधा आकाश ढाक्ने महिलालाई त्यति (३३ प्रतिशत) मै सीमित राख्नु हुँदैन, यसका लागि महिलाहरू पनि जागरूक हुनुपर्छ।

**missingsanee@yahoo.com**

३३ प्रतिशत मात्र हो भने बेठीक छ। किनभने नेपालमा सबैथोकमा बहुमतकै कदर हुने गरेको महिलालाई स्वयम् थाहा छ।

**एस्.के. कुँवर** (२४), **इटाखेल**

उचित छ, नेपालमा पुरुषको भन्दा महिलाको जनसंख्या बढी छ भन्ने कुरा थाहा छैन कि क्या हो ?

**खड्कमणि थामी** (२४), **कीर्तिपुर**

महिलालाई ३३ प्रतिशत मात्र नभएर ५० प्रतिशत नै आवश्यक छ। महिला र पुरुषबीच समान अधिकार भन्ने तर लागूचाहिँ नगर्ने ?

**रक्षा पौडेल** (१६), **भीमान**

मनस्थिति बदलौं सम्पादकज्यू, ३३ प्रतिशतको होइन ५० प्रतिशतको कुरा गरौं। के महिलाहरूचाहिँ सौतेनी आमा वा मावलीका सन्तान हुन् र ?

**विनय राई** (२३), **खोटाङ**

देश विकासका लागि महिलाहरूलाई ३३ प्रतिशत आरक्षण दिनुपर्छ। किनभने महिला र पुरुषको हक अधिकार बराबर छ।

**दुर्गाबहादुर माझी, रामेछाप**

त्यो त दिनेलाई थाहा होला नि हामीलाई के थाहा सम्पादकज्यू ?

**नारायण भट्टराई, गाईघाट, उदयपुर**

महिलालाई ३३ प्रतिशत आरक्षण थोरै भयो। ५० प्रतिशत नै दिनुपर्छ।

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
२. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
३. बुद्धि ठूलो कि बल ? किन ?
४. देशभक्ति के हो ?
५ देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
६. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
७. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
८. प्रेममा धोका हुने कारण के हो ?
९. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
१०. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
११. दसैं र तिहारको परम्परालाई समय सुहाउँदो बनाउन के गर्नु पर्ला ?

पुरुषलाई जस्तै महिलालाई पनि आमाले नै जन्माएको हो। के महिलाको बुद्धि र मस्तिष्क पुरुषको तुलनामा सानो हुन्छ र ?

**पद्मा सिटौला, इटहरा**

देश विकासका लागि महिलाहरूलाई आरक्षण दिनुपर्छ।

**सरस्वती दनुवार, काभ्रे**

कुन कुरामा ३३ प्रतिशत भन्नुभा' ? यस्तो प्रश्न गरेर फेरि महिला आन्दोलन ननिम्त्याउनुहोस् न। ३३ होइन ६६ प्रतिशत दिनुपर्छ तर समय अनि अवस्थाअनुसार।

**वीरेन्द्र बस्नेत, अर्घाखाँची**

३३ प्रतिशत आरक्षण न पर्याप्त छ न उचित, किनभने महिलाहरू चेतनशील प्राणी हुन्। किन यति आरक्षण उति आरक्षण दिने भन्नुपर्‍यो ? महिलालाई पुरुषसरह अधिकार दिनुपर्छ। यसका लागि उनीहरूलाई सक्षम पनि बनाउनुपर्छ। के महिला के पुरुष बराबर अधिकार प्रयोग गर्न पाउनुपर्छ।

**ठाकुरमान श्रेष्ठ** (४०), **धादिङ**

होइन, किनभने महिलाहरूलाई यसको अर्थ नै थाहा छैन। आफ्नो शरीरको ३३ प्रतिशत मात्र आरक्षण गर्ने हुँदा युवाहरूको आँखा सडकपेटीतिर हानिन्छ, यसले सडक दुर्घटनाको संख्या बढ्छ।

**कुबिर कुलुङ, सोलु**

आरक्षण दिनु राम्रो कुरा हो तर योग्यता र क्षमताबिनाको होइन।

**सुजन कार्की, दोलखा**

एकदमै ठीक, नेपालका महिलाहरूलाई यसले अलि माथि उचाल्ने काम गर्ने थियो कि ? तर के गर्ने जति आरक्षण दिए पनि घरधन्दाकै काम सिद्धिन्न।

**नारायण कुँवर** (१८), **तानसेन**

महिलाहरूलाई ३३ प्रतिशत त के रत्तिभर आरक्षण दिनुहुँदैन। महिलाहरूलाई आरक्षण दिनुको साटो समान अवसर प्रदान गरेर आफ्नै बलका आधारमा सक्षम हुन दिनुपर्छ।

**किरण राना** (१६), **पोखरा**

उत्तम, अति उत्तम। यस्तो भए महिलाले पनि पुरुषसरह खानपान, उचित शिक्षा अनि प्रशस्तै अवसर पाउँथे। जहिले पनि मेलापात, दाउरा-घाँस अनि जुठा भाँडाबाट त छुट्कारा पाउँथे नि, होइन ?

**रोशनकुमार श्रेष्ठ** (२५), **खोपासी**

देश विकासका निम्ति हातेमालो गर्नु राम्रो हो तर आरक्षण पाएर पनि केही नगर्दा बूढो गोरुले ठाउँ ओगटेजस्तो हुन्छ।

**शशि देवकोटा, सर्लाही**

३३ प्रतिशत होइन, ५० प्रतिशत नै दिनुपर्छ।

**दिव्या भट्टराई, गाईघाट, उदयपुर**

यो प्रश्न अलि हजम भएन। कहाँको ३३ प्रतिशत मात्रै, मेरो विचारमा त माग्नेजति सबैलाई शतप्रतिशत आरक्षण दिए झन्झटै खत्तम कि कसो ?

**resham-sunuwar@yahoo.com**

आम्मै ! कस्तो कुरा गरेको ? एक्काइसौँ शताब्दीमा के ३३ प्रतिशत आरक्षणको कुरा गरेको ? शतप्रतिशत दिए भैगयो नि। आखिर नारी-पुरुष समानै हुन् क्यारे। नत्र भोलि अर्को समस्या जन्मिएला नि देशमा।

**कुमार सुनुवार, काठमाडौं**

महिला-पुरुष बराबर, त्यसैले महिलालाई ५० प्रतिशत र पुरुषलाई ५० प्रतिशत।

**सम्पूर्ण प्रजापति, ठिमी**

# रतिप्रति अनिच्छा किन ?

यौनसम्बन्ध जीवनको एक अहम् अंग भए पनि केही कारणले गर्दा कतिपय महिलामा यसप्रति अनिच्छा देखिन्छ। यौनप्रति अनिच्छा उत्पन्न हुनुको कारण बुझ्न स्त्री यौनका सम्बन्धमा नियाल्नु आवश्यक छ।

**पहिलो चरण** : उत्तेजना यौन क्रियाको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। कामोत्तेजक दृष्य वा यस्तै कुनै परिकल्पना साथीको मादक स्पर्श, कामोत्तेजक ध्वनि, संवाद वा संगीत वा सुगन्धले शरीरमा उत्तेजना पैदा गराउँछ। उत्तेजनाको फलस्वरूप केही शारीरिक परिवर्तन पनि देखा पर्छ। यस बखत श्रोणी अंगहरूमा रक्त प्रवाह तेज हुन्छ र योनिमार्गमा स्निग्धता बढ्छ जसले गर्दा सहवास प्रक्रियामा सहजता प्राप्त हुन्छ।

**दोस्रो चरण** : मिलनको प्रक्रियामा महिलाहरूको श्रोणी पेशीहरू अनेकन पटक संकुचन हुन्छ जुन आर्गेजम प्राप्तिपछि मात्रै समाप्त हुन्छ। त्यसपश्चात् मस्तिष्कमा आनन्दको अनुभूति हुन्छ र तृप्तताका साथ सहवास सम्पन्न हुन्छ। यो चरणमा भग्नसा अर्थात् क्लाइटोरिसको अहम् भूमिका हुन्छ जसको उत्तेजनाबाट चरम सुखतर्फको मार्ग प्रशस्त हुन्छ।

उल्लेखित कुरा हेर्दा सहज लागे पनि विभिन्न शारीरिक एवं मनोवैज्ञानिक कारणहरूले त्यसमा व्यवधान सिर्जना गर्छन्। तन्त्रिका तन्त्र सम्बन्धित रोग, मल्टिपल स्कलरोसिस, डाइबिटिज, एन्डोमेट्रियोसिस जस्ता बिरामीका साथै योनि मार्गमा सुजन, डिम्ब ग्रन्थी वा डिम्ब नलीमा सुजन आदि कारणले गर्दा सहवासको पहिलो चरणमा बाधा पुग्छ। यी सबै कारणले महिलालाई उत्तेजित हुनबाट रोक्छ। जसका कारण सहवासको पहिलो अध्याय नै प्रारम्भ हुन पाउँदैन। पीडादायक सहवासले पनि महिलालाई दोस्रो पटक यौनक्रियामा संलग्न हुन उत्साहित गर्दैन। सेक्सुयल डिजाएरमा अन्तःस्रावी ग्रन्थीबाट स्रावित हुने हार्मोनले पनि प्रभाव पार्छ। पिट्युटरी ग्लान्डको अग्रभागबाट गोनेडोट्राफिन नामक हार्मोन निस्कन्छ जसले डिम्बग्रन्थीलाई प्रेरित गर्छ। यदि पिटयुटरी ग्लान्डमा कुनै किसिमको गडबढी भए हार्मोनको स्रावमा कमी वा अनियमितता आउँछ जसका कारण यौनसम्बन्धी समस्याहरू उब्जने सम्भावना हुन्छ। यसबाट मासिक धर्ममा अनियमितता हुने, शरीरमा अवनञ्छित रौं उम्रने वा वजन बढ्ने समस्या पनि हुन्छ।

महिलाहरूमा यौनप्रति अनिच्छा हुनुमा मनोवैज्ञानिक कारण पनि उत्तिकै जिम्मेवार हुने गरेको पाइन्छ। यौनसुखका सम्बन्धमा सानैदेखिको नकारात्मक सोंच, अतीतमा घटेका यौन दुर्घटना, वैवाहिक जीवनको कलह, दुश्चिन्ता, तनाव, अवसाद, थकान जस्ता कारणले महिलाहरूलाई मानसिक रूपमा यौन क्रियामा संलग्न हुन धेरै हदसम्म तयार गर्दैन। शारीरिक अपूर्णताको भावले पनि यौन इच्छाप्रति नकारात्मक असर पार्छ। पारिवारिक जिम्मेबारी, अविश्वास, असुरक्षा, डर, संकोच आदि मनोभावका कारण पनि कतिपय महिलामा यौनप्रति अनिच्छा देख्न पाइन्छ।

स्त्री यौन मामिलामा दोस्रो चरण अर्थात् चरम सुखको अवस्थालाई धेरै हदसम्म पुरुष अज्ञानता वा अक्षमताले प्रभाव पार्ने गरेको देखिन्छ। प्रेमी वा पतिको सहवासले महिलालाई सन्तुष्टि तथा सुख प्राप्त नहुनु र यो अवस्था पटक-पटक आए महिलाको मनमा यौनप्रति अनिच्छाले वास गर्न थाल्छ। भग्नसा पूर्णरूपले उत्तेजित नभएको अवस्थामा वा भेजिनिस्मसको अवस्थाका कारण पनि महिलाले चरम सुखको अनुभूति नगर्न सक्छन्। स्पर्शका कारणले मात्रै पनि योनिद्वारलाई घेर्ने मांसपेशीको पीडादायक संकुचन भएको यो अवस्थालाई भेजिनिस्मस भनिन्छ। यस अवस्थामा योनि धेरै हदसम्म संकुचित हुन्छ र सहवास सम्भव हुँदैन, जसले गर्दा स्त्री योनेच्छामा विपरीत प्रभाव पर्छ।

महिलामा यौनेच्छा घट्नुका पछाडि मनोवैज्ञानिक कारणले पनि महत्त्वपूर्ण भूमिका खेल्छ। यौनसम्बन्धी सही जानकारीले यो समस्यालाई समाधान गर्न नसकिने होइन। सबैभन्दा पहिले यौनलाई जीवनको महत्त्वपूर्ण तथा सुखद पक्षका रूपमा स्वीकार गर्नु आवश्यक छ। यौन उदासीनतातर्फ अग्रसर गराउने अश्लील साहित्य, चित्र, चलचित्र आदिको मोहजालमा नपर्नु नै बुद्धिमानी हुन्छ। एक अमेरिकी शोध अनुसार सयमा पचहत्तर पुरुष दुई मिनेटमा स्खलित हुने गरेको पाइएको छ। कारण रंगीन पृष्ठमा कैद गरिएका अश्लील पुस्तक तथा ब्लु फिल्ममा दर्शाइएका लामो सहवासको क्रियालाई नक्कल गर्ने प्रयास। यसबाट आफ्नो साथीलाई सन्तुष्टि प्रदान गर्ने कुरामा दबाब पर्छ। जसबाट यौनजीवन कुनै पनि हालतमा सुखद हुने सम्भावना रहँदैन।

यसमा वातावरणीय प्रभाव पनि उत्तिकै रहन्छ। अनावश्यक ध्वनि वा अन्य व्यवधानबाट मुक्त वातावरण यौन क्रियाका लागि उपयुक्त हुन्छ। सुखद परिवेशमा सहजतापूर्वक संलग्न भएको सहवासले नै आनन्द तथा सन्तुष्टि प्रदान गर्छ। यौन सन्तुष्टिका लागि फोरप्ले अर्थात् सहवासपूर्व गरिने क्रियाहरू जस्तै छेडछाड, मादक स्पर्श, चुम्बन आदिको महत्त्वलाई पनि बिर्सनु हुँदैन। महिलाहरू समर्पणको भावनाबाट नै यौन क्रियामा सक्रियतापूर्ण संलग्न हुन्छन्। आफू कुनै वस्तुका रूपमा प्रयोग भैरहेकी छु भन्ने भाव जागृत भए महिलाहरूमा यौनप्रति वितृष्णा मौलाउन थाल्छ। त्यसैले पुरुष पक्षले बढी सचेत एवं सजग हुनु आवश्यक छ। उल्लेखित उपायका अतिरिक्त आफ्नो शारीरिक कमी-कमजोरी वा समस्याका बारेमा सम्बन्धित विशेषज्ञसित सरसल्लाह गर्नु तथा तिनको परामर्श एवं मार्गनिर्देशन अवलम्बन गर्नुपर्छ। आफ्नो यौन उदासीनताप्रति ध्यान नदिनु तथा त्यसलाई गम्भीरतापूर्वक नलिनु बुद्धिमानी होइन। समयमै सजगता अपनाएर त्यसको उचित समाधान खोज्नु उत्तम हुन्छ। किनकि वैवाहिक जीवनलाई सुखद, सुमधुर तथा सफल राख्न यौनले महत्त्वपूर्ण एवं अहम् भूमिका खेल्छ।

**–रोजिन शाक्य**

# तीज गीतमा नारी समानताको माग



*'तेत्तीस प्रतिशत होइन,*
*हामीलाई पचास प्रतिशत चाहिन्छ,*
*लोकतन्त्र मात्र होइन*

हामीलाई गणतन्त्र नै चाहिन्छ।'

अनन्त आमा समूह, मिरुवाले उक्त तीजे गीत गाउँदा मञ्चवरपर ठेलमठेल गर्दै बसेका चेलीबेटीहरूले ताली बजाउँदै समर्थन जनाए। श्रीकृष्णजन्माष्टमीमा पोखरामा आयोजित तीजगीत प्रतियोगितामा अरू धेरै महिला समूहले समान सहभागिताको माग बुलन्द पारे।

कोरीबाटी गरी चौबन्दी चोली र साडीमा चिटिक्क सजिएर छमछम नाच्दै हक, अधिकार, वेदना र चाहना व्यक्त गरिरहेका चेलीहरू हेर्न निकै घुइँचो लागेको थियो। युवायुवती, वृद्धवृद्धा, बालबालिकाले भरिएको पार्कमा ठाउँ नपाएर कतिपय रूख, पर्खालमा समेत चढेर नाचगानको आनन्द लिइरहेका देखिन्थे। विभिन्न जिल्लाका महिला दिदीबहिनीहरूलाई प्रतियोगिता गरेर एकै थलोमा जमघट गराउने काम लोक तथा दोहोरी गीत प्रतिष्ठान कास्कीले गरेको थियो।

राज्य पुनर्संरचनाको यस घडीमा महिलाले तीजे गीतमार्फत समान सहभागिता र गणतन्त्र खोज्नु स्वाभाविकै थियो। जनआन्दोलनमा प्राणको आहुती दिएको, छोरा, श्रीमान् गुमाएर पाएको लोकतन्त्र संरक्षण गरी सहिदको सम्मान गर्न आग्रह गरे। नेताहरूलाई पद र कुर्सीको पछि लागेकोमा चिन्ता व्यक्त गर्दै खवरदारीसमेत गरे। कास्की, पर्वत, स्याङ्जा, तनहुँ र लमजुङका २५ महिला समूह प्रतियोगितामा सहभागी थिए।

प्रतियोगितामा सिर्जनशील आमा समूह छोरेपाटन प्रथम, अनन्त आमा समूह मिरुवा द्वितीय र सोसियल पब्लिक स्कुल तृतीय भए। विन्ध्यवासिनी दिदीबहिनी समूहले सान्त्वना पुरस्कार प्राप्त गर्‍यो। यसैगरी पामे दिदीबहिनी समूहले उत्कृष्ट नृत्यतर्फको तथा आँधीखोला तमु समाजले सर्वोत्कृष्टको पुरस्कार पाए।

**–प्रेम नेपाली**

## अन्तरनगरपालिका फुटबल अब हेटौंडामा

# काठमाडौं महानगरपालिकालाई उपाधि

पोखरा- पोखरा रंगशालामा सम्पन्न तेस्रो अन्तरनगरपालिका फुटबल प्रतियोगिताको उपाधि काठमाडौं महानगरपालिकाले जितेको छ। डिफेन्डिङ च्याम्पियन काठमाडौंले ललितपुर उप-महानगरपालिकालाई ० का विरुद्ध १ गोलले हराउँदै उपाधि कब्जा गरेको हो। प्रतिस्पर्धात्मक फाइनल खेलमा काठमाडौंका स्ट्राइकर युगलकिशोर राईले उमेश उप्रेतीको लामो पासको सदपुयोग गर्दै हेडमार्फत गरेको गोलले आफ्नो टिमलाई विजय बनाएका थिए।

खेलको २५ औं मिनेटमा उक्त निर्णायक गोल भएको हो। उपाधिसँगै काठमाडौंले ४ लाख नगदका साथमा शिल्ड प्राप्त गर्‍यो भने उपविजेता ललितपुर नगरपालिकाले २ लाख नगद र शिल्ड हात पारेको छ। ललितपुर उपमहानगरपालिकाले उत्कृष्ट खेल प्रर्दशन गरे पनि गोल बराबरी गर्न सकेन।



स्ट्राइकर राजकुमार घिसिङले मध्यपुर ठिमीसँगको अघिल्लो खेलमा रेड कार्ड पाएपछि खेलमा उनको अभाव महसुस भएको थियो। घिसिङले रातो कार्ड खानु नै हाम्रो टिमका लागि दुर्भाग्य भयो, टिम कोच सुमन योञ्जनले साप्ताहिकलाई बताए। टनाटन दर्शकले ललितपुरको पक्षमै हुटिङ गरेका थिए।

प्रतियोगितामा तेस्रो हुने मध्यपुर ठिमीले १ लाख र चौथो हुने विराटनगर उपमहानगरपालिकाले ५० हजार नगद पुरस्कार प्राप्त गरे। प्रतियोगितामा काठमाडौंका प्रदीप महर्जन सर्वोत्कृष्ट खेलाडी घोषित भए। उनले ५० हजार नगद पुरस्कार पनि पाए। उत्कृष्ट मिड फिल्डर पोखराका विशन गौचन, गोलकिपर काठमाडौंका सुरेन्द्र श्रेष्ठ, फरवार्ड मध्यपुरका भरत खवास र डिफेन्डर ललितपुरका नूरराज काफ्लेले ५०-५० हजार नगद पुरस्कार हात पारे।

सोही अवसरमा फुटवल खेलमा योगदान पुर्‍याएबापत पोखराका फुटबल प्रशिक्षक दलबहादुर गुरुङलाई दोसल्ला र कदरपत्र प्रदान गरी सम्मान गरिएको थियो। समापन कार्यक्रममा २०६५ सालको चौथो अन्तरनगर फुटवल प्रतियोगिता हेटौंडामा गर्ने जानकारी गराइएको थियो। वि.सं. २०६० सालदेखि सञ्चालनमा आएको अन्तरनगरपालिका फुटवलको तेस्रो संस्करण साउन २६ गते पोखरामा प्रारम्भ भएको थियो।


काठमाडौं महानगरपालिकाले समयमै बजेट निकासा नगर्दा प्रतियोगिता सरेको थियो। प्रतियोगितामा पूर्वाञ्चलबाट धरान धनकुटा, इटहरी, विराटनगर, इनरुवा, त्रियुगा, सिराहा र लाहान तथा मध्यमाञ्चलबाट भीमेश्वर, मलंगवा, कलैया, वीरगन्ज, भरतपुर, हेटौंडा, ललितपुर, भक्तपुर, मध्यपुर, काठमाडौं, बनेपा, विदुर, भरतपुर, धुलिखेलले प्रतिस्पर्धा गरेका थिए। त्यसै गरी पश्चिमाञ्चलबाट पोखरा, तानसेन, रामग्राम, बुटवल, बाग्लुङ, वालिङ, पुतलीबजार, लेखनाथ, व्यास र पृथ्वीनाराणले प्रतिस्पर्धा गरेका थिए भने मध्यपश्चिमाञ्चलबाट त्रिभुवननगर, गुलरिया, नेपालगन्ज र वीरेन्द्रनगरले प्रतिस्पर्धा गरे। सुदूर पश्चिमाञ्चलबाट अमरगढी, महेन्द्रनगर र धनगढी सहभागी भएका थिए।

–शिव शर्मा

तस्बिर : सुदर्शन रञ्जित



## दौड र ब्याडमिन्टन प्रतियोगिता



विराटनगर- राष्ट्रिय खेलकुद परिषद्को ४४ औं वार्षिकोत्सवका अवसरमा गएको साता विराटनगरमा विभिन्न खेल प्रतियोगिता सम्पन्न भए। विभिन्न दूरीको दौडमा २ सय ६१ जना प्रतियोगी सहभागी थिए। उक्त अवसरमा जिल्ला खेलकुद विकास समिति मोरङले भ्याट्रन ब्याडमिन्टन, सडक दौड तथा कराँते आदिमा प्रतिस्पर्धा गराएको थियो।

भिजन २०२० राष्ट्रिय गौरव तथा स्वस्थ नागरिकका लागि खेलकुद भन्ने मूल नाराका साथ राष्ट्रिय खेलकुद परिषद्को वार्षिक उत्सवका अवसरमा आयोजित पूर्वाञ्चलस्तरीय ब्याडमिन्टन प्रतियोगितामा पूर्वाञ्चलका १२ टिम सहभागी थिए।

पुरुष पाँच किलोमिटर दौडमा सञ्जय उराँव प्रथम, चन्दन सरदार द्वितीय तथा गोविन्द मुडियारी तृतीय भए। दुई किलोमिटर महिला दौडमा सीता उराँव प्रथम, सपना उराँव द्वितीय तथा अपेक्षा चौधरी तृतीय भए। यसैगरी दुई किलोमिटर दौडमा पुरुषतर्फ गजेन्द्र थापा प्रथम, रोशन कामत द्वितीय तथा अजित पटेल तृतीय भए। तीन किलोमिटर महिला दौडमा लक्ष्मी उराँव प्रथम, जानकी उराँव द्वितीय तथा सपना शाही तृतीय भए। पाँच किलोमिटर खुला दौड प्रतियोगितामा भने सशस्त्र प्रहरीका मोहन कार्की, राजेन्द्र चौधरी तथा थमबहादुर राना मगर क्रमशः पहिलो, दोस्रो र तेस्रो भए।

कार्यक्रममा फुटबलको विकासमा विशेष योगदान गर्ने शिवभक्त जोशी तथा कुमार प्रधानलाई नगद पुरस्कारसहित सम्मान गरियो। यसैगरी ब्याडमिन्टनमा योगदान गरेबापत प्रणवकुमार तालुकदारलाई सम्मान गरिएको थियो। आर्थिक अवस्था कमजोर भए पनि उत्कृष्ट खेल प्रदर्शनबापत एथलेटिक्सकी रिङ्की सरदारलाई नगद ५ हजार पुरस्कार प्रदान गरिएको थियो। कराँतेको प्रदर्शनी खेलमा ६० जना खेलाडी सहभागी थिए।

–कमल रिमाल

## एङ्कल युनाइटेड विजयी

बुटवल- न्यू सिर्जना युवा क्लब टिकुलीगढ-५, करौंजिया, रूपन्देहीद्वारा सञ्चालित दोस्रो सिर्जना कप नक आउट फुटबल प्रतियोगिताको उपाधि एङ्कल युनाइटेड क्लब शान्तिनगरले जितेको छ। मंगलबार सम्पन्न फाइनल खेलमा सिम्रिक युवा क्लब कालिकानगर बुटवललाई ३-० को अन्तरले हराएको हो। एङ्कलका लागि सोम लामाले २ गोल तथा पुरन घिमिरेले १ गोल गरेका थिए। विजेता टिमले १० हजार र उपविजेताले ५ हजार नगद पुरस्कारका साथ शिल्ड प्राप्त गरेका छन्। खेल अवधिभर ८ गोल गरेका एङ्कल युनाइटेडका सोम लामा सर्वाधिक गोलकर्ता तथा सिम्रिक युवा क्लबका गोलकिपर किशोर थापा उत्कृष्ट खेलाडी घोषित भई एक-एक हजार नगद पुरस्कार प्राप्त गरे। साउन २८ गते सुरु भई १५ दिन चलेको प्रतियोगितामा आयोजक क्लबका दुई सहित जिल्लाका १६ टिमले प्रतिस्पर्धा गरेका थिए।

## टक अफ वार समिति गठन

धनकुटा- धनकुटा जिल्ला टक अफ वार समिति गठन भएको छ। नेपालीमा डोरी तान्ने खेल भनेर चिनिने यो खेलको जिल्ला अध्यक्षमा रोशन राज अमात्य (कान्छा), उपाध्यक्ष विनय प्रधान, सचिव जयन्द्र प्रधान र कोषाध्यक्षमा टीका श्रेष्ठ छन्। त्यसैगरी समितिका सदस्यमा शुक्रराज योगी, पूजन घिमिरे, विनय श्रेष्ठ र कुमार श्रेष्ठ रहेका छन्। अन्तर्राष्ट्रिय ओलम्पिकले मान्यता दिएको टक अफ वार खेल नेपालमा त्यति फस्टाउन नसकेको अवस्थामा खेललाई जगेर्ना गर्ने र यसको विकास गर्ने उद्देश्यका साथ टक अफ वार समिति गठन भएको समितिका अध्यक्ष रोशनले साप्ताहिकलाई बताए। छिट्टै धनकुटामा टक अफ वार प्रतियोगिता गराउने तयारी भैरहेको जानकारी पनि उनले दिए।

## एन्फाको प्रशिक्षण

धनकुटा- यतिखेर करिब ४० जना बालबालिका फुटबल लिएर बिहान झिसमिस ४:३० बजे नै धनकुटा टुँडिखेलमा पुगिसकेका हुन्छन्। अनि सुरु हुन्छ नियमित फुटबल अभ्यास। एन्फाको फुटबल



खेललाई दीर्घकालीन विकास गर्ने लक्ष्यअनुसार प्रत्येक जिल्लाबाट प्रत्येक वर्ष १४ वर्षभन्दामुनिका खेलाडी छनौट गरी राष्ट्रिय टिम तयार गर्ने लक्ष्यअनुरूप धनकुटामा पनि खेलाडी छनौटका लागि नियमित अभ्यास भैरहेको छ। राष्ट्रिय टिममा सामेल बालकहरू मेहनतका साथ आफ्नो खेल निर्खादै छन्। १४ वर्षभन्दा मुनिका राष्ट्रिय खेलाडी धनकुटा जिल्लाबाट छान्नका लागि जिल्ला फुटवल संघ धनकुटाले जिल्लाका विभिन्न गा.वि.स.र नगरपालिकाभित्रबाट छानेर ल्याएका ४० भन्दा बढी खेलाडीलाई अहिले राष्ट्रिय टिमका खेलाडी सुमन श्रेष्ठले दैनिक दुई घण्टा प्रशिक्षण दिइरहेका छन्।

एन्फा एकेडेमीको वार्षिक कार्यक्रमअनुसार प्रत्येक वर्षझैं यो वर्ष पनि १४ वर्षमुनिका प्रतियोगीहरूबीच प्रतिस्पर्धा गराई काठमाडौंमा हुने राष्ट्रिय टिम छनौटका लागि धनकुटामा प्रशिक्षण लिइरहेका खेलाडीहरूबीच टिम बनाई तीन चरणमा गरी खेलाडी छनौट गरिने र त्यसमा उत्कृष्ट भएका खेलाडीलाई १४ वर्षमुनिका राष्ट्रिय खेलाडी छनौटका लागि काठमाडौ लगिने प्रशिक्षक सुमनले साप्ताहिकलाई बताए। काठमाडौंको छनौट खेलमा पनि छनौट भएका खेलाडीलाई एन्फाले नै प्रशिक्षण दिने तथा खेलाडीको अन्य प्रबन्ध मिलाउने भएको छ।

–भिषा काफ्ले


## तेस्रो राष्ट्रिय (आइटीएफ) ते-क्वान्दो पाल्पामा हुने

पाल्पा– नेपाल इन्टरनेसनल ते-क्वान्दो महासंघ, पाल्पाको आयोजनामा असोजको ४ देखि ६ सम्म तेस्रो राष्ट्रिय (आईटीएफ) तेक्वान्डो चोइ मेमोरियल च्याम्पिएनसिप प्रतियोगिता हुने भएको छ। विश्व शान्ति तथा न्यायको नारा बोकेर अनुशासित, स्वस्थ एवं राष्ट्रप्रेमी खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको महासंघका जिल्ला अध्यक्ष रेवतबहादुर राना मगरले बताए। पाल्पाको तानसेनमा सञ्चालन हुने खेलमा चौधै अञ्चलका खेलाडीको प्रतिनिधित्व हुनेछ। प्रतियोगितामा पाल्पा जिल्ला र जिल्लाबाहिरका गरी ५ सय खेलाडीले भाग लिनेछन्। तानसेनको पर्यटन विकासमा सहयोग पुऱ्याउन एवं खेलाडीहरूमा उत्साह थप्न प्रतियोगिता आयोजना गर्न लागिएको महासंघका सचिव नीरबहादुर सारुले जानकारी गराए।

उक्त अवसरमा प्याटर्न, स्पायरिङ, ग्रुप स्पायरिङलगायत विभिन्न तौल समूहमा प्रतिस्पर्धा गराइनेछ। देशभरिका ११ हजार खेलाडीबाट छनौट भएका खेलाडीले यो प्रतियोगितामा सहभागिता जनाउँछन्। अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघका संस्थापक जनरल चोइ होङ ही को स्मृतिमा आयोजना गरिने खेल सम्पन्न गर्न १ सय १ सदस्यीय मूल आयोजक समिति, २७ सदस्यीय सल्लाहकार समिति तथा १६ वटा उपसमिति गठन गरिएको छ। 'सबै पक्षको सहयोग भयो भने खासै दुख हुँदैन,' अध्यक्ष रानाले भने– 'खेलाडीलाई हौसला दिन यो प्रतियोगिताले विशेष मद्दत गर्नेछ।'

–माधव अर्याल

## जन्मदिनको शुभकामना



सक्षम आचार्य
२०६० भदौ २२



प्रयाग घिमिरे
२०६२ भदौ २२



सिनिज चापागाईं
२०५७ भदौ २३



प्रियंका खड्का
२०५३ भदौ २३



प्रभात सुमन
२०५६ भदौ २४




अचिंघा अर्याल
२०५८ भदौ २४



खाबाहाङ राई
२०६३ भदौ २५



सरिना श्रेष्ठ
२०५६ भदौ २५




आविश बर्मा
२०५६ भदौ २५



मनीषा थापा
२०५६ भदौ २५




मिङसोमा अन्छेङ्बो
२०५७ भदौ २६




गृष्मा गुरुङ
२०५७ भदौ २६



हृदय धिमाल
२०५८ भदौ २६



सन्देस रेग्मी
२०५९ भदौ २६



सलोन कुँवर
२०६२ भदौ २६




साकार श्रेष्ठ
२०५८ भदौ २७



आकृति घिमिरे
२०५९ भदौ २७



शाश्वत ढकाल
२०५८ भदौ २७




स्वीकृति न्यौपाने
२०६३ भदौ २२



उत्सव न्यौपाने
२०६१ भदौ २६



सुहाङसो देवान
२०६१ भदौ २१



सर्वेश थापा
२०५९ भदौ २१



अनिमेष गुरुङ
२०६२ भदौ १९



प्रसिद्ध थापा
२०५८ भदौ २५

कुपन

### जन्मदिनको शुभकामना

नाम :..........................................................

जन्म मिति :..........................................................

स्कुल :..........................................................

ठेगाना : ..........................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।












VENTY 20


TASTE







